सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१५ भदौ २०८०, शुक्रबार (1 Sep 2023, Friday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १४१ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

ठूला दलहरू नै लिँदै छन् संघीयताको हुर्मत

पहिलो कार्यकालमा सत्ता टिकाउन थपिएका थिए २४ मन्त्रालय र ३३ मन्त्री। अहिले पनि मन्त्रालय फुटाउने तथा संवैधानिक मर्यादाविपरीत सभामुख, उपसभामुख र सभाध्यक्षलाई सरकार बनाउने/ढाल्ने प्रक्रियामा सहभागी गराउनेसम्मका गतिविधि भइसके। सुदूरपश्चिममा त भागबन्डा मिलाउन संसदीय समिति बढाउने 'सर्वदलीय सहमति' नै बनिसकेको छ।

भाग मिलाउन संसदीय समितिसमेत बढाइँदै

- भागबन्डाको झमेलाले ६ महिनापछि मात्रै सरकारले पूर्णता पायो
- नयाँ शक्तिका रूपमा उदाएको नागरिक उन्मुक्तिसमेत सत्ता बार्गेनिङमा सामेल भयो, भागबन्डा मिलाउन दुई राज्यमन्त्री थपिए
- भागबन्डा त्यतिले मात्र पुगेन, अहिले संसदीय समितिसमेत थप्ने तयारी छ, यसका लागि समिति बनाइएको छ, एक सिट मात्रै रहेको राप्रपाले संसदीय सभापति पाउने सर्तमा बजेट पारित गराउन मतदान गरेका थिए
- प्रदेश सभाका सात महिनामा एउटा पनि विधेयक पेस हुन सकेको छैन

सत्ता खिचातानीले तीनपटक विश्वासको मत


- मुख्यमन्त्री राजकुमार शर्माले नियुक्त भएलगत्तै मन्त्रालयको संख्या ८ बाट ७ मा झारे, तर सत्ता जोगाउन र भागबन्डा मिलाउन चार महिना नबित्दै फेरि मन्त्रालय ८ नै पुऱ्याए
- मुख्यमन्त्री शर्माले सत्ताको खिचातानीकै कारण तीनपटक विश्वासको मत लिइसकेका छन्

आठ महिनामा दुई मुख्यमन्त्री

- प्रदेश संरचना भए पनि संघीय सरकार र नेताहरूकै छायामा प्रदेश चलेको छ, सरकार गठन, समर्थन दिने र फिर्ता गर्ने मात्रै होइन, संसदीय समिति गठनसम्मका विषयमा निर्णय लिन मुख्यमन्त्रीसहितका प्रदेशका नेताहरू काठमाडौं धाउँछन्

भागबन्डा नमिल्दा मन्त्री ९३ दिनसम्म जिम्मेवारीविहीन

- भागबन्डा विवादकै कारण सरकारले आठ महिनापछि बल्ल पूर्णता पायो, एकजना मन्त्री त ९३ दिनसम्म जिम्मेवारीविहीन बनाइए
- सरकारले खर्च कटौतीको घोषणा गर्दै १४ बाट घटाएर मन्त्रालय ११ मा झाऱ्यो, तर भागबन्डा नमिलेपछि एउटा मन्त्रालय फुटाएर १२ पुऱ्यायो
- २१ असारमा बजेट पास गरेपछि प्रदेश सभा नै बस्न सकेको छैन, निर्वाचन भएको १० महिना बित्दा पनि संसदीय समितिका सभापति चयन हुन सकेका छैनन्



लुम्बिनीमा पनि मन्त्रालय फुटाउने तयारी

- यसअघिका मुख्यमन्त्री लीला गिरीले अल्पमतमा परे पनि सरकार छाड्न मानेनन्, बरु ठूलो दलको हैसियतमा आफैंले मुख्यमन्त्री पाउनुपर्ने दाबी गरे
- अहिलेको सत्तागठबन्धनलाई पनि भागबन्डा मिलाउनै सकस छ, चार महिना बित्दा पनि सरकारले पूर्णता पाउन सकेको छैन
- अघिल्लो सरकारले १३ बाट मन्त्रालयको संख्या १० मा झारेको थियो, तर अहिले भागबन्डा पुऱ्याउन मन्त्रालय फुटाएर ११ वा १२ बनाउने सरकारको तयारी छ, तीन मन्त्रालय मुख्यमन्त्री आफैंले राखेका छन्
- प्रदेश सभाको पहिलो अधिवेशनमा संसदीय समिति नै बनेनन्, अहिले समिति त गठन भएका छन्, तर सहमति नजुट्दा सभापति चयन अझै हुन सकेको छैन


मन्त्रालय थोरै, मन्त्री धेरै

- भागबन्डाको किचलोले पटक-पटक मन्त्रिपरिषद् विस्तार गरियो, सातपटक विस्तार गरेर दुई राज्यमन्त्रीसहित १६ सदस्यीय बनाइएको छ, एकजना अझै विनाविभागीय छन्
- ६ दल अहिले सरकारमा छन्, सबैलाई भाग पुऱ्याउन मन्त्रालय थप्ने तयारी छ
- एमाले मन्त्रिपरिषद्मा छैन, तर सरकारलाई समर्थन गरेको छ, सत्तागठबन्धन एमालेले 'च्याँखे थापेको' भनेर सशंकित छ

कोशीमा सत्ताका लागि अनैतिक खेल

- अघिल्लो सरकारले अल्पमतमा परेपछि संसद् छलेर अध्यादेशमार्फत बजेट ल्यायो
- अहिलेको गठबन्धनले सरकार बनाउन संविधान मिचेर सभामुखलाई समेत हस्ताक्षर गरायो, उपसभामुख पनि संवैधानिक दायित्व बिर्सेर सरकार ढाल्ने खेलमा लागिन्, सत्तापक्षले सरकार जोगाउन अध्यक्षता गरेका व्यक्तिलाई पनि मतदानमा सहभागी गरायो
- दलहरूका 'अनैतिक' गतिविधिले सरकार नै बजेट शून्यताको अवस्थामा पुग्यो

■ विश्लेषक र विज्ञ भन्छन्- **संघीयता आफैंमा नराम्रो होइन, वितृष्णा जगाउने काम भए**



● **लोकराज बराल**, राजनीतिशास्त्री

प्रदेश सरकार पनि संघकै राजनीतिअनुसार गाईजात्रामा लागेको छ। यो सब लेनदेनको राजनीतिले बिगारेको हो। विधि र राजनीतिक मूल्य-मान्यता केही छैन। सत्ता टिकाउन जुनसुकै हतकण्डा अपनाउन तयार छन्। यसको असर स्वयं ठूला दल र प्रदेश सरकारलाई नै पर्नेछ। दलहरूका गतिविधिले 'प्रदेश सरकारको काम छैन' भन्नेहरूको आवाज बढाइरहेको छ, जब कि संघीयता आफैंमा नराम्रो होइन।



● **खिमलाल देवकोटा**, संघीयताविद्

प्रदेशमा भइरहेको अस्थिरताको कारक प्रदेश सरकार र मुख्य दल नै भएकाले उनीहरू नै भागीदार हुनुपर्नेछ। प्रधानमन्त्रीले प्रदेशमा मन्त्रालयको संख्या १० भन्दा बढी नपुऱ्याउने प्रतिबद्धता जनाउनुभयो। तर, प्रदेशमा धमाधम मन्त्री थप्ने, राज्यमन्त्री थप्ने काम भइरहेको छ। यसले संघीयताप्रति वितृष्णा जगायो। प्रदेशमा कति मन्त्रालय हुने भनेर संविधानमै लेख्नुपर्ने भयो।

■ दलहरू भन्छन्- **त्रुटि सच्याउँदै जाने हो**



दलका नेताहरू भने संघीयता कार्यान्वयनमा केही त्रुटि भए पनि संघीयताको उत्तम विकल्प अहिले अर्को नभएको बताउँछन्। भएका त्रुटिहरू सच्याउँदै जाने उनीहरूको भनाइ छ। संघीयता संरचनाकै कारण अस्थिरता देखिएको भन्ने तर्क ठीक नभएको उनीहरूले बताएका छन्।

झापामा **चिरञ्जीवी घिमिरे**, जनकपुरधाममा **हृदिश खुद्दार**, हेटौंडामा **पोष्टराज अधिकारी**, पोखरामा **रोहितराज पराजुली**, बुटवलमा **विष्णु घिमिरे** र धनगढीमा **तेजराज भट्ट**

संघीय संरचनामाथि प्रश्न उठिरहेका वेला ठूला दलहरू नै संघीयताको हुर्मत लिन उद्यत् छन्। प्रदेश सरकारहरू गोटी बनिरहेका छन्। संघीय संरचनासहितको संविधान निर्माण गरेका दलहरूका गतिविधि प्रदेश सत्तामा पुग्न, सरकार टिकाउन र ढाल्न 'अनैतिक' खेलकुद गर्ने मात्रै होइन, संविधानमाथि बलमिच्याइँ गर्नसमेत तयार देखिन्छन्।

प्रदेशको पहिलो कार्यकालमा नियम, कानुन र विधि मिचेर सरकार गठन, मन्त्रिपरिषद्

» पृष्ठ ११ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



दुई महिनामै डेढ अर्ब नाफा सुनिश्चित गरेको आयल निगम निरन्तर मूल्यवृद्धि गर्दै



अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा खासै वृद्धि नभए पनि नेपालमा एक महिनामै तीनपटक गरेर पेट्रोल १८ रुपैयाँ र डिजेल २४ रुपैयाँ प्रतिलिटर महँगियो

(विस्तृत पृष्ठ ९)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

सुन तस्करीमा संलग्न चिनियाँ गिरोह क्रिप्टो र हुन्डीको कारोबारमा पनि



नवराज मैनाली/नयाँ पत्रिका

नेपालमा कार्गोमार्फत ठूलो मात्रामा सुन तस्करी गर्दै आएको चिनियाँ गिरोह क्रिप्टोकरेन्सी र हुन्डीको कारोबारमा पनि संलग्न रहँदै आएको प्रहरीले पत्ता लगाएको छ। सुन तस्करीलगायत आपराधिक कारोबारको लेनदेन उनीहरूले क्रिप्टो र हुन्डीमार्फत मिलाउँदै आएका थिए।

उनीहरूले सुन तस्करीको अवैध रकम वैध माध्यमबाट कारोबार गर्न नमिल्ने भएकाले क्रिप्टोमार्फत चीनमा भुक्तानी मिलाउने

» पृष्ठ ११ मा क्रमशः

अब सिआइबीसँग दुई साता मात्र समय, ३३ जनाको टिम

संगठित अपराध कसुरमा अनुसन्धानका लागि सिआइबीसँग अब करिब दुई साता मात्र समय छ। जसकारण उसले अनुसन्धानलाई तीव्रता दिएको छ। अनुसन्धानमा प्रहरी अधिकृत थप गरी बृहत् टिम बनाइएको छ। एआइजी किरण बज्राचार्य नेतृत्वको टिममा दुई डिआइजी, तीन एसएसपी तथा चार एसपी प्रत्यक्ष रूपमा संलग्न छन्। केही प्रहरी अधिकारी अनुसन्धानका लागि हङकङ र नयाँदिल्लीसमेत पुगेका छन्। अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल)को पनि सहयोग लिइएको प्रहरी प्रवक्ता डिआइजी कुबेर कडायत बताउँछन्। अन्तरदेशीय अपराध भएकाले यसमा संलग्न सबैलाई अनुसन्धानको दायरामा ल्याउने सिआइबीको प्रयास छ। नेपालमा सुन ल्याउने चिनियाँ गिरोह पक्राउ परे पनि भारत लैजाने व्यक्तिसम्म अझै प्रहरी पुग्न सकेको छैन। साथै, यसमा संलग्न नेपाली व्यापारीविरुद्ध पनि अझै बलिया प्रमाण जुटाउनै बाँकी रहेको सिआइबी स्रोत बताउँछ। दावासँगै धेरै नेपालीको सम्पर्क देखिएको र उनीहरूलाई बोलाउँदै सिआइबीले सोधपुछ गरिरहेको छ। जसमा कर्मचारी, प्रहरी, नेतादेखि विभिन्न क्षेत्रका व्यक्तिहरू छन्। बेल्जियम र नेपालको पासपोर्ट भएका दावा नेपाली महिलासँग बिहे गरी विगत पाँच वर्षदेखि लगातार नेपालमा बस्दै आएका छन्। सुन तस्करी मात्र नभई जडीबुटीदेखि डलर तस्करीसम्मको काममा उनको संलग्नता देखिएको छ।

साथै, यसअघि विद्युतीय चुरोटभित्र र गाडीको ब्रेकसुलगायतका सामानभित्र लुकाएर सुन ल्याउने समूहबीच पनि सम्बन्ध देखिएको छ। त्यसमा पनि प्रहरीले सँगै अनुसन्धान अघि बढाएको छ। चिनियाँ समूहले कम्तीमा दुई हजार केजी सुन ल्याएको सिआइबीको आकलन छ। तर, थप सुन बरामद हुन सकेको छैन। सुन निकालिएका ब्रेकसु भने बरामद भएका छन्। दुई साताभित्रै सबै अनुसन्धान पूरा नहुने भएकाले पहिलो चरणमा अनुसन्धान सकाएर पक्राउ परेकाविरुद्ध मुद्दा दायर गर्ने र अन्यको हकमा पछि अनुसन्धान गर्ने सिआइबीको तयारी छ।

कोशी सरकारको आधिकारिकता विवादमा आज सुनुवाइ

काठमाडौं/ कोशी प्रदेश सरकार गठनको विवादमाथि शुक्रबार सुनुवाइ हुँदै छ। ७ भदौमा सर्वोच्चका न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले उद्धव थापालाई मुख्यमन्त्रीमा प्राप्त विश्वासको मतलाई संविधानसम्मत मान्न नमिल्ने भन्दै दीर्घकालीन तथा नीतिगत निर्णय नगर्न कोशी सरकारका नाममा अन्तरिम आदेश जारी गरेको थियो।

थापाले प्राप्त गरेको विश्वासको मत बदरको माग गर्दै पूर्वमुख्यमन्त्री हिक्मतकुमार कार्की सर्वोच्च पुगेका थिए। कार्कीको रिटमाथि जारी अन्तरिम आदेशमा सरकारले विश्वासको मत पाएको भनी घोषणा गर्नु

» पृष्ठ ११ मा क्रमशः

निमन्त्रणा

इलेक्ट्रिक, पावर, लाइट,
कन्जुमर इलेक्ट्रोनिक्स, होम अपलायनसेस
तथा विद्युतीय सवारी साधन सम्बन्धि
बृहत अन्तराष्ट्रिय प्रदर्शनी

2nd NEPAL ELECTRIC, POWER AND LIGHTS INTERNATIONAL EXPO

Nepal Consumer Electronics & Home Appliances eXpo

NEPAL EV INTERNATIONAL SHOW
Infused with E-Mobility Technology

भाद्र १५ देखी १७ गते सम्म भृकुटीमण्डप,काठमाडौं

आज देखी सुरू निःशुल्क प्रवेश

SUPPORTED BY
GOVERNMENT OF NEPAL MINISTRY OF ENERGY, WATER RESOURCES AND IRRIGATION ALTERNATIVE ENERGY PROMOTION CENTRE
नेपाल विद्युत प्राधिकरण NEPAL ELECTRICITY AUTHORITY

KNOWLEDGE PARTNER USAID fhi360
LANYARD PARTNER Yasuda
E-COMMERCE PARTNER Daraz

JOINTLY ORGANIZED BY
mediaspace Futurex ETRIPL EVMIAN

आजदेखि सर्वसाधारणका लागि समेत खुल्दै छ तातोपानी नाका

सबैभन्दा पुरानो नाका सर्वसाधारणका लागि समेत खुला हुनु आर्थिक, कूटनीतिक एवं सामरिक हिसाबले समेत महत्त्वपूर्ण

तत्काललाई सिन्धुपाल्चोकवासीले चीन प्रवेश पाउने, अन्यका हकमा क्रमशः खुला गरिने चिनियाँ प्रतिबद्धता, बिहीबारसम्म २०३ वटा पास वितरण

कृष्ण रिजाल/नयाँ पत्रिका

नेपाल-चीनको सबैभन्दा पुरानो नाका तातोपानी कोदारी शुक्रबारदेखि सर्वसाधारणका लागि समेत खुला हुने भएको छ। आठ वर्षदेखि आयात-निर्यात मात्रै हुँदै आएको नाका मानव आवतजावतका लागि समेत खुला हुन थालेको हो।

सबैभन्दा पुरानो नाका सर्वसाधारणका लागि समेत खुला हुनु आर्थिक, कूटनीतिक एवं सामरिक हिसाबले समेत महत्त्वपूर्ण हुने अधिकारीहरूको भनाइ छ। प्रधानमन्त्री प्रचण्डको आसन्न चीन भ्रमणको अवसर पारेर तातोपानी नाका सर्वसाधारणका लागि खुला गरिएको छ।

चिनियाँ पक्षले १ सेप्टेम्बर (१५ भदौ)देखि तातोपानी नाका सर्वसाधारणका लागि समेत खुला गरिने सूचना पठाएको ल्हासास्थित नेपाली महावाणिज्यदूत नवराज ढकालले बताए। 'कोभिडयता एकतर्फी व्यापार भइरहेको यो नाकाबाट गत १ मेबाट निर्यात सुरु भएको हो। तर, मानव आवतजावतमा प्रतिबन्ध नै थियो,' उनले भने, 'नेपालले तातोपानी नाका पूर्ण

» पृष्ठ ११ मा क्रमशः



आठ वर्षपछि सर्वसाधारणका लागि आजबाट खुला हुन लागेको झकिझकाउ तातोपानी नाका। तस्बिर सौजन्य : सन्तोष श्रेष्ठ

नगर प्रहरी महानगरको मेरुदण्ड हो : बालेन

काठमाडौं/ काठमाडौं महानगर प्रमुख बालेन्द्र साह (बालेन)ले महानगरका नीति र कार्यक्रम कार्यान्वयनका लागि नगर प्रहरीको महत्त्वपूर्ण भूमिका रहेको बताएका छन् । महानगरपालिका नगर प्रहरी बलको ३१औँ दिवसमा बोल्दै प्रमुख बालेनले महानगरका सबै नीति, योजना तथा कार्यक्रम कार्यान्वयनसँग जोडिएर काम गर्ने दायित्व नगर प्रहरीको रहेको बताए । उनले यो संस्था महानगरको मेरुदण्ड रहेको बताए ।

'गएको वर्ष नगर प्रहरीको अगुवाइमा एक सय ५० रोपनीभन्दा धेरै सार्वजनिक जग्गा संरक्षण भयो, भूमिगत तलामा भएको व्यावसायिक क्रियाकलापलाई पार्किङ स्थलका रूपमा रूपान्तरण गर्न, अनधिकृत संरचना हटाएर सार्वजनिक स्थललाई सामूहिक उपयोगमा ल्याउन गरेका काम उल्लेखनीय छन्,' प्रमुख बालेनले भने । आफूले परिकल्पना गरेको सहर निर्माण गर्नका लागि नगर प्रहरीले सशक्त भूमिका निर्वाह गरेको उनले बताए । कार्यक्रममा महानगरपालिका उपप्रमुख सुनीता डंगोलले नगर प्रहरीसँग जनप्रतिनिधि र स्थानीयवासीले गरेको भरोसा कायम राख्नुपर्ने बताइन् । कार्यक्रममा बोल्दै काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले सुरक्षा निकायहरू (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग)को मुख्यालय महानगरपालिका क्षेत्रभित्रै रहेकाले सुरक्षा व्यवस्थापनका लागि महानगरपालिकाको विशिष्ट भूमिका रहने र यसमा नगर प्रहरी बलको उपस्थिति बलियो हुने बताए ।

■ सातजना नगर प्रहरी सम्मानित

कार्यक्रममा तीन विधामा सातजना नगर प्रहरीलाई सम्मान गरिएको छ । महानगर प्रहरी गौरव पुरस्कार नगर प्रहरी सहायक निरीक्षक लीला थापा क्षेत्रीलाई र उत्कृष्ट महानगर प्रहरी पुरस्कार नगर प्रहरी निरीक्षक विष्णुराज शर्मा दाहाललाई प्रदान गरिएको छ । पुरस्कार राशि क्रमशः ३० र २० हजार छ ।

१० हजार राशिसहितको महानगर प्रहरी पुरस्कारबाट पाँचजना पुरस्कृत भएका छन् । नगर प्रहरी नायब निरीक्षक कर्णबहादुर थापा, नगर प्रहरी सहायक निरीक्षक नमराज अधिकारी, नगर प्रहरी सहायक निरीक्षक अमरविक्रम कार्की, नगर प्रहरी हवल्दार सुरेश देउला र नगर प्रहरी हवल्दार रामप्रसाद भुसाललाई यो पुरस्कार दिइएको हो ।

बागदरबारको रेट्रोफिट गर्दै महानगर

चालू आर्थिक वर्षभित्रै सुरु हुने, पुरानो स्वरूप नमासिने

शान्ति तामाङ/नयाँ पत्रिका

लामो समयसम्म काठमाडौं महानगरपालिकाले मुख्य कार्यालयका रूपमा प्रयोग गरेको सुन्धारास्थित बागदरबार ०७२ सालमा गएको भूकम्पपछि जीर्ण बनेको थियो । भूकम्पपछि महानगरका अधिकांश विभाग यहाँबाट सारिएको थियो । प्रयोगमा नरहेका कारण बागदरबारका छानामा झार उम्रिएका छन् । भवनका झ्याल, भऱ्याङ, शौचालयजस्ता संरचनाहरू प्रयोग गर्न नसकिने अवस्थामा पुगेका छन् । जीर्ण यो भवन भत्काएर नयाँ बनाउने कि रेट्रोफिट (प्रबलीकरण) गर्ने भन्ने विषयमा लामो छलफलपछि महानगरले प्रबलीकरण गर्ने भएको छ ।

महानगरले भवन प्रबलीकरणको यकिन मिति नतोके पनि टेन्डर भने आह्वान गरिसकेको छ । महानगरकारका प्रवक्ता नवीन मानन्धरका अनुसार प्रबलीकरणका लागि टेन्डर आह्वान भइसकेको छ । उनले भने, 'चालू आर्थिक वर्षदेखि नै बागदरबार रेट्रोफिट सुरु हुन्छ । यसका लागि टेन्डर आह्वान पनि भइसकेको छ ।'

महानगरका तत्कालीन मेयर विद्यासुन्दर शाक्यले यो दरबार भत्काउने तयारी गरेका थिए । तर, सय वर्षभन्दा पुरानो बागदरबार भत्काउन लागेपछि सम्पदा अभियन्ता सर्वोच्च अदालत पुगेका थिए । सर्वोच्चले चैत ०७५ मा बागदरबार नभत्काउन र यसको संरक्षण गर्न सरकारका नाममा परमादेश जारी गरेको थियो । न्यायाधीशहरू अनिलकुमार सिन्हा र सपना प्रधान मल्लको संयुक्त इजलासले बागदरबारको संरचनामा थप हानि हुन नदिन पुनर्निर्माण प्राधिकरण, पुरातत्त्व विभाग र काठमाडौं महानगरपालिकाका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो । सर्वोच्चले १५ दिनभित्रै पुरातत्त्व विभागका महानिर्देशकको संयोजकत्वमा काठमाडौं



तस्बिर : संजित परियार/नयाँ पत्रिका

महानगरपालिकाका प्रतिनिधि, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रतिनिधि, काठमाडौं उपत्यका नगर विकास प्राधिकरणका पुरातत्त्वविद्, इतिहासकार, संरचनाविज्ञ, वास्तुविद्, आर्किटेक्ट, इन्जिनियरलगायत विशेषज्ञको समूह गठन गर्न परमादेश पनि दिएको थियो । इतिहासविद्का अनुसार बागदरबार सन् १८०५ मा भीमसेन थापाले निर्माण गरेका थिए । सन् १८३७ मा नेपाल सरकारले दरबार जफत गरे पनि माथवरसिंह थापाले फिर्ता लिएका थिए । सन् १९०२ मा उनको हत्या गर्दै जंगबहादुर राणाले दरबार पुनः कब्जा गरेका थिए । यो दरबार करिब १८ रोपनी क्षेत्रफलमा रहेको छ । यस दरबारलाई महानगरको सम्पदा विभागले नभई सार्वजनिक निर्माण विभागले रेट्रोफिट गर्ने भएको हो ।



■ **नवीन मानन्धर**
प्रवक्ता, महानगर

सबलीकरणका लागि टेन्डर आह्वान भइसकेको छ । चालू आर्थिक वर्षदेखि नै बागदरबार रेट्रोफिट सुरु हुन्छ ।

■ पाँच करोड बजेट विनियोजन

महानगरपालिकाले चालू आर्थिक वर्षको बजेटमै सार्वजनिक निर्माण विभागअन्तर्गत महानगरको मुख्य कार्यालय भवन बागदरबार (हरिभवन) रेट्रोफिट-सबलीकरणका लागि भन्दै पाँच करोड विनियोजन गरेको छ । यसलाई महानगरले बहुवर्षीय योजनाका रूपमा निर्माण सम्पन्न गर्ने जनाएको छ । महानगरले आर्थिक वर्ष ०७९/८० को नीति तथा कार्यक्रममा पनि साबिकको महानगरपालिकाको केन्द्रीय कार्यालय रहेको ११ नम्बर वडास्थित हरिभवन अर्थात् बागदरबार प्रबलीकरण गर्न आवश्यक प्रबन्ध मिलाइने उल्लेख गरेको थियो । तर, बजेट भने विनियोजन गरेको थिएन । तत्कालीन महानगर मेयर शाक्यले कार्यालय भवन निर्माणका लागि भन्दै बागदरबारभित्र रहेको संरचना भत्काएर नयाँ भवन बनाउने निर्णय गरेका थिए । सोहीअनुसार डिजाइनसमेत सार्वजनिक भएको थियो । सर्वत्र विरोध हुन थालेपछि शाक्य पछि हटेका थिए ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-००७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पुर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
७)	१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा दर्ता नं. २४०४१२/०७७/०७८ अन्तर्गत मिति: २०७७/०४/२७ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३ स्थित **हिरण्य ब्रदर्स इन्टरप्राइजेज प्रा.लि.** **संचालक तथा जमानीकर्ता: सुरज सिंह** स्थायी ठेगाना: कैलाली जिल्ला, मालाखेती गा.वि.स. वडा नं. ५ हालको ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १ बाबु: किशोर बहादुर सिंह बाजे: सम्सेर बहादुर सिंह	१. सुम्सेर बहादुर सिंहको नाति, किशोर बहादुर सिंहको छोरा, कैलाली जिल्ला, मालाखेती गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १ बस्ने सुरज सिंहको नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, उर्मा गा.वि.स. वडा नं ९ (हाल धनगढी उ.म.न.पा. वडा नं. १६) स्थित कित्ता नं. ६०८ को क्षेत्रफल २६८०.१०० (वर्गमिटर) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत । २. सवारी मोडल: ISUZU S-CAB च्यासिस नं.: M3GTFR54JKB000860 ईन्जिन नं.: A2A895 | सवारी दर्ता नं.: प्र ३-०१ ०२४ च २६७९ ३. हिरण्य ब्रदर्स इन्टरप्राइजेज प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	ऋणीको विवरण	**जमानीकर्ताहरुको विवरण**
	२. **सुमन सिंह** स्थायी ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म.न.पा.वडा नं १ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४, वसुन्धरा बाबु: किशोर बहादुर सिंह बाजे: सम्सेर बहादुर सिंह	१. किशोर बहादुर सिंह स्थायी ठेगाना: कैलाली जिल्ला, मालाखेती गा.वि.स. वडा नं. ५ हालको ठेगाना: कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १ बाबु: सम्सेर बहादुर सिंह बाजे: भैरव बहादुर सिंह २. सुरज सिंह स्थायी ठेगाना: कैलाली जिल्ला, मालाखेती गा.वि.स. वडा नं. ५ हालको ठेगाना:कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १ बाबु: किशोर बहादुर सिंह बाजे: सम्सेर बहादुर सिंह
	३. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा दर्ता नं. २२०१२१/०७६/०७७ अन्तर्गत मिति: २०७६/०४/१६ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३, महाराजगंज स्थित **लटिनाथ मल्टिपरपोज ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: सुरज सिंह** स्थायी ठेगाना: कैलाली जिल्ला, मालाखेती गा.वि.स. वडा नं. ५ हालको ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १ बाबु: किशोर बहादुर सिंह बाजे: सम्सेर बहादुर सिंह	१. किशोर बहादुर सिंह स्थायी ठेगाना: कैलाली जिल्ला, मालाखेती गा.वि.स. वडा नं. ५ हालको ठेगाना: कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १ बाबु: सम्सेर बहादुर सिंह बाजे: भैरव बहादुर सिंह २. सुमन सिंह स्थायी ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४, वसुन्धरा बाबु: किशोर बहादुर सिंह बाजे: सम्सेर बहादुर सिंह
	धितोको विवरण १. भैरव बहादुर सिंहको नाति, सम्सेर बहादुर सिंहको छोरा, कैलाली जिल्ला, मालाखेती गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १ बस्ने किशोर बहादुर सिंहको नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १ (हाल धनगढी उ.म.न.पा. वडा नं. १) स्थित कित्ता नं. १३५ को क्षेत्रफल ६४४.०० (वर्गमिटर) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत । २. लटिनाथ मल्टिपरपोज ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैँया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लाग्नु हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थिर भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पुर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

देवालयहरूमा दर्शनार्थीको घुइँचो

काठमाडौं/ जनैपूर्णिमा एवं रक्षाबन्धन पर्वका अवसरमा बिहीबार पशुपतिनाथलगायत देशभरका मठ-मन्दिरमा नवयज्ञोपवीत फेर्ने एवं डोरो बाँध्ने भक्तजनको घुइँचो लाग्यो । यस पर्वका अवसरमा तागाधारी समुदायले नजिकैको नदी, खोला, पोखरी, ताल, तलाउमा गई विधिपूर्वक स्नान गरेर नवयज्ञोपवीत धारण गरी डोरो बाँध्ने गर्छन् । बागमती नदीको तीरमा रहेको पशुपतिनाथ, गोकर्णेश्वर, बराहकर्णेश्वर, कुम्भेश्वरलगायत मन्दिरमा बिहानैदेखि भक्तजनको घुइँचो लागेको थियो ।

मोटरसाइकल हरायो

मिति २०८०/५/८ गते दिउँसो ३:०० देखि ६:०० बजेको समयमा ल.पु.जि.ल.पु.म.न.पा.-१८ जलविनायक फेमली कटेज एण्ड रेष्टुरेन्ट अगाडी पार्किङबाट मेरो निम्न व्यहोरा भएको रातो रंगको **200CC NS** मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : **लोकराज पन्त**
मो.सा.न. : बा. प्र. ०२-०३४ प २७१४
चेसिस न. : MD2A36FXXMCH95546
इन्जिन न. : JLXCMH92155
सम्पर्क न. : 9848834217

उपत्यकामा गाईजात्राको रौनक

मारियाना चन्द

काठमाडौं/ काठमाडौं उपत्यकामा विभिन्न कार्यक्रम गरेर गाईजात्रा मनाइएको छ । एक वर्षभित्र दिवंगत भएका आफन्तको सम्झनामा गाईजात्राका दिन गाई वा मानिसलाई गाईका रूपमा सिँगारी आ-आफ्ना क्षेत्रमा परिक्रमा गराउने र उनीहरूलाई श्रद्धालुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान गर्ने गरिन्छ । यसरी नगर परिक्रमा गर्नाले वर्षभरि मृत्यु भएका व्यक्ति गाईको पुच्छर समाई वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वास छ ।

राजा प्रताप मल्लले पुत्रशोकले विह्वल भएकी आफ्नी



रानीलाई दुनियाँले पनि यस्तै शोक व्यहोर्नुपर्छ भन्ने देखाउन 'जनतालाई आ-आफ्नो घरका मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली सहर परिक्रमा गराउनू' भनी आज्ञा दिएका आधारमा यो पर्व सुरु भएको हो । तिथि अन्योलका कारण केही ठाउँमा बिहीबार गाईजात्रा मनाइएको छ भने काठमाडौंकै केही ठाउँमा भने शुक्रबार गाईजात्रा मनाइँदै छ । उपत्यकामा बसोवास गर्ने गोरखा ताकुकोटका नेवार समुदायले बिहीबार काठमाडौंमा गाईजात्रा देखाएका छन् । गाईजात्रा मनाउने क्रममा युवाहरूको समूहले टाकटुके नाच देखाएका थिए ।

भक्तपुर नगरपालिकाले यो वर्षको गुन्हिपुन्ही (जनै पूर्णिमा) र सापारु (गाईजात्रा) एकै दिन परे पनि दुई दिन गरेर मनाउने निर्णय गरेअनुसारे बुधबार गुन्हिपुन्ही र बिहीबार सापारु मनाउने निर्णय गरेको थियो । सोहीअनुसार नगर क्षेत्रभित्र सापारु मनाइएको छ ।

■ यी स्थानमा आज गाईजात्रा निकालिँदै

काठमाडौंको बौद्ध क्षेत्रमा भने शुक्रबार गाईजात्रा मनाइँदै छ । यसका लागि तयारी पूरा भएको आयोजकले बताएको छ । ऐतिहासिक सांस्कृतिक पर्वका रूपमा मनाइँदै आएको गाईजात्रा, रोपाइँ जात्रा र घोनाई जात्रा सम्पन्न गर्नका लागि बौद्धनाथ क्षेत्र विकास समिति, काठमाडौं महानगरपालिका- ६ र बौद्ध तामाङ कल्याण गुठीको संयुक्त आयोजनामा शुक्रबार गाईजात्रा मनाइँदै छ । काठमाडौंका केही क्षेत्रमा शुक्रबार गाईजात्रा निकालिँदै छ । गाईजात्रा निकालिने हनुमानढोका क्षेत्रलगायत असन, इन्द्रचोक, मखन, मरुटोल, जैशी देवल, भीमसेनथान, लगन चोक, ब्रह्मटोल, बागेमुढा, भोटाहिटी क्षेत्रमा सवारीसाधन निषेध गरिने भएको छ । शुक्रबार यो क्षेत्रमा यातायात निषेध हुने भएकाले वैकल्पिक मार्ग प्रयोग गर्न महानगरपालिकाले अनुरोधसमेत गरेको छ ।

(प्रशिक्षार्थी)

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित
एनआईबिएल सहभागिता फण्ड
(नेपाल धितोपत्र बोर्डबाट २०७६/०१/०९ मा योजना संचालन अनुमति प्राप्त)

२०८० श्रावण मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

		२०८० श्रावण मसान्त रकम (रु.)	२०८० आषाढ मसान्त रकम (रु.)
	धितोपत्रमा लगानी		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	सूचीकृत शेयर	९८,४२,६३,१५७	८५,१०,६२,४६९
२	बैंक मुद्दती निक्षेप	२८,५०,००,०००	२८,५५,००,०००
३	ऋणपत्र /बन्ड	१४,०५,५५,४१८	१४,००,६८,८१०
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/ बोनस शेयर /अन्य सूचीकृत नभएको	१७,६५,२६,२५९	१७,६४,२१,८७३
	जम्मा	**१,५८,६३,४४,८३४**	**१,४५,३०,५३,१५२**
	चालु सम्पत्ति		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	बैंक मौज्दात	५१,७८,५१,८४६	५१,७४,५७,२५०
२	अन्य सम्पत्ति	७७,९५,०५८	२,९३,४७,५०९
	जम्मा	**५२,५६,४६,५०४**	**५४,६८,०४,७५५**
	चालु दायित्व		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	अन्य दायित्व	८,०८,९२,९७३	५३,५८,८४७
	जम्मा	**८,०८,५२,५७३**	**५३,५८,८४७**
	खुद सम्पत्ति (ग्रस)	**२,०३,७०,५८,७६५**	**१,५८,७५,१३,७५२**
	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	२५,८२,००० २,१३,६८३	६४,५१,४०३ ५,३३,९०९
	कोष सुपरिवेक्षक शुल्क		
	खुद सम्पत्ति	**२,०२,८३,०३,०८२**	**१,५८,७५,१३,७५२**
	जम्मा इकाई	१९,९५,७७,६३०	१८,६१,५४,१९३
	प्रति इकाई खुद मूल्य	**१०.१६**	**१०.६८**

आय व्यय विवरण

क्र.सं.	विवरण	२०८० श्रावण मसान्त रकम (रु.)	२०८० आषाढ मसान्त रकम (रु.)
१	प्राप्त भइ सकेको आम्दानी	९०,५७,५१२	९,८६,३७,१११
२	प्राप्त भइ नसकेको आम्दानी	(२,८८,८२,२०५)	२,१९,७७,२०१
	जम्मा आम्दानी	**(१,५८,२४,६५३)**	**१२,०६,१४,३१२**
१	प्रकाशन, सूचिकरण तथा अन्य खर्च	१,२८,३५७	२३,२३,२९३
२	योजना लेखापरीक्षण शुल्क	९,९०७	१,१३,०००
३	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	२५,८२,०००	१,७५,०६,४३७
४	कोष सुपरिवेक्षक शुल्क	२,१३,६८३	१४,४८,८०९
	जम्मा खर्च	**२५,३३,५४७**	**२,१३,५१,५३५**
	कुल आय/(व्यय)	**(२,२७,५८,६४०)**	**५,५२,२२,७७३**

नोट:
- सामुहिक लगानी कोष नियमावली, २०६७ तथा सामुहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति वमोजिम योजनाको लगानी मुल्यांकन गरिएकोछ ।
- योजनाको २०८० श्रावण मसान्तसम्मको सूचिकृत तथा सूचीकृत नभएका शेयर, डिबेन्चर तथा मुद्दती निक्षेपमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु.१,६९,२२,३६,४०९ रहेको छ ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

सि.नं.	विवरण	संख्या	मूल्यांकन रकम
	वाणिज्य बैंक समूह		
१	प्रभु बैंक लिमिटेड	८८,५५०	१४,४९५,६३५
२	कुमारी बैंक लिमिटेड	३१,७८४	५,१४९,००८
३	सिद्धार्थ बैंक लिमिटेड	६२,६६७	१६,६०६,७५५
४	ग्लोबल आईएमई बैंक लिमिटेड	७५,८१८	१६,०३५,५०७
५	नबिल बैंक लिमिटेड	६०,५४६	३५,९०३,७७८
६	प्राईम कमर्सियल बैंक लिमिटेड	९७,८२३	१८,१६५,७३१
७	माछापुच्छ्रे बैंक लिमिटेड	८९,१५८	२४,६०७,६०८
८	एनआईसी एसिया बैंक लिमिटेड	८२,५३४	६४,५३३,३३५
९	नेपाल बैंक लिमिटेड	८३,४६४	२१,१०८,०४६
१०	सनराईज बैंक लिमिटेड	२६,९८६	४,६७१,२७७
११	एनएमबि बैंक लिमिटेड	७७,०४२	१७,४११,४९२
१२	हिमालयन बैंक लिमिटेड	२३,३९२	४,८६५,५३६
१३	स्ट्यान्डर्ड चार्टर्ड बैंक लिमिटेड	५,०००	२,८१०,०००
	विकास बैंक समूह		
१	मुक्तिनाथ विकास बैंक लिमिटेड	१०७,७२२	४२,६५७,९१२
२	गरिमा विकास बैंक लिमिटेड	१०५,१२४	३९,९४७,१२०
३	महालक्ष्मी विकास बैंक लिमिटेड	३४,०८४	१०,९७५,०४८
४	ज्योति विकास बैंक लिमिटेड	४८,९८५	१५,४३०,२७५
५	मितेरी डेभलपमेन्ट बैंक लिमिटेड	५६,०१०	२१,२२७,७९०
६	कामना सेवा विकास बैंक लिमिटेड	८६,१०५	२७,१२३,०७५
७	लुम्बिनी विकास बैंक लिमिटेड	६०,०१०	२४,०२८,००४
	फाइनान्स समूह		
१	आइ.सि.एफ.सि फाइनान्स लिमिटेड	३०,१९०	१४,२४९,६८०
२	गुडविल फाइनान्स लिमिटेड	४०,८४६	१८,१७६,४७०
३	मन्जुश्री फाइनान्स लिमिटेड	२४,५४५	१२,७१४,३१०
४	रिलायन्स फाइनान्स लिमिटेड	१३,०००	४,१६०,०००
५	सेन्ट्रल फाइनान्स कम्पनी लिमिटेड	१९,२३६	६,४२४,८२४
	जलविद्युत समूह		
१	सान्जेन जलविद्युत कम्पनी लिमिटेड	१४,५८४	४,०८३,५२०
२	रसुवागढी हाईड्रोपावर कम्पनी लिमिटेड	३१,६१८	९,१०५,९८४
३	अपी पावर कम्पनी लिमिटेड	४,७५९	८४७,१०२
४	अरुण काबेली पावर लिमिटेड	४०,०२६	७,५६०,९११
५	माउन्टेन इनर्जी नेपाल लिमिटेड	१४,५१५	१३,६८७,६४५
६	साहस उर्जा लिमिटेड	४४,५००	१८,६९०,०००
७	रिडी पावर कम्पनी लिमिटेड	२५,०३५	५,०७९,६०२
८	डाडी ग्रुप पावर लिमिटेड	१०,६७३	२,१८६,८९८
	जीवन बीमा समूह		
१	लाइफ इन्स्योरेन्स कर्पोरेसन लिमिटेड	१९,३८९	२८,५९८,७७५
२	नेशनल लाईफ इन्

चीनले चिनेन नेपालको चुच्चे नक्सा : के भन्छ सरकार ?

कूटनीतिक संवाद थाल्न सरकारलाई राजनीतिक दलका नेता र विज्ञहरूको सुझाव



परराष्ट्रमन्त्री एनपी साउद भन्छन्–
वास्तवमा चीनबाट नयाँ नक्सा जारी भएको विषयमा औपचारिक जानकारी छैन। म यति भन्छु- हाम्रो नक्साप्रति हामी प्रतिबद्ध छौं। बाँकी कसले के गर्छ भन्ने कुरामा जानु आवश्यक छैन।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

चीनले नेपालको चुच्चे नक्साविनाको पुरानो नक्सा जारी गरे पनि सरकारले यसलाई तत्काल कूटनीतिक मुद्दा नबनाउने संकेत दिएको छ। औपचारिक रूपमा चिनियाँ पक्षले जानकारी नदिएकाले यसलाई कूटनीतिक तहमा मुद्दा बनाउन नपर्ने सरकारको धारणा छ।

परराष्ट्रमन्त्री एनपी साउदले नयाँ नक्साबारे सरकारलाई औपचारिक जानकारी नभएको प्रतिक्रिया दिए। 'कुन पत्रिकाले के नक्सा जारी भयो भनेर लेखेको आधारमा हामीले के प्रतिक्रिया जनाउने ?' साउदले नयाँ पत्रिकासित भने, 'वास्तवमा चीनबाट नयाँ नक्सा जारी भएको विषयमा औपचारिक जानकारी छैन। म यति भन्छु- हाम्रो नक्साप्रति हामी प्रतिबद्ध छौं। बाँकी कसले के गर्छ भन्ने कुरामा जानु आवश्यक छैन।'


प्रधानमन्त्रीको चीन भ्रमणको समय एक महिना पनि बाँकी नरहेका बेला चिनियाँ पक्षले नयाँ नक्सा जारी गरेको छ। यद्यपि, चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनविनले बुधबार बेइजिङमा आयोजित नियमित पत्रकार सम्मेलनमा 'नयाँ स्तरको राष्ट्रिय नक्सा जारी गर्नुलाई कानुनअनुसार चीनको सार्वभौमसत्तासम्बन्धी अभ्यासको नियमित प्रयोग' भएको प्रतिक्रिया दिएका छन्।

चीनको प्राकृतिक स्रोत मन्त्रालयले ११ भदौमा नयाँ नक्सा जारी गऱ्यो, जसमा नेपालको चुच्चे नक्साविनाको पुरानो नक्सा उल्लेख छ। भारतको अरुणाचल प्रदेशलाई चीनको नक्साभित्र राखिएको छ भने नेपालको कालापानीदेखि लिम्पियाधुरासम्मको भूभागलाई भारतमा राखिएको छ। बुधबार चिनियाँ मन्त्रालयले आधिकारिक वेबसाइटमा पुरानो नक्सालाई अपडेट गर्न नयाँ नक्सा जारी गरिएको उल्लेख गरेको छ। चीनको सर्भे तथा म्यापिङ कानुन लागू भएको ३०औँ वर्षको उपलक्ष्यमा नयाँ नक्सा जारी गरेको हो।

चीनको झेजियाङ प्रान्तको देछिङ काउन्टीमा सर्वेक्षण तथा नक्सा प्रचार दिवस तथा राष्ट्रिय नक्सा सचेतना प्रचार सप्ताह मनाउने क्रममा प्राकृतिक स्रोत मन्त्रालयले नक्सा जारी गरेको चाइना डेलीले जनाएको छ। ग्लोबल टाइम्सले यो नक्सा विश्वका विभिन्न मुलुक तथा चीनको राष्ट्रिय सीमाको रेखांकन विधिबाट कम्पाइल (संकलन) गरिएको उल्लेख गरेको छ।

भारत र चीनले नेपालको भूमिका विषयमा १९५४ देखि एकतर्फी निर्णय गर्दै आएका थिए। २०१५ मे १५ मा पछिल्लोपटक लिपुलेक पास खोल्ने विषयमा दुई देशले सम्झौता गरेपछि नेपालले दुवै देशलाई कूटनीतिक नोट पठाएको थियो। नेपालले नयाँ नक्सा जारी गरेपछि भारतले अस्वीकार गरेको थियो। चीनले नेपालको पुरानो नक्सा राखेर उसको नयाँ नक्सा जारी गरेको छ।

राजनीतिक दलका नेता र विज्ञले कूटनीतिक माध्यमबाट समाधान खोज्न सुझाएका छन्। एमाले विदेश विभाग प्रमुख डा. राजन भट्टराईले चुच्चे नक्साबाहेक अरू नक्सा नेपालको आधिकारिक हुन नसक्ने र नेपालले मान्यता दिन नसक्ने बताए। भट्टराईले भने, 'अहिले चीनले किन र कसरी नक्सा जारी गऱ्यो भन्ने विषयमा नेपाल सरकारले जवाफ दिनुपर्छ।'



चीनले सन् १९०३ मा जारी गरेको नक्सा (रातो भागमा नेपाल)



चीनले ११ भदौमा जारी गरेको नक्सामा नेपालको पुरानै नक्सा

■ १९०३ मै चीनले राखेको थियो चुच्चे नक्सा

चीनले सन् १९०३ मा जारी गरेको नक्सामा नेपालको चुच्चे नक्सा आत्मसात् गरेको छ। सीमाविद् बुद्धिनारायण श्रेष्ठले बेइजिङमा पुगेर संकलन गरेको नक्सामा छिन वंशका पालामै चिनियाँ नक्सामा नेपालको चुच्चे नक्सा आत्मसात गरिएको छ। 'त्यसवेला नै नेपालको नक्सालाई मान्यता दिएको चीनले अहिले आएर पुरानो नक्सा उल्लेख गर्नुलाई सामान्य रूपमा लिन मिल्दैन,' श्रेष्ठले भने, 'प्रधानमन्त्री प्रचण्डको आसन्न चीन भ्रमणको एजेन्डामा चुच्चे नक्सालाई राख्नुपर्छ।'

तर, चीनले सन् १९५४ र २०१५ मा पुरानो नक्सालाई छाडेर लिपुलेक पाससम्बन्धी भारतसँग एकतर्फी सम्झौता गरेको थियो। सन् १९५४ अप्रिल २९ मा भारत र चीनबीच कैलाश मानसरोवरका लागि लिपुलेक पासबाट आवतजावत गर्ने सहमति भएको थियो। त्यसको ६० वर्षपछि २०७२ जेठ १ गते भारत र चीनबीच लिपुलेकलाई व्यापारिक नाका बनाउने सहमति भएको थियो। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणका बेला भएको सहमतिको नेपालले भारत र चीनलाई विरोधपत्र (प्रोटेस्ट नोट) पठाएको थियो।

हामी प्रतिक्रिया दिन्छौं,' कार्कीले भने।'

पूर्वपरराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले यसलाई गम्भीर कूटनीतिक दुर्घटना भनेका छन्। 'फास्टट्र्याकबाट संविधानको अभिन्न अंग बनाइएको नेपालको नक्सा भारतद्वारा अस्वीकृत र चीनद्वारा उपेक्षित हुनु गम्भीर कूटनीतिक दुर्घटना हो,' पाण्डेले नयाँ पत्रिकासँग भने, 'आफ्नो भौगोलिक सम्प्रभुत्ता असरल्ल अनुभूत हुन थाल्दा पनि सरकार र प्रमुख दलहरूको मौनता इतिहासका लागि चिन्ताको कुरा हो।'

सीमाविद् बुद्धिनारायण श्रेष्ठले चीनलाई नेपालको नक्साबारे थाहा हुँदाहुँदै पनि नेपाललाई बेवास्ता गर्न सुरु गरेको टिप्पणी गरे। 'नेपालले चुच्चे नक्सा जारी गरेपछि संयुक्त राष्ट्रसंघ र मित्रराष्ट्रहरूलाई कूटनीतिक च्यानलबाट कभर लेटरसहित नेपालको नक्साबारे जानकारी गराउनुपर्थ्यो। यो नगर्दाको परिणाम चीनले बेवास्ता गरेको हो जस्तो लाग्छ,' उनले भने।

चीनका लागि पूर्वराजदूत राजेश्वर आचार्यले चीन भ्रमणको पूर्वसन्ध्यामा चीनबाट प्रधानमन्त्री प्रचण्डलाई उपहार आएको व्यंग्य गरे। 'नेपाल र चीनबीचको सम्बन्ध समस्याहित, तर शंकासहितको छ भन्ने यो संकेत हो,' आचार्यले भने, 'शंकाको सम्बन्धको बाछिटा सन् २०१५ मा पनि देखिएको थियो, अहिले पनि देखिएको छ। नेपाल सरकारले चीनलाई कूटनीतिक नोट पठाउनुपर्छ।'


चीनका लागि पूर्वराजदूत टंक कार्कीले नयाँ नक्साका विषयमा कूटनीतिक संवाद गर्नुपर्ने बताए। 'कूटनीतिक संवाद खोज्नुपर्छ,' कार्कीले भने।

● डा. राजन भट्टराई, विदेश विभाग प्रमुख, एमाले



हाम्रो चुच्चे नक्सा नै आधिकारिक नक्सा हो। हामी यसमा प्रतिबद्ध छौं। नक्सा जारी गरेपछि तत्कालीन सरकारले गर्नुपर्ने प्रक्रिया पूरा गरेको छ। अहिले चीनले किन र कसरी यो नक्सा जारी गऱ्यो भन्ने विषयमा नेपाल सरकारले जवाफ दिनुपर्छ।

● उदयशमशेर राणा, कांग्रेस नेता



चीनले उसको नयाँ नक्सामा हाम्रो पुरानो नक्सा जारी गरेको विषयमा नेपाल सरकारले औपचारिक कूटनीतिक माध्यमबाट समाधानका लागि प्रयास थाल्नुपर्छ।

● राम कार्की, माओवादी नेता एवं परराष्ट्र मामिला जानकार



पहिला विज्ञहरूले अध्ययन गरेर नक्सामा के-कति भूभाग नपरेको हो भन्ने निर्क्योल गरून्। त्यसपछि हामी प्रतिक्रिया दिन्छौं। यो प्राविधिक विषय भएको हुनाले पहिला विज्ञको धारणा बाहिर आओस् न।

● रमेशनाथ पाण्डे, पूर्वपरराष्ट्रमन्त्री



फास्टट्र्याकबाट संविधानको अभिन्न अंग बनाइएको नेपालको नक्सा भारतद्वारा अस्वीकृत र चीनद्वारा उपेक्षित हुनु गम्भीर कूटनीतिक दुर्घटना हो। आफ्नो भौगोलिक सम्प्रभुत्ता असरल्ल अनुभूत हुन थाल्दा पनि सरकार र प्रमुख दलहरूको मौनता इतिहासका लागि चिन्ताको कुरा हो।

■ मेयर बालेनद्वारा चीन भ्रमण रद्द

चीनले नेपालको चुच्चे नक्सालाई बेवास्ता गरेर नयाँ नक्सा जारी गरेको विरोधमा काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साहले चीन भ्रमण रद्द गरेका छन्। उनी बिहीबार चीनको पाँचदिने भ्रमणमा जाने तयारीमा थिए। 'नेपाली भूभागलाई चीनले नेपाललाई नै नसोधी भारतको देखाउनु हाम्रो संवेदनशीलतामाथि चालेको गलत कदम मानेका छौं। त्यसैले आज मेरो, चीनको निमन्त्रणामा हुँदै गरेको पाँचदिने भ्रमण नैतिकताको आधारमा नजाने निर्णय गरेको छु,' साहले सामाजिक सञ्जालमा लेखेका छन्।

■ सुर्खेतमा समाजवादी मोर्चाको सभा

अनुसन्धान गर्दै जाँदा बाटोमा प्रचण्ड देखिन्छ भने पनि नछोड भनेको छु : प्रधानमन्त्री



सुर्खेतमा **रमेश रावल**

प्रधानमन्त्री एवं माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले भ्रष्टाचारविरुद्ध चालेको कदम नरोकिने बताएका छन्। बिहीबार सुर्खेतको वीरेन्द्रनगरमा आयोजित चारदलीय समाजवादी मोर्चाको सन्देश सभालाई सम्बोधन गर्दै उनले भ्रष्टाचारविरुद्धको अभियान नरोकिने र आफ्नो-अर्को भनेर पक्षपात पनि नहुने बताएका हुन्।

सभामा उनले भने, 'भ्रष्टाचारका विरुद्ध सुशासनका पक्षमा अभियान चालिएको छ। यो रोकिनेवाला छैन। नेपाली जनताको समर्थनमा यो नयाँ अभियान हो। यसले दायाँबायाँ, तेरोमेरो हेर्नेछैन।'

सुशासनको अभियान सञ्चालन गरिएको र भ्रष्टाचारमा जोडिएको कसैलाई पनि नछोडिने उनले बताए। 'मलाई दिनु केही छैन। सरकार कति दिन चल्छ-चल्दैन, त्यो मेरो कुनै चासो छैन,' उनले भने, 'राम्रो काम गर्छु। कसले हटाउँछ, हेर्छु। केही मानिसले आफ्ना मान्छे बचाउँछ, अरू मात्रै फसाउँछ भनियो। कांग्रेस र एमालेलाई मात्रै हान्छ, आफ्ना नेतालाई छोड्छ भन्ने थियो, त्यो होइन। सिआइबीलाई अनुसन्धान गर्दै जाँदा बाटोमा प्रचण्ड देखिन्छ भने पनि नछोड भनेको छु।'

■ सरकारले सुशासनको काम गरेको छ : नेपाल

एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले सरकारले सुशासनका लागि काम गरिरहेको बताए। 'भ्रष्टाचारी आफ्ना पार्टीका हुन् वा अरू हुन्, उहाँ (प्रधानमन्त्री) सबै भ्रष्टाचारविरुद्ध लडिरहनुभएको छ,' नेपालले भने, 'यो अभियानमा सबैले साथ दिन जरुरी छ।'

दलाली, भ्रष्टाचारी र जनताको रगत-पसिना चुसिरहेकाहरू सरकारसँग डराएको उल्लेख गर्दै नेपालले भने, 'देशभक्त र इमानदार खुसी भएका छन्, लुटेरा डराएका छन्।' कम्युनिस्ट मिलेमा देश बलियो बनाउन सकिने नेपालले बताए। 'एक्लाएक्लै भएर कुनै पार लाग्दैन, एकतामा बल हुन्छ,' उनले भने। समाजवादी मोर्चा गठनले कांग्रेस डराउनुपर्ने अवस्था नरहेको नेपालले बताए। 'कांग्रेसलाई समाजवादी मोर्चा गठनले चिसो पसेको हल्ला चलाइयो। तर, यो मोर्चा गठनले कांग्रेसलाई राहत भएको छ,' उनले भने, 'यो मोर्चाले कांग्रेस फाइदा नै गर्छ।'

■ देशलाई स्वाधीन बनाउन समाजवादी मोर्चा : विप्लव

नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लवले राजनीतिक उपलब्धिको रक्षा र मुलुकलाई स्वाधीन बनाउन समाजवादी मोर्चा गठन भएको बताए। 'गणतन्त्र छ, संघीयता छ। जेसुकै नाम भए पनि पूर्णता छैन,' उनले भने, 'यसमाथि घेराबन्दी गरिएको छ। नेपाललाई पश्चगमनमा फर्काउने तत्त्व सलबलाइरहेका छन्।'

समाजवादी मोर्चा दुईवटा लक्ष्यका लागि गठन गरिएको चन्दले बताए। 'समाजवादी मोर्चा देशलाई स्वाधीन बनाउनका लागि बनाएका हौं,' उनले भने, 'राजनीतिक उपलब्धिको रक्षा गर्ने र अर्को हाम्रो देश स्वाधीन बनाउने लक्ष्य रहेको छ। जनताका सपना अझै पूरा नभएका कारण अहिले समाजवादी मोर्चा रहेको छ।'

कर्णाली स्वास्थ्य प्रतिष्ठानमा डायलाइसिस सेवा विस्तार

जुम्ला/ कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा डायलाइसिस सेवा विस्तार गरिएको छ। संघ सरकारले उपलब्ध गराएका ६ मध्ये दुईवटा डायलाइसिस मेसिन प्रयोगमा ल्याएर बिहीबारबाट सेवा सुरु गरिएको हो।

मिर्गौलापीडितलाई केन्द्रित गर्दै स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले बिहीबार औपचारिक रूपमा उद्घाटन गरेपछि डायलाइसिस सेवा सुरु भएको हो। पछिल्लो समय अस्वस्थ खानपानले मिर्गौला रोगी बढ्दै गएको मन्त्री बस्नेतले बताए।

अब यस क्षेत्रका नागरिकले जुम्लामै डायलाइसिस सेवा पाउने प्रतिष्ठानका उपकुलपति डा. मंगल रावलले बताए।

'डायलाइसिस सेवा सञ्चालन गरेका छौं। यसपछि आँखा उपचार सेवा पनि विस्तार गर्ने तयारी गरिएको छ। माथिल्लो कर्णालीमा स्वास्थ्य उपचार वृद्धि गर्नु भनेकै यहाँका नागरिकको आयु वृद्धि गर्नु हो,' उनले भने। डायलाइसिस सेवाका लागि नर्सिङ अफिसर र दुईजना स्टाफ नर्सलाई तालिम दिएर खटाइएको प्रतिष्ठानका अस्पताल निर्देशक डा. पूजन रोकायाले बताए। यसअघि सुर्खेत, नेपालगन्ज र काठमाडौं पुगेर डायलाइसिस सेवा लिनुपर्ने बाध्यता थियो।

प्रतिष्ठान शिक्षण अस्पताल जुम्लाले सिटिस्क्यान, एक्सरे, डायलाइसिस, हाडजोर्नी, नसारोग, बालरोग, स्त्रीरोग, नाक, कान, घाँटी र छाला रोगसम्बन्धी सेवा दिइरहेको छ।

पौने पाँच लाख भारु र लागुऔषधसहित एक पक्राउ

धनगढी/ प्रहरीले कैलालीको अत्तरियाबाट स्रोत नखुलेको पौने पाँच लाख भारतीय रुपैयाँ र लागुऔषध खैरो हेरोइनसहित एकजनालाई पक्राउ गरेको छ।

गोदावरी नगरपालिका- १ वनखेत बस्ने रमेशबहादुर तिरुवालाई २.१९० ग्राम लागुऔषध र पौने पाँच लाख भारतीय रुपैयाँसहित उनकै घरबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिए। घरको भित्तामा सुर्तीको कभरमा लुकाएको अवस्थामा लागुऔषध र पंखाको कार्टुनमा लुकाएको रुपैयाँ प्रहरीले बरामद गरेको हो।

हत्या आरोपमा तीनजना पक्राउ

धरान/ धरान प्रहरीले हत्या आरोपमा तीनजनालाई पक्राउ गरेको छ। आर्थिक लेनदेनको विषयमा भएको विवादमा इटहरी उपमहानगरपालिका- २ की ४४ वर्षीया यशोदा श्रेष्ठको हत्या गरेको घटनामा धरानका टेकबहादुर दर्जी र उनका दुईजना सालालाई पक्राउ गरेको हो। तर, प्रहरीले उनीहरूको नाम सार्वजनिक गरेको छैन।

घटनामा दर्जीबाहेक अन्य दुईजनाको संलग्नताबारे अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय धरानका डिएसपी नवराज मल्लले जानकारी दिए। दर्जीले आफ्नै घरमा साँझ करिब ६ बजेतिर हत्या गरे पनि राति ११ बजे मात्र प्रहरीलाई जानकारी आएको थियो। उनका दुईजना सालालाई पनि अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लिएको छ।

फुङलिङका मेयरसहित पाँच सय स्थानीयले तिर्छन् राजमार्गको मालपोत

व्यक्तिका जग्गाको बीचबाट सडक खुल्यो, तर नापीले लगत कट्टा नगरिदिँदा स्थानीय त्यसको पनि मालपोत बुझ्काउन बाध्य

केशवप्रसाद भट्टराई/नयाँ पत्रिका

ताप्लेजुङको फुङलिङ नगरपालिकाका मेयर अमिर मादेनले मेची राजमार्गको करिब सात रोपनी जग्गाको मालपोत बुझ्काइरहेका छन्। मेची राजमार्ग फुङलिङ- ५ उकालीपानीसहित नगरपालिकाका विभिन्न ठाउँमा रहेको उनको जग्गाको बीचबाट सुकेटार विमानस्थलतर्फ गएको छ। तर, ०४५ मा राजमार्ग बनाउँदा उनको सात रोपनी जग्गा पनि परेको थियो। नापीले लगत कट्टा नगरिदिँदा उनले अहिले पनि मालपोत बुझ्काइरहेका छन्। 'वार्षिक आठ हजार मालपोत बुझ्काइरहेको छु,' उनले भने।

फुङलिङ- ५ बुद्धचोकका गणेश दाहालको चार रोपनी जग्गा पनि मेची राजमार्गमा पर्छ। उनले पनि वार्षिक चार हजार आठ सय मालपोत बुझ्काइरहेका छन्। ताप्लेजुङभित्रको काबेलीदेखि सुकेटारसम्म मेची राजमार्गमा रहेका कम्तीमा पाँच सय जग्गाधनीले सडकको मालपोत तिरिरहेका छन्। सरकारले मेची राजमार्गको क्षेत्राधिकारभित्र पर्ने जग्गाको लगतकट्टा नगर्दा पालिकालाई मालपोत तिर्नुपरेको फुङलिङ नगरपालिका-७ का सुरेश निरौलाले बताए। उनको पनि १३ रोपनीमध्ये चार रोपनी जग्गा राजमार्गको सडकमा परिणत भएको छ। त्यही चार रोपनीको पनि मालपोत तिरिरहेको उनले सुनाए। कुन जग्गा सडकको र कुन व्यक्तिको भनेर मालपोत कार्यालयसँग पनि रेकर्ड छैन।

२ चैत ०७२ मा सडक डिभिजन कार्यालय इलामले नापी कार्यालयलाई पत्र लेख्दै राजमार्गअन्तर्गत काबेली-बाहनन्दे-सुकेटार सडक केन्द्रदेखि दायाँबायाँ १५/१५ मिटर लगत कट्टा गरिदिन अनुरोध गरेको थियो। तर, अहिलेसम्म लगत कट्टा भएको छैन।

जिल्ला नापी कार्यालयमा मेची राजमार्ग कतै पनि नदेखिएको कार्यालयका सूचना अधिकारी सन्तोषकुमार यादवले बताए। लगत कट्टा गरेको १४ कित्ता रहेको र सो लगत कट्टा भएको कित्ता पनि राजमार्गमा हो-होइन यकिन गर्न नसकिएको उनले बताए। 'धेरै जग्गा छ। तर, कुनचाहिँ राजमार्गको हो कसरी थाहा पाउने ?' यादवको प्रश्न छ।

मालपोत कार्यालय ताप्लेजुङका प्रमुख निर्मल शेर्पाले राजमार्गको लगत कट्टा नभएकाले राजमार्ग छोएको जग्गाको हकमा समस्या भएको बताए। त्यही भएर नयाँ जग्गापास गर्न आउनेलाई लगत गरेर मात्र जग्गापास गरिने उनले बताए। मेची राजमार्गले ताप्लेजुङमा पाथीभरा याङवरक, फुङलिङ नगरपालिकालाई जोडेको छ।



मेची राजमार्गअन्तर्गत काबेली-ताप्लेजुङ खण्ड

■ तमोर करिडोरमा पनि उस्तै समस्या

तमोर करिडोरमा पनि स्थानीयले तिरो तिर्दै आएका छन्। तमोरको क्षेत्राधिकारमा पर्ने जग्गाको लगत कट्टा नहुँदा सबैले मालपोत तिर्नुपर्ने बाध्यता छ। तमोरले फक्ताङलुङ- ३ लिङखिमका प्रेम निरौलाको करिब पाँच रोपनी जग्गा सडकमा परिणत गरेको छ। उनले सो जग्गाको पोत तिरिरहेका छन्।

तमोर करिडोरअन्तर्गत धनकुटाको मूलघाटदेखि ताप्लेजुङको ओलाङचुङगोलासम्म यो समस्या छ। तमोर करिडोरको क्षेत्राधिकार केन्द्रदेखि दायाँ-बायाँ ५०-५० मिटर छ। ०६४ देखि सुरु भएको तमोर निर्माणाधीन सडक आयोजना हो। तमोरले ताप्लेजुङमा आठराई त्रिवेणी गाउँपालिका, मेरिङदेन गाउँपालिका, फुङलिङ नगरपालिका र फक्ताङलुङ गाउँपालिकालाई जोडेको छ।

बालिका बलात्कार आरोपमा एक पक्राउ

बर्दिया/ बालिका बलात्कार आरोपमा बर्दियामा एकजना पक्राउ परेका छन् । बारबर्दिया नगरपालिका- ६ का २१ वर्षीय हरि खड्कालाई १४ वर्षीया बालिका बलात्कार गरेको आरोपमा प्रहरीले पक्राउ गरेको हो । बलात्कार आरोपी खड्काले बालिकालाई विवाह गर्ने प्रलोभनमा पारी बलात्कार गरेको आरोप छ । पीडितले बुधबार प्रहरीमा उजुरी दिएपछि घटना सार्वजनिक भएको हो ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैतिस) दिने सूचना

प्रकाशित मिति: २०८०/०५/१५

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साबिक तिनाउ मिसन डेभलपमेण्ट बैंक लि.) को शाखा कार्यालय छ्पिया, रुपन्देहीबाट सिटिजन्स मौगेज लोन -आवधिक कर्जा शिर्षक अन्तर्गतको कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने सावाँ, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने सावाँ तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण सावाँ, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने सावाँ, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्यादभित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहुन अनुरोध गरिन्छ । अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

१. कर्जा शिर्षक : सिटिजन्स मौगेज लोन -आवधिक कर्जा

ऋणीको नाम र ठेगाना		जमानीकर्ताहरुको नाम र ठेगाना	
नाम	: मिरा देवी चौधरी	१. नाम	: पप्पु थारु चौधरी
बाबु	: अष्टभुजा प्रसाद चौधरी	बाबु	: राम ब्रत थारु
पति	: राम ब्रत थारु	बाजे	: अनिरुद्र थारु
ससुरा	: अनिरुद्र थारु	स्थायी ठेगाना	: कम्हरिया गा.वि.स.-५, रुपन्देही
स्थायी ठेगाना	: कम्हरिया गा.वि.स.-५, रुपन्देही	हालको ठेगाना	: मायादेवी गा.पा.-३, रुपन्देही
हालको ठेगाना	: मायादेवी गा.पा.-३, रुपन्देही	ना.प्र.नं.	: ३७१०७०/५/८५७४
ना.प्र.नं.	: ३७-०१-७०-०५७९३	जारी मिति	: २०६४/०९/१२
जारी मिति	: २०७०/०४/१४	जि.प्र.का.	: रुपन्देही
जि.प्र.का.	: रुपन्देही		
२. नाम	: सुनिल थारु	धितो राखिएको सम्पत्तिको विवरण:	
बाबु	: राम ब्रत थारु	१. धितो सुरक्षण धनीको नाम : मिरा देवी चौधरी	
बाजे	: अनिरुद्र थारु		
स्थायी ठेगाना	: कम्हरिया गा.वि.स.-५, रुपन्देही		
हालको ठेगाना	: मायादेवी गा.पा.-३, रुपन्देही		
ना.प्र.नं.	: ३७-०१-७०-०५८३६		
जारी मिति	: २०७०/०४/१४		
जि.प्र.का.	: रुपन्देही		

जिल्ला	रुपन्देही		
न.पा./गा.वि.स.	कम्हरिया		
वडा नं/नक्सा सिट नं	९/९ क		
कि.नं.	१५६७		
क्षेत्रफल	०-१-१२-० (बिगाहा)	५४१.७३ व.मि.	
कैफियत	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत ।		

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznb ank.com, ०१-५९७००६८

एमालेको प्रदेश नेतृत्वमा केन्द्रीय नेताको रुचि

लुम्बिनीमा पौडेल र पोखरेलनिकट उम्मेदवार लबिङमा

सहमति नभए प्रतिस्पर्धा हुन्छ

■ राजेन्द्र गौतम
केन्द्रीय प्रचार विभाग प्रमुख



नेतृत्व चयनमा सहमति र चुनाव दुईवटा विधि अवलम्बन गर्नेछौं । सहमति प्रयास सफल भएन भने चुनावबाट नेतृत्व चयन हुनेछ । तर, विधानअनुसार उम्मेदवारले व्यक्तिगत प्रतिस्पर्धा गर्नुपर्नेछ । विधानले नै समूहबन्दी गरेर चुनाव लड्न प्रतिबन्ध गरेको छ ।

बुटवलमा **विष्णु धिमिरे**
काठमाडौंमा **शुरोजंग पाण्डे**

एमालेले प्रदेश कमिटी र अध्यक्षलाई शक्तिशाली बनाएका कारण प्रदेश अधिवेशनहरूमा नेतृत्व हत्याउन पोलिटब्युरो र केन्द्रीय कमिटीकै नेताले दौडधुप थालेका छन् । प्रदेश कमिटी कार्यकारी बनाएर अध्यक्षलाई पदेन पोलिटब्युरो सदस्य बनाएका कारण नेतृत्व लिन धेरैको रुचि बढेको हो । प्रदेशहरूमा अध्यक्षका आकांक्षी धेरै देखिँदा आन्तरिक सरगर्मी बढेको छ ।

प्रदेश अध्यक्षले समग्र प्रदेशको नेतृत्व र परिचालनसँगै पोलिटब्युरो र केन्द्रीय कमिटी दुवैमा रिपोर्टिङ गर्न पाउनेछन् । सोही कारण अधिकांश प्रदेशमा पोलिटब्युरो र केन्द्रीय कमिटी सदस्यले पनि अध्यक्षको आकांक्षा राखेर तयारी गरेका छन् ।

संघीय संरचनापछि एमालेले पहिलोपटक प्रदेश अधिवेशन गर्दै छ । एमालेको प्रदेश अधिवेशनमा पहिलो शनिबार लुम्बिनीबाट सुरु हुँदै छ । बुटवलमा आइतबारसम्म चल्ने प्रथम अधिवेशनको उद्घाटन अध्यक्ष केपी ओलीले गर्दै छन् ।

असोजभित्र सम्पन्न गर्ने गरी डेढमहिने अधिवेशनको कार्यतालिका सार्वजनिक गरेर एमाले प्रदेशमा नयाँ नेतृत्व चयनको प्रक्रियामा प्रवेश गर्दै छ । केन्द्रीय सचिवालयले प्रदेश अधिवेशन तयारी अगाडि बढाउन निर्देशन दिएको थियो । अधिवेशन नजिकिएसँगै आकांक्षी उम्मेदवार पनि बढेका छन् । तर, समूहगत चुनावमा जान भने रोकिएको छ ।

लुम्बिनीमा अध्यक्षका आकांक्षी खुलिसकेका छन् । अधिवेशनको सँघारमा केन्द्रीय सदस्य हरि रिजाल र अहिलेका प्रदेश अध्यक्ष राधाकृष्ण कँडेलले आकांक्षा राखेर तयारी गरेका छन् । रिजालले महासचिव शंकर पोखरेल र कँडेलले उपाध्यक्ष विष्णु पौडेलको समर्थन लिने कोसिस गरेका छन् । डाडका लक्ष्मण आचार्य पनि आकांक्षी छन् । तर, उनले रिजाललाई नै समर्थन गर्ने सम्भावना रहेको स्रोतको भनाइ छ ।

अध्यक्षका आकांक्षी रिजालले गुटविहीन तरिकाले आफ्नो उम्मेदवारी रहने बताए । 'मेरो उम्मेदवारी गुटविहीन रूपमा अध्यक्षमा रहन्छ । नेताको टुप्पो समाएर आउदिनँ, कार्यकर्ताको साथमा आउँछु,' उनले भने, 'कार्यकर्ताको साथमा नेतृत्वमा पुग्ने र प्रदेशमा पार्टीलाई मजबुत बनाउन मेरो उम्मेदवारी हुन्छ ।'

अध्यक्षका अर्का आकांक्षी कँडेलले लुम्बिनीमा एमाले पहिलो पार्टी रहेको र अझ व्यवस्थित गरी अगाडि बढाउन आफ्नो उम्मेदवारी रहने बताए । 'नीति, विचार, सिद्धान्तअनुरूप अगाडि बढ्छु, अहिले गुटका रूपमा नभएर पार्टी कार्यकर्ताको भावनाअनुरूप मेरो उम्मेदवारी रहन्छ । कार्यकर्ताका साथमा नै म अगाडी बढ्छु,' उनले भने ।

लुम्बिनीमा अध्यक्ष पदका आकांक्षी दुवैले आफूहरू कुनै गुटगत रूपमा नरहेको दाबी गरे पनि लेखक ऋषि आजाद गुटगत स्थिति देखिएको बताउँछन् । पार्टी केन्द्रमा ओलीलाई नै नेता मानेर गुटरहितको स्थिति देखिए पनि प्रदेश अधिवेशनमा गुटगत स्थिति देखिएको र महासचिव पोखरेलको भूमिका बढी देखिएको उनको ठम्माइ छ ।

एक हजार चारजना प्रतिनिधि छनोट भएका छन् । प्रतिनिधितर्फ मनोनीत गर्नेबाहेक छनोटको काम सकिएको छ । महिला ३० प्रतिशत, उत्पीडित जातिबाट १५ प्रतिशत र युवाबाट २० प्रतिशतभन्दा पनि बढी प्रतिनिधि छनोट भएका छन् ।

एमालेले लुम्बिनीमा अधिवेशनबाट दुई सय पाँचजनाको प्रदेश कमिटी चयन गर्दै छ । यसअघि अहिले केन्द्रबाटै बनेको कमिटीमा ६ सय एकजना छन् । प्रदेशका १२ जिल्लाबाट प्रतिजिल्ला पाँचजनाका दरले ६० जना, संघीय निर्वाचन क्षेत्रबाट प्रतिक्षेत्र पाँचजनाका दरले एक सय ३० जना र खुलाबाट पाँच पदाधिकारीसहित १५ जना रहने गरी दुई सय पाँचजनाको प्रदेश कमिटी चयन हुनेछ ।

प्रदेशबाट उपाध्यक्ष पौडेलसहित पदाधिकारी तहमा उपमहासचिव प्रदीप ज्ञवाली र सचिव गोकर्ण विष्ट पनि छन् । सहमतिका लागि पौडेल, पोखरेल, ज्ञवाली र विष्ट सहमत भएर अध्यक्ष ओलीलाई नै 'कन्भिन्स' गर्नुपर्ने हुन्छ । अहिले चर्चामा रहेका दुईमध्ये एकलाई 'ग्रिन सिग्नल' दिएर व्यवस्थापन गर्ने वचन दिएको अवस्थामा सम्भावित चुनाव टेरेर सदस्यबाहेक पदाधिकारीमा चुनाव हुन नहुने कतिपय नेताहरूको बुझाइ छ । केन्द्रीय सचिवालयको पछिल्लो निर्णयले प्रदेश अध्यक्षमा उम्मेदवारहरूको आकर्षण बढे पनि पार्टीले पहिलो प्राथमिकता सर्वसम्मतिमै दिएको स्थायी समिति सदस्य तथा प्रचार विभागका प्रमुख राजेन्द्र गौतमले बताए । प्रदेशका अध्यक्षसहित पदाधिकारी र सदस्यका सबै आकांक्षी पालिका तहमा हुने चुनावबाटै निर्वाचित भएर आउनुपर्ने मापदण्ड बनाएका कारण पनि पार्टीको मूल नेतृत्वले प्रतिस्पर्धालाई निषेध गर्न नहुने बलियो मत छ । त्यही कारण एमालेले अहिलेलाई सहमति र चुनाव दुवै विकल्प खुला राखेको छ ।

एमालेभित्र सिद्धान्त, नीति र कार्यक्रममा कुनै विवाद नभएकाले प्रदेश अधिवेशनहरूमा टिम निर्माण नहुने, तर कतिपय आकांक्षीले आफूलाई बलियो प्रतिस्पर्धी देखाउनका लागि मात्र रणनीतिक रूपमा मूल नेतृत्व र पदाधिकारी तहका नेताहरूसँग जोडेर प्रचार गर्न सुरु गरेको हुन सक्ने पनि गौतमले बताए ।

कुन प्रदेशमा कहिले अधिवेशन ?

- **लुम्बिनी** – १६ र १७ भदौ
- **कोसी** – १२ र १३ असोज
- **मधेस** – ५ र ६ असोज
- **बागमती** – ८ र ९ असोज
- **उपत्यका विशेष** – १९ र २० असोज
- **गण्डकी** – १५ र १६ असोज
- **कर्णाली** – १० र ११ असोज
- **सुदूरपश्चिम** – २१ र २२ असोज
- **केन्द्रीय सम्पर्क समन्वय** – (तोकिएको छैन)

कुन प्रदेशमा को-को छन् अध्यक्षको चर्चामा ?

- **लुम्बिनी प्रदेश** – राधाकृष्ण कँडेल, हरि रिजाल र लक्ष्मण आचार्य
- **बागमती** – पार्वत गुरुङ, अरुण नेपाल, महेश बस्नेत, रामेश्वर फुँयाल, कैलाश ढुंगेल, केशव पाण्डे, विजय सुवेदी, सरेश नेपाल
- **कोसी** – विशाल भट्टराई, विनोद ढकाल, घनश्याम खतिवडा, टीकाराम चेम्जोङ, तुलसी न्यौपाने
- **मधेस** – पुरुषोत्तम पौडेल, सुमन प्याकुरेल, रामदयाल मण्डल, रेवती पन्त, राजकिशोर यादव
- **गण्डकी** – मायानाथ अधिकारी, धनञ्जय दवाडी, डा. सूर्य पाठक, नवराज शर्मा, मोहन रेग्मी, कृष्ण थापा, हिरा केसी, रश्मि आचार्य, राजीव पहारी
- **कर्णाली** – विष्णु रिजाल, नीरज आचार्य, मीनबहादुर शाही, राजबहादुर बुढा, नगिन्द्र शाही, नवराज रावत, दलबहादुर रावल, ध्रुवकुमार शाही, रवीन्द्र शर्मा, राजबहादुर शाही, गुलावजंग शाह, लक्ष्मी पोखरेल, मोहन बानियाँ, भैरवसुन्दर श्रेष्ठ
- **सुदूरपश्चिम** – कृष्ण जैशी, लालबहादुर थापा, वचन सिंह

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

ICFC

कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०५/१५

यस फाइनान्सको शाखा कार्यालय, जयमंगला चितवनबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने कर्जाको बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट तरताकेता गर्दा एवं ३५ दिने कर्जाको सम्पुर्ण साँवा ब्याज चुक्ता भुक्तान गर्न तथा १५ र ७ दिने सम्पूर्ण कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री आह्वान सम्बन्धी सार्वजनिक सूचनाहरु राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्दा समेत कर्जा नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी फाइनान्सको लेना रकम असूल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । साथै सुरक्षणमा रहेको चल, अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण लेना असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ तथा सोको नियमावली २०५९ अनुसार ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरु, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । यसै सूचनालाई आधार मानी ऋणीहरु, धितो जमानत तथा व्यक्तिगत जमानी दिनुहुने व्यक्तिहरुले सो दिन अगावै फाइनान्समा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य स्थगित गरिने व्यहोरा समेत जानकारी गराईन्छ । अन्यथा, नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा सम्बन्धित सबै पक्षहरुलाई कालोसूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

१. ऋणीको विवरण	व्यक्तिगत जमानीदिनेहरुको विवरण
नाम : मिना घतानी बाबु : चन्द्र बहादुर सुनार पति : राजेश घतानी ससुरा : रामजी घतानी ना.प्र.नं. : ७०७/०३४, जि.प्र.का. चितवन, मिति : २०५६/०८/१६ ठेगाना : चैनपुर वडा नं. ५, चितवन हाल : रत्ननगर न.पा. वडा नं. १३, चितवन ।	**क) नाम : राजेश घतानी** बाबु : रामजी घतानी बाजे : मान बहादुर घतानी ना.प्र.नं. : १५९९, जि.प्र.का. चितवन, मिति : २०४४/१२/३० ठेगाना : चैनपुर वडा नं. ५, चितवन हाल : रत्ननगर न.पा. वडा नं. १३, चितवन ।
ख) नाम : रोशन घतानी बाबु : राजेश घतानी बाजे : रामजी घतानी ना.प्र.नं. : ०३६७७२, जि.प्र.का. चितवन, मिति : २०६४/०७/११ ठेगाना : चैनपुर वडा नं. ५, चितवन हाल : रत्ननगर न.पा. वडा नं. १३, चितवन ।	**ग) नाम : सपना घतानी** बाबु : राजेश घतानी बाजे : रामजी घतानी ना.प्र.नं. : ०४४९१०, जि.प्र.का. चितवन, मिति : २०६६/०२/२६ ठेगाना : चैनपुर वडा नं. ५, चितवन, हाल : रत्ननगर न.पा. वडा नं. १३, चितवन ।
धितोमा रहेको सुरक्षणको विवरण क) मालपोत कार्यालय भरतपुर, चितवनमा मिना घतानीको नाममा दर्ता कायम रहेको चितवन जिल्ला साविक पंचकन्या वडा नं. ४ स्थित, कित्ता नं. ३२१३ को क्षेत्रफल १६९.३० व.मि. को घर-जग्गा तथा त्यसमा भए गरेका अन्य निर्माणहरु, लिगलगापात समेत ।	
२. ऋणीको विवरण प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर चितवनमा प्राइभेट फर्म रजिष्टेशन ऐन, २०१४ अन्तर्गत मिति २०७५/१०/०७ मा प्रा.फ.र.नं. ८६३/०७५/०७६ भई नेपाल सरकार, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय भरतपुरबाट स्थायी लेखा नं. ६०९०९९२१८ को प्रमाणपत्र प्राप्त **घतानी सुन चाँदी पसल ।** प्रोप्राइटर : राजेश घतानी ठेगाना : रत्ननगर न.पा. वडा नं. २, चितवन ।	

व्यक्तिगत जमानीदिनेहरुको विवरण

क) नाम : राजेश घतानी बाबु : रामजी घतानी बाजे : मान बहादुर घतानी ना.प्र.नं. : १५९९, जि.प्र.का. चितवन, मिति : २०४४/१२/३० ठेगाना : चैनपुर वडा नं. ५, चितवन हाल : रत्ननगर न.पा. वडा नं. १३, चितवन ।	**ख) नाम : मिना घतानी** बाबु : चन्द्र बहादुर सुनार पति : राजेश घतानी ससुरा : रामजी घतानी ना.प्र.नं. : ७०७/०३४, जि.प्र.का. चितवन, मिति : २०५६/०८/१६ ठेगाना : चैनपुर वडा नं. ५, चितवन हाल : रत्ननगर न.पा. वडा नं. १३, चितवन ।
ग) नाम : रोशन घतानी बाबु : राजेश घतानी बाजे : रामजी घतानी ना.प्र.नं. : ०३६७७२, जि.प्र.का. चितवन, मिति : २०६४/०७/११ ठेगाना : चैनपुर वडा नं. ५, चितवन हाल : रत्ननगर न.पा. वडा नं. १३, चितवन ।	**घ) नाम : सपना घतानी** बाबु : राजेश घतानी बाजे : रामजी घतानी ना.प्र.नं. : ०४४९१०, जि.प्र.का. चितवन, मिति : २०६६/०२/२६ ठेगाना : चैनपुर वडा नं. ५, चितवन, हाल : रत्ननगर न.पा. वडा नं. १३, चितवन ।

धितोमा रहेको सुरक्षणको विवरण

क) मालपोत कार्यालय खैरहनी, चितवनमा मिना घतानीको नाममा दर्ता कायम रहेको चितवन जिल्ला साविक चैनपुर वडा नं. ३ ख स्थित, कित्ता नं. ७८२ को क्षेत्रफल ६७७.२६ व.मि. को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत ।

लिलाम बिक्री सम्बन्धी शर्तहरु :

(१) बोलपत्र फारम फाइनान्सको मुख्य कार्यालय, भाटभटेनी, काठमाडौं तथा फाइनान्सको सबै शाखा कार्यालयहरुबाट रु. १,०००।- तिरी प्राप्त गर्न सकिने छ ।

(२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् मिति २०८०/०५/२१ गते भित्र फाइनान्सको प्रधान कार्यालय, भाटभटेनी काठमाडौं वा सबै शाखा कार्यालय मध्ये कुनै एकमा प्राप्त भैसक्नुपर्नेछ र प्राप्त बोलपत्रहरु मिति २०८०/०५/२४ गते दिनको ३:०० बजे फाइनान्सको शाखा कार्यालय, जयमंगला चितवनमा बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

(३) बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सुचनामा उल्लेखित चल अचल सम्पत्ति एकमुष्ट वा अलग अलगै खरिद गर्ने गरी बोलपत्र फारम पेश गर्नुपर्ने छ । बोलपत्र फारममा आफुले लिन चाहेको चल अचल सम्पत्तिको आवश्यक विवरण प्रष्ट बुझिनेगरी भर्नुपर्ने छ ।

(४) बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा विदाको लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा विदाको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै बोलपत्र खोलिनेछ ।

(५) उल्लेखित चल अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।

(६) बोलपत्रमा आफुले सकार गरी लिन चाहेको चल अचल सम्पत्ति के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरले लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइने छ । केरमेट गरेको ठाँउमा दस्तखत गर्नुपर्नेछ र धेरै नै केरमेट भै कवुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन । आफूले कबूल गरेको रकमको कम्तीमा १०% ले हुन आउने रकम फाइनान्सको Tender Deposit Margin खाता नम्बर 9264013851014 मा धरौटी वापत नगदै जम्मा गरी सोको नगदी रसिद वा यस फाइनान्सको नाममा खिचिएको चेक वा ड्राफ्ट/पेमेन्ट अर्डर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरिएको रकमको ब्याज दिईने छैन ।

(७) नेपाल सरकारको आर्थिक नियम तथा प्रचलित कानून बमोजिम खरिद गरि लिन चाहेको चल अचल सम्पत्तिको नामसारी/दाखिल खारेज गर्दा लाग्ने कर, शुल्क, दै-दस्तुर लगायत सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ ।

(८) बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सोको जानकारी भएको मितिले ७ (सात) दिन वा फाइनान्सले तोकेको समयावधिभित्र कबोल गरेको सम्पूर्ण रकममा धरौटी राखेको रकम घटाई बाँकी रकम जम्मा गर्नुपर्नेछ । उक्त समयभित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखेको जमानत रकम फाइनान्सले जफत गर्न सक्नेछ ।

(९) रितपूर्वक पेश नभएको बोलपत्रहरु लिलाम बढाबढ प्रकृयामा समावेश गरिने छैन । बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोसिएशन गर्ने सम्पूर्ण अधिकार फाइनान्समा सुरक्षित रहनेछ ।

(१०) लिलाम बिक्री हुने चल अचल सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनु हुने महानुभावले यस फाइनान्सको शाखा कार्यालय, जयमंगला चितवनमा सम्पर्क राख्न सक्नु हुनेछ ।

(११) लिलाम बिक्री हुने भनिएको उल्लेखित सम्पत्ति कसैले सकार नगरेमा, वा शिलबन्दी बोलपत्रमा उल्लेखित रकम फाइनान्सलाई चित्त बुझ्दो नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, प्रचलित ऐन कानून तथा फाइनान्सको नीति नियम अनुसार उक्त सम्पत्ति बिक्री गर्न वा यस फाइनान्सले आफै सकार गरी सोको स्वामित्व लिन वा अन्य कुनै व्यवस्था गर्न सक्नेछ ।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२
www.icfc.com.np

मातृवियोगसँगै कलिलो काँधमा विपन्नताको भारी

मिर्गौला फेल भएर आमाको मृत्यु, बुबा बेपत्ता



गुल्मीमा **टोपलाल अर्याल**

घरको ढोकामा टुक्रुक्क बसेका नौ वर्षीय सागर नेपाली आमा गुमाएको पीडाले बेचैन थिए । घामले डढेको शरीरमा आधा बेरिएको सेतो वस्त्र, जसले देख्नेको पनि मन भतभती पोल्थ्यो ।

सागरले आमा गुमाए । त्यसमाथि संस्कारको सेतो वस्त्रका कारण बाल्यकालको स्वतन्त्रता पनि गुमाए । नौ वर्षीय बालकको काँधमा १३ दिने कठिन काजकिरिया । उनी आफ्नै विवेकले चल्ने वेला मातृवियोगको पीडामाथि संस्कारको बोझ बोकिरहेका छन् । त्यसमाथि काँधमा विपन्नताको बोझिलो भारी ।

गत ५ भदौमा आमा लक्ष्मी नेपालीको मिर्गौला फेल भएर ज्यान गएपछि सागर काजकिरियामा छन् । बुबा कृष्ण नेपाली बेपत्ता भएको तीन वर्ष भयो । ११ वर्षीय दाजु हिमालले पाँच दिनपछि किरियाको लुगा फुकाले । तर, नौ वर्षीय सागरले अहिलेसम्म किरिया कर्म गरिरहेका छन् । १७ वर्षीया दिदी मनीषाले भाइहरूको मन सम्झाइबुझाइ गरिरहेकी छिन् ।

किरिया उमेर पुगेकालाई पनि निकै कष्ट छ । त्यसैमा बालबालिकालाई मुस्किल नहुने कुरै भएन । अभिभावकविहीन गुल्मीको धुर्कोट गाउँपालिका- १ नयाँ गाउँका तीन बालबालिकाको बिचल्ली भएको छ । बाबाआमा नहुनुको पीडामाथि बालबालिकाले काजकिरियाको ठूलो बोझ बोक्नुपरेको ठूलीआमा सावित्रा नेपालीले गुनासो गरिन् ।

'ठूलो छोरा हिमालले सकेन, पाँच दिनमै कुनाबाट निस्कियो । सानो छोरा सागरले आमाको पूरै दिन किरिया गर्छु भनेर बसिरहेको छ,' उनले भनिन्, 'बाबुआमाको काख चाहिने बाबुले किरिया थेगिरहेको छ ।'


नेपाली परिवार केही वर्षसम्म तम्घास बजारमा मजदुरी गरेर बस्थ्यो । बजारबाटै श्रीमान् कृष्ण नेपाली बेपत्ता भएपछि लक्ष्मीले विभिन्न काम गरेर तीन सन्तानको भरथेग गरिन् । उनको सोही वेला एउटा मिर्गौला फेल भयो । उपचारमै नाककानका गहना बेचिन् । पत्याउनेसम्मको ऋण पनि खोजिन् । तर, केही समय रोग निको भए पनि पछिल्लो समय बल्झियो । उपचार गर्ने उपाय भएन ।

आमाको उपचारका लागि छोरी मनीषाले बुटवलमा बाल मजदुरका रूपमा काम पनि गरिन् । तर, लक्ष्मीको उपचारका लागि आवश्यक पैसा जुट्न सकेन । केही दिनअघि उनको ज्यान गएपछि अहिले तीन बालबालिकाको बिचल्ली भएको छ ।

पैसा नभएकै कारण आमाको ज्यान गएको बताउँदै किरिया खर्चसमेत आफूहरूसँग नहुँदा पीडामाथि पीडा थपिएको मनीषाले गुनासो गरिन् ।

'बाउले छोडे । आमालाई पनि बचाउन सकिएन, भाइहरूको बिजोक छ,' उनले भनिन्, 'दुःख देखेर सहयोग गर्नेहरूको पैसाले किरिया कर्म चलिरहेको छ । नेपाली परिवारको गाउँमा रुखो बारी र कच्ची ओतबाहेक केही छैन ।' मनीषाले पाँचसम्म पढेर छोडिन् । उनका भाइहरूको पढाइ पनि नियमित छैन । खाने कि पढ्ने भन्ने चिन्तामा मनीषालाई पोल्न थालेको आठ-नौ वर्षबाटै हो । जसका कारण बाल्यकालकै घरेलु कामदारका रूपमा काम गर्न बाध्य बनिन् । उनले भाइहरूसँग सीप र अर्थोपार्जन गर्ने उपाय खोजिरहेकी छिन् ।

धुर्कोट गाउँपालिका- १ का वडाध्यक्ष चेतमान कुँवरले साना बालबालिकाको बिचल्ली भएकाले संरक्षण लागि पहल गर्न विभिन्न संघसंस्थासँग आग्रह गरिरहेका छन् । स्थानीय तहका तर्फबाट र स्थानीयबाट किरियाका लागि केही खर्चको जोहो भए पनि भविष्यका लागि सबैले सहयोग गर्नुपर्ने कुँवरले बताए ।



'जवान'को ट्रेलर सार्वजनिक

शाहरूख खान अभिनीत फिल्म 'जवान'को ट्रेलर सार्वजनिक भएको छ। ट्रेलरमा शाहरूख खानको एक्सन दृश्य देखाइएको छ। एटली कुमारले निर्देशन गरेको फिल्ममा शाहरूखसँगै दीपिका पादुकोण, नयनतारा, विजय सेतुपथीलगायत कलाकारको अभिनय छ। गौरी खानले निर्माण गरेको फिल्ममा दीपिका अतिथि भूमिकामा देखिन लागेकी हुन्। फिल्म हिन्दी, तमिल, तेलगू भाषामा ७ सेप्टेम्बरदेखि प्रदर्शन हुनेछ।



'पशुपतिप्रसाद २' को 'दुई चुल्ठी बाट न'

फिल्म 'पशुपतिप्रसाद २ : भष्मे डन'को पहिलो गीत 'दुई चुल्ठी बाट न' सार्वजनिक भएको छ। गीतमा चलचित्रका मुख्य कलाकारहरू विपिन कार्की, आँचल शर्मा र निश्चल खड्काले नृत्य गरेका छन्। मेलिना राई र निशान भट्टराईको स्वर सुन्न सकिन्छ। दीपेन्द्र के खनाल निर्देशित फिल्ममा स्वस्तिमा खड्का, सौगात मल्ल, रवीन्द्रसिंह बानियाँ, माओत्से गुरुङ, प्रकाश घिमिरेलगायतको पनि अभिनय रहेको छ।

थाइराइडबाट कसरी बच्ने ?



डा. नरेश पराजुली
मधुमेह, थाइराइड तथा हर्मोन रोग विशेषज्ञ,
त्रिवि शिक्षण अस्पताल



हाम्रो शरीरमा विभिन्न ग्रन्थि हुन्छन्। घाँटीमा रुद्रघण्टीमुनि पुतली आकारको ग्रन्थि हुन्छ, त्यसलाई थाइराइड भनिन्छ। यस ग्रन्थिले थाइरोक्सिन (टी-३) र ट्राइआयोडो थाइरोनिन (टी-४) हर्मोन उत्पादन गर्छ। यी हर्मोनका कारण शरीरलाई ऊर्जा प्रदान हुन्छ। थाइराइड ग्रन्थिमा समस्या भयो भने थाइराइडको समस्या भएको मानिन्छ। हर्मोन बढी हुनुलाई हाइपर थाइराइड र हर्मोन कम हुनुलाई हाइपो थाइराइड भनिन्छ। हर्मोन बढी भएको अवस्थामा गलगाँड हुने, ग्रन्थि सुन्निने समस्या देखिन्छ। कहिलेकाहीं गाँठागुठी बनेर क्यान्सरको समस्या पनि हुन सक्छ।

कारण

थाइराइड जटिल र डराउनुपर्ने खालको समस्या होइन। यो धेरै कारणले हुन्छ। हर्मोनको कमीले गर्दा हाइपो थाइराइड देखिने समस्या बढी हुन्छ। आयोडिनको कमीले पनि यस्तो हुने गर्छ। अटो इम्युनको कारणले गर्दा पनि हुन्छ। हर्मोन कम हुँदा र बढी हुँदा फरक-फरक लक्षण देखिन्छ। हर्मोन बढी वा कम हुनु नै थाइराइडसम्बन्धी समस्या हो। सामान्यतयाः थाइराइड हर्मोनमा आउने गडबडी र इम्युन सिस्टमका कारण थाइराइड हुने गर्छ।

- **हर्मोन कम हुँदा** : शरीर आलस्य हुने, थकित हुने, महिलामा महिनावारी गडबड हुने, शरीरमा अत्यधिक मात्रामा बोसोको मात्रा बढ्ने, हाइट नबढ्ने, कपाल झर्ने, जिउ सुन्निने, फुलिने, घाँटी सुन्निने आदि।
- **हर्मोन बढी हुँदा** : हातखुट्टा काम्ने, चिर्चिट पसिना आउने, वजन कम हुँदै जाने, तौल घट्दै जाने, शरीर तातो हुने, निद्रा नलाग्ने, मुटुको धड्कन बढेजस्तो हुने आदि।

बच्ने उपाय

- थाइराइड जुनसुकै उमेरका व्यक्तिलाई पनि हुने समस्या हो। त्यसैले थाइराइड भए-नभएको जाँच गर्नुपर्छ।
- समस्या भएको छ भने नियमित औषधि सेवन गर्नुपर्छ।
- जीवनशैली परिवर्तन गर्ने, चिल्लो कम खाने गर्नुपर्छ।
- आयोडिनयुक्त नुन प्रयोग नगर्ने।
- स्वस्थकर खाना खाने गर्नुपर्छ।
- तनाव, चिन्ता र हतासलाई न्यूनीकरण गर्ने।
- अनावश्यक रूपमा एक्सरे नगर्ने, सिटिस्क्यान आदि पटक-पटक नगर्ने, धेरै चिया, कफी तथा चुरोट नपिउने, सक्रिय जीवनशैली अवलम्बन गर्नुपर्छ।
- नियमित व्यायाम गर्नुपर्छ।

उपचार विधि

- थाइराइड नराम्रो अवस्थामा छ भने शल्यक्रिया नै गर्नुपर्ने हुन सक्छ।
- परीक्षणपश्चात् थाइराइड ग्रन्थिको रोग देखिए तत्कालै विशेषज्ञ चिकित्सकको सल्लाहअनुसार उपचारमा लाग्नुपर्छ।
- आयोडिन, रेडियो एक्टिभ तथा एन्टिथाइराइड औषधि र शल्यक्रिया (हाइपर थाइराइडिज्मका लागि) र थाइराइड हर्मोन चक्की (हाइपो थाइराइडिज्मका लागि) लगायतका विभिन्न रासायनिक हर्मोनको प्रयोगले यसको प्रभावकारी उपचार हुन्छ।
- आवश्यकताअनुसार विशेष तथा लाक्षणिक उपचार हुन्छ।
- यस प्रकारको रोगबाट बच्चे एक मात्र उपाय भनेको समय-समयमा थाइराइड हर्मोनको रक्तपरीक्षण गर्ने र रोग भएमा समयमै उपचार गर्नुपर्छ।

सफल बन्न व्यक्तित्वमा ध्यान दिनुस्



रोहित मल्ल
मोटिभेसनल स्पिकर
युनिभर्सीटी अफ थ्री जेनेरेशन

व्यक्तित्व भनेको तपाईंको भित्री गुण हो, बाहिरी आवरण मात्रै होइन। व्यक्तित्वका लागि बाहिरी आवरण सानो अंश मात्रै हो। पहिरन र शृंगारले मात्र व्यक्तित्व निर्धारण गर्दैन, बरु कसरी बोल्ने, कसरी खाने, कसरी हिँड्नेलगायत कुरामा पनि आफ्नो व्यक्तित्व निर्भर हुन्छ। व्यक्तित्वमै सफलता प्राप्तिका रहस्य लुकेको हुन्छ। तसर्थ, व्यक्तित्व निर्माण अत्यावश्यक छ। उन्नति गर्न आफ्नो व्यक्तित्व प्रभावशाली बनाउनु जरुरी छ। मानिसमा इमानदारिता, सकारात्मक दृष्टिकोण, आत्मविश्वास, अनुकूलता, निष्ठा, अनुशासन, नम्रता, समानुभूति, जिम्मेवारी, विश्वसनीयता, प्रभावकारी सञ्चार, भावनात्मक स्थिरता, लचक आदि आवश्यक पर्छ। यस्ता गुण बोक्ने व्यक्तिले धेरै मानिसमा सकारात्मक र स्थायी छाप छोड्छन्।

आत्मविश्वास

सबैभन्दा पहिले तपाईंसँग आत्मविश्वास हुनुपर्छ। कहिलेकाहीं आत्मविश्वास भए पनि दोधारमा परिन्छ। हामीले धेरै सोच्न थाल्छौं। विगत र वर्तमानबारे सोचेर धेरै समय खेर फाल्छौं। तर, विगत र वर्तमान तपाईंको वशमा हुँदैन। जुन कुरा आफ्नो वशमा छैन, त्यो कुरालाई लिएर सोच्दा डर लाग्छ। जब धेरै सोच्न थाल्नुहुन्छ, तपाईंको आत्मविश्वास घट्छ।

प्रभावकारी सञ्चार

राम्रो व्यक्तित्व हुनका लागि प्रभावकारी सञ्चार आवश्यक हुनुपर्छ। पछिल्लो समयका युवापुस्ता प्रभावकारी सञ्चार गर्न सक्दैनन्। कुनै मान्छेसँग संवाद गर्नुपऱ्यो भने १० मिनेट पनि होल्ड गर्ने क्षमता हुँदैन। मान्छेसँग कसरी बोल्ने भन्ने कुराको विकास गर्न जरुरी छ।

सही गन्तव्य

हरेक मान्छेले मिहिनेत गरिरहेका नै हुन्छन्। कडा संघर्ष गर्दा पनि कतिपय मानिस सफल हुन सकिरहेका हुँदैनन्। यदि तपाईंको मार्ग गलत छ भने मिहिनेत गर्दागर्दै पनि सफल हुन सकिँदैन। तपाईंको उद्देश्य एउटा छ र तपाईं अर्कै कुरामा मिहिनेत गर्दै हुनुहुन्छ भने गन्तव्यमा पुग्न सक्नुहुँदैन। तपाईं मिहिनेती हुँदाहुँदै पनि डिरेक्सन गलत हुन सक्छ। हरेक मान्छेसँग क्वालिटी हुन्छ। आफ्नो क्षेत्र नचिनेर पनि असफल भइरहेको हुन्छ।

तपाईं कहाँ हुन चाहनुहुन्छ भन्ने कुरा स्पष्ट भएपछि तपाईं त्यहाँ कसरी पुग्ने भन्ने योजना बनाउनुपर्छ। डिरेक्सन चिन्नका लागि आफूआसपासका मान्छेसँग सल्लाह लिनुपर्छ। अग्रजको सल्लाह लिनैपर्छ।

दृढ संकल्प

कुनै कामका लागि आफैंमा दृढ संकल्प हुनुपर्छ। इमानदारिता र धैर्य पनि चाहिन्छ। कतिपय मानिस कसैको कुराले उत्प्रेरणा मिलेपछि एक हप्ता मज्जाले मिहिनेत गर्छन्, पछि निरन्तरता दिँदैनन्। कतिपयमा 'प्यासन' हुँदैन। फोकस हुँदैन। जबकि, सफलताका लागि यी गुण अनिवार्य चाहिन्छन्। दृढ इच्छाशक्ति चाहिन्छ।

नौथरी गेडागुडी मिसाएर यसरी बनाइन्छ क्वाँटी





आरबी बुढाथोकी
सु-सेफ
द सोल्टी काठमाडौं

क्वाँटी हाम्रो परम्परागत मौलिक परिकार हो। चार दिन भिजाएर टुसा उम्रेपछि मात्र पकाइने यस्ता परिकार स्वास्थ्यका लागि फाइदाजनक छ। विभिन्न थरीका गेडागुडीको टुसा उमारी पूर्णिमाका दिन क्वाँटी खाने गरिन्छ। शक्ति र स्वाद दुवै मिल्ने भएकाले पनि क्वाँटीको विशेषता छ।

क्वाँटी शब्द नेपाल भाषाको क्वाँती शब्दबाट बनेको हो, जसअनुसार क्वाँको अर्थ तातो र तीको अर्थ झोल वा सुप हो। तसर्थ, क्वाँती वा क्वाँटीको अर्थ तातो सुप भन्ने बुझिन्छ। चना, मस्याङ, मुगी, बोडी, मास, भटमास, ठूलो सिमी, ठूलो केराउ, सानो केराउ मिसाएर खाने चलन छ। यस्ता गेडागुडीको मिश्रण खानुअघि यसलाई टुसा उम्रिने गरी पानीमा भिजाउने चलन छ।

कसरी बनाउने क्वाँटी ?

क्वाँटी बनाउने तरिका समुदायअनुसार फरक-फरक हुन्छ। तर पनि काठमाडौंका स्थानीय रैथाने नेवारी समुदायले बनाउने क्वाँटीको स्वाद धेरैलाई मन पर्छ। कतिले खसीको मासु मिसाएर बनाउँछन् भने कतिले राँगाको मासु हालेर पनि पकाउँछन्। तर, सादा रूपमा बनाउँदा पनि यो निकै स्वादिष्ट र पोषिलो पनि छ। क्वाँटी अन्तर्राष्ट्रिय रूपमा चिनिएको नेपाली मौलिक सुप हो।

क्वाँटी बनाउन चाहिने सामग्री

नौथरी मिसाएको गेडागुडी एक किलो, तोरीको तेल ४० एमएल, पिसेको अदुवा-लसुन तीन चियाचम्चा, ज्वानो एक र आधा चियाचम्चा, हरियो खुर्सानी तीन पिस, ताजा गोलभेँडा दुई पिस, बेसार एक र आधा चियाचम्चा, खुर्सानीको धुलो एक चियाचम्चा, नुन स्वादअनुसार, मिक्स होल गरम मसला पाँच ग्राम, गरम मसला पाउडर आधा चियाचम्चा, प्याज दुई पिस, हरियो धनियाँ सानो एक मुठा, ताजा कुटेको जिरा धनियाँको पेस्ट एक चियाचम्चा, हिङ पिन्च, पानी आवश्यकताअनुसार थप्न सकिन्छ।

क्वाँटी बनाउने विधि

गेडागुडीलाई २४ घन्टा भिजाएर राख्ने र छानेर फेरि तीन दिनसम्म जालीमा राखी उमार्ने। बिन्स स्प्राउटजस्तो राम्ररी टुसा देखिन थालेपछि क्वाँटीका लागि उत्तम हुन्छ। प्रेसरकुकर ततaएर तेल हाल्ने र ज्वानो फुराएलगत्तै होल गरम मसला, चप ग्रिन चिल्ली, अदुवा-लसुन, काटेको प्याज हाली भुट्ने।

ब्राउन कलर देखिनासाथ बेसार, हिङ, जिरा, धनियाँ, खुर्सानी पाउडर, गरम मसला पाउडर हाली चलाउने र काटेको गोलभेँडा हाली सानो आँचमा पकाउने। उम्रेको गेडागुडी हाली राम्ररी चलाई पानी आवश्यकताअनुसार हाली उमाल्ने र स्वादअनुसार नुन हाली पकाउने। पाक्नासाथ काटेको धनियाँ हाली भुजासँग या सुपको रूपमा पनि पिउन सकिन्छ।

> क्वाँटी शब्द नेपाल भाषाको क्वाँती शब्दबाट बनेको हो, जसअनुसार क्वाँको अर्थ तातो र तीको अर्थ झोल वा सुप हो। तसर्थ, क्वाँती वा क्वाँटीको अर्थ तातो सुप भन्ने बुझिन्छ।

कम खर्चमै घर सजाउन

धेरै खर्च गर्दैमा घर राम्रो देखिन्छ भन्ने होइन। तपाईं आफ्नो सिर्जनशीलतालाई प्रयोग गरेर थोरै बजेटमा पनि घरलाई आकर्षक लुक्स दिन सक्नुहुन्छ।

भित्तामा सुन्दर रङ

तपाईंले सही रङ छनोट गर्नुभयो भने तपाईंको सानो घर पनि आकर्षक र चिटिक्क देखिन्छ। कोठाहरू पनि फराकिलो देखिन्छन्। वालपेपर पनि टाँस्न सकिन्छ। अहिले बजारमा कम मुल्यमै विभिन्न डिजाइन र रङका वालपेपरहरू पाइन्छन्।

पुरानो फर्निचर

यदि तपाईंको घरमा प्रयोग भएका फर्निचर पुरानो भएको महसुस भयो भने त्यसलाई फ्याँक्ने काम नगर्नुहोस्। सोफाको कपडा परिवर्तन गर्न सकिन्छ। पुरानो कुर्सीलाई रङ लगाएर नयाँ देखाउन सकिन्छ।

बेडरुममा च्याक

तपाईंको सुत्ने कोठा सानो छ भने ठाउँअनुसार भित्तामा सानो च्याक राख्न सक्नुहुन्छ। तपाईंले यसमा पुस्तक, मेकअपका सामानलगायतका महत्वपूर्ण सामग्री राख्न सक्नुहुन्छ।



फेन्सी लाइट

बजारमा विभिन्न किसिमका बत्ती पाइन्छन्। घरको बैठक कोठा र बेडरुममा स्ट्रिङ लाइट प्रयोग गर्न सक्नुहुन्छ। भित्तामा राख्नका लागि कम बजेटमा फेन्सी लाइटहरू किन्न सक्नुहुन्छ।

पुराना बक्स

घरमा रहेका पुराना ठूला बक्स वा कार्टुनलाई रङ लगाएर पुनः प्रयोग गर्न सकिन्छ। त्यसमाथि राम्रो कपडा वा तन्नाले राम्रो डिजाइन गरेर टेबलको रूपमा प्रयोग गर्न सकिन्छ। त्यसमा बक्समा केही फुलदानी राख्दा कोठाको सौन्दर्य अझ बढ्छ।

नेलपोलिस र कपडाको कम्बिनेसन



- रातो रङको कपडामा रातो कलरकै पालिस सुहाउँछ। त्यसमा एक्स्ट्रा गर्न चाहने हो भने सिल्बर ग्रिडर वा गोल्डेन ग्रिडर थप गर्न सकिन्छ। यो सबै रङका लुगा र सबै रङका पालिसमा म्याच हुन्छ।
- रातो अनि कालो कपडा छ भने पोलिस पनि रातो-कालो कम्बिनेसन गरेर लगाउन सकिन्छ। त्यसमा सिल्बर, गोल्डेन कलर थप गर्न सकिन्छ। चारवटा औंलामा रातो लगायो भने एउटा औंलामा सिल्बर वा गोल्डेन पनि लगाउन सकिन्छ।
- नङको साइजअनुसार डिजाइन पनि फरक हुन्छ। नङको सानो साइज छ भने धेरै डिजाइन गर्दा राम्रो देखिँदैन। नङ लामो, ठूलो छ भने आफ्नो चाहनाअनुसार डिजाइन गर्न सकिन्छ।

कार चलाउन यसरी सिक्नुस्

सवारीचालक अनुमतिपत्र प्राप्त गरेको १० वर्ष पूरा भएको व्यक्ति वा यातायात व्यवस्था विभागबाट स्वीकृति पाएको प्रशिक्षकबाट मात्रै ड्राइभिङ सिक्न आवश्यक हुन्छ। यस्ता अनुभवी प्रशिक्षकबाट सवारी चलाउन सिक्दा आवश्यक सबै आधारभूत जानकारी सजिलै मिल्छ।

पर्याप्त समय

ड्राइभिङ सिक्नका लागि पर्याप्त समय दिनुपर्छ। कहिल्यै पनि हतार गर्नुहुँदैन। धैर्य गरेर सिक्दा आत्मविश्वास बढ्छ। सामान्यतया २५ घन्टा सैद्धान्तिक र २५सै घन्टा प्रयोगात्मक रूपमा ड्राइभिङ सिक्नुपर्ने मान्यता छ। जसका लागि करिब महिनादिन आवश्यक पर्छ। यति समयमा पूर्ण रूपमा सिक्न सकिन्छ।




सुमन केसी
निर्देशक
सुमन ड्राइभिङ सेन्टर, काठमाडौं

कारबारे पूर्ण जानकारी

कार चलाउन सिक्नुभन्दा पहिले कारको बारेमा पूर्ण जानकारी लिनुपर्छ। कारमा रहेका एक्सिलेटर, ब्रेक, क्लच, स्टेरिङ, गियर, लाइट, पावरजस्ता विषयको जानकारी अपरिहार्य छ। कुन पार्टले के काम गर्छ भन्ने कुरा पहिले नै थाहा पाएर चलाउन सिक्दा सजिलो र सुरक्षित हुन्छ।

बसाइ

पहिलोपटक कारको सिटमा बस्दा असहज महसुस हुन सक्छ। सबैभन्दा पहिला बसाइको व्यवस्थापन गर्न आवश्यक हुन्छ। यसबाहेक सिकारूमा गाडीको साइज सडकजत्तिकै छ भन्ने पनि भान पर्न सक्छ। तसर्थ, गाडीको साइजबारे पहिले नै जानकारी हुनुपर्छ।



ध्यान केन्द्रित

कार चलाउन सिक्दा प्रशिक्षकले भनेको कुरा अनुशरण गर्न आवश्यक छ। आफूले सवारी चलाउने सडकका विषयमा पूर्ण जानकारी लिनुपर्छ। कारमा रहेका ऐना मिलाउनुपर्छ। जसले आफूपछाडिको वस्तुस्थिति हेर्न सजिलो हुन्छ। साथै, कुन पार्ट चलाउँदा के हुन्छ भन्ने कुरामा विशेष ध्यान दिनुपर्छ। कार सिक्दा सधैं शान्त रहनुपर्छ। अरूतिर ध्यान दिने, प्रशिक्षकसँग अनावश्यक विषयमा कुरा गर्नुहुँदैन।

अस्पतालको झ्यालबाट समाजवाद खोज्दै

संविधानमा समाजवाद लेख्दा हाम्रा नेताले कि समाजवादको अर्थ बुझेका थिएनन्, कि उनीहरू नागरिकलाई ढाँटिरहेका थिए



● मिलन पाण्डे
समय-सापेक्ष

अघिल्लो महिना रातको समयमा हिँड्दाहिँड्दै खाल्टोमा देब्रे खुट्टा पऱ्यो। म त्यहीं बेहोस भएछु। साथीहरूले नजिकै रहेको सिभिल अस्पताल पुऱ्याएछन्। खाल्टोमा पर्दा शरीरको असन्तुलनले मेरो खुट्टा भाँचिएछ। घुँडाको तल हड्डी धसिएकाले अप्रेसन गर्नुपर्ने भयो। अप्रेसन पनि भयो। जीवनमा भगवान्को कृपाले कहिल्यै अस्पताल नबसेको म २३ दिन अस्पताल बस्नुपऱ्यो। अस्पताल बस्नुको कारण खुट्टा भाँचिनु मात्र थिएन, एकदमै कम बिरामीमा देखिने 'कम्पार्टमेन्ट सिन्ड्रोम'समेत मलाई भएछ। घुँडा भाँचिँदा त्यसभन्दा तलको मासुमा धेरै चाप भएर, चाप घटाउन फेरि अप्रेसन गरियो। चारचोटि अप्रेसन गरेर म २३ दिनपछि अस्पतालबाट फर्किएँ। अब केही महिना आराम गर्नुपर्छ र खुट्टा पहिलेजस्तै हुन अझै केही समय लाग्छ। तर, ती २३ दिनमा स्वास्थ्य अवस्थाबाहेक पनि मेरा मनमा धेरै प्रश्न उठे। यो लेख एउटा साधारण लेख मात्र होइन, एउटा आमनागरिकले अस्पतालबाट गरेको प्रश्न पनि हो।

मेरो जस्तो दुर्घटना जसलाई जुनसुकै वेला पनि हुन सक्छ। यदि एउटा आमनागरिक दुर्घटना भएर ६ महिना आराम गर्नुपर्ने भयो भने उसको गुजारा कसरी चल्ला ? घरमा एकजना बिरामी हुँदा पूरै परिवारको जीवन, व्यवसाय र अफिस डामाडोल हुन्छ। एउटा आममानिस अस्पताल बस्दा लाग्ने लाखौँ खर्च उसले कसरी जुटाउँछ ? अहिले अस्पतालको विश्वसनीयतामै आमनागरिकमा ठूलो प्रश्न छ। झन् सरकारी अस्पतालको व्यवस्थापन र स्वास्थ्यकर्मीको व्यवहारले पनि आमनागरिकमा सरकारी अस्पतालप्रति विश्वास छैन। यही सिलसिलामा एउटा ठिक्कको निजी अस्पतालमा एउटा सामान्य अप्रेसन गर्नुपऱ्यो भने दुई-तीन लाखभन्दा घटीले पुग्दैन। १०-१५ दिन अस्पताल बस्दा आठ-दश लाख सकिनु सामान्य भइसकेको छ। यस्तो अवस्थामा एउटा नागरिकले कसरी खर्च गर्न सक्छ। ४० हजार महिनाको कमाउने (नेपालको प्रतिव्यक्ति आय महिनाको १५ हजार हाराहारी छ) आमनागरिकले कसरी कोठाभाडा तिरेर, दुईजना बच्चालाई स्कुल पठाएर, यो महँगीमा गुजारा चलाउन सक्छ ?

दोम्रो कुरा, यदि ६ महिना अफिस जान सकेन भने उसको परिवारको अवस्था के होला ? अस्पतालमै छोराछोरीको स्कुलबाट आएको दसौँ हजारको बिल महिनाको अन्तिमसम्म तिर्न गरिएको धम्कीपूर्ण नोटिस, घरबेटीले घरभाडा मागेको श्रीमतीको सन्देश र औषधि उपचारको एउटा साधारण मानिसले कसरी व्यवस्थापन गर्न सक्छ ? निजी संस्थाहरूले कर्मचारीको जिम्मेवारी लिँदैनन् र राज्यले समेत वास्ता नगर्ने हुँदा उसको जीवन कसरी अगाडि बढ्ला ?

यदि दिनको दश-बाह्र घन्टा काम गरेर आफ्नो उपचार पनि गर्न सकिँदैन, परेको खण्डमा ६ महिना आराम गर्दा पनि आफ्नो पेसागत र आर्थिक रूपमा ग्यारेन्टी हुन्न भने हामी कस्तो जीवन बाँच्न बाध्य छौं ? यहींनेर अर्को महत्त्वपूर्ण प्रश्न उठ्छ, यदि मेरो स्वास्थ्य र मेरा छोराछोरीको जिम्मा लिने अरू कुनै देश छ भने म यो देशमै किन बस्ने ? धेरै राष्ट्रवादी हामी कोही पनि बन्न आवश्यक छैन। यहाँ उल्लेख गरिएको 'म' पात्र अधिकांश नेपालीको प्रतिनिधि हो।

मेरो एकजना पार्टीकै साथी हाल बेलायतमा छिन्। उनी त्यहाँ किन छिन्, थाहा छ ? किनकि, त्यहाँको स्वास्थ्य सेवा राम्रो छ र उनी आफ्नो परिवारको बिरामी सदस्यलाई राम्रो स्वास्थ्य सेवा दिन मन मारेर त्यहाँ बसेकी छिन्। म विभिन्न देशमा जाँदा त्यहाँका नेपालीलाई सोध्ने गर्छु, नेपाल फर्कने होइन ? लगभग सबैको उत्तर हुन्छ, नेपालमा राम्रो शिक्षा छैन। छोराछोरी यतै पढून्। नेपालमा राम्रो स्वास्थ्य सेवा छैन, बरु आमाबुबालाई पनि यतै ल्याउनुपर्ला।

चर्चित पत्रकार सुमन खरेलले आफ्नो कार्यक्रममै नेपाल छाडेर बेलायत फर्किन लागेको बताउनुभएको थियो। उहाँले दिएको कारण थियो- 'मेरी छोरी फरक क्षमताकी हुनुहुन्छ। छोरीलाई काठमाडौंमै पढाउन राम्रो स्कुल छैन। बेलायतमा त्यो सबै सुविधा छ। शिक्षा र स्वास्थ्य राज्यको दायित्व रहन्छ। यदि अभिभावकलाई केही भयो भने पनि मेरो सन्तानलाई राज्यले हेर्छ भन्ने विश्वास हुन्छ। मेरी छोरीलाई न्याय गर्न पनि म फर्कनुपर्नेछ।'

आज वा भोलि यो हरेक नेपालीको बाध्यता बन्दै गएको छ। देशको माया छ, तर राष्ट्रियतासँगै हरेक नागरिकका परिवारप्रति दायित्व पनि त छ। आज व्यक्तिगत र पारिवारिक दायित्वले नागरिक थिचिएका छन्। बाध्य छन्। राज्यले नागरिकको आधारभूत आवश्यकतालाई बुझ्दैन भने त्यो राज्य किन चाहियो ? एउटा ओपन सिक्रेटबारे पनि यहीं बहस गरौं। एउटा माथिल्लो तहको सरकारी कर्मचारी, जसले महिनाको ५० हजार कमाउँछ, उसले घरभडा तिरेर, दुई बच्चालाई ठिकठाकको स्कुलमा पढाएर, यो महँगीमा दुई छाक खाएर बाँच्न कसरी सम्भव छ ? यहाँ दुईवटा दृश्य छ, पहिलो यदि ऊ इमानदार छ भने उसले निकै कष्टकर जीवन बिताउँदै छ, जसको ऊ हकदार छैन। यदि ऊ इमानदार छैन भने उसले सीधा वा घुमाएर भ्रष्टाचार गर्दै छ। सरकारी अस्पतालको झ्यालबाट २३ दिनमा मैले धेरै कुरा देखें। मनमा धेरै कुरा खेल्यो। आफ्ना चार वर्षीय छोरा गुमाएर रातभरि रोइरहेकी आमाको पीडाले अस्पतालमा क-कसलाई छोयो थाहा छैन। तर, मलाई भने पिरोल्यो।



> सामान्य भाषामा समाजवादले सक्ने अनि हुनेले मात्र होइन, सबैले बाँच्न पाउनुपर्छ भन्छ। राज्यले सबैलाई गरिखान सक्ने बनाउनुपर्छ भन्छ। यत्ति पनि नबुझ्ने नेताहरू कसरी समाजवादी हुन सक्छन् ? यदि बुझ्नेका छन् भने यत्तिका वर्षमा समाजवादका निम्ति के गरे ?

अस्पतालमा मलाई भेट्न आउने मानिस प्रायः म सरकारी अस्पताल बसेकाले पो समस्या देखिएको हो कि भनेर मेरो सरकारी अस्पतालको बसाइप्रति असन्तुष्टि र सरकारी अस्पतालप्रति अविश्वास व्यक्त गर्थे। रौतहटबाट उपचार गर्न आएका नागरिकको कथा होस् वा अस्पतालकै अधिकांश नर्याँ नर्स र डाक्टर नेपाल बस्न नचाहेको व्यथा, मेरा लागि अस्पताल बसाइ मेरो स्वास्थ्यसँग मात्र जोडिएको थिएन।

तर, मैले त्यो २३ दिनमा अस्पतालमा सबैभन्दा बढी खोजेको भनेको समाजवाद हो। म समाजवादी हो वा होइन, मलाई थाहा छैन। यहाँ विभिन्न टोपी लगाएर समाजवादी कहलिएकाबीच मलाई धेरै खरानी घस्नु पनि छैन। तर, अस्पताल बस्दा मैले आफूलाई समाजवादी भन्ने नेताहरूलाई खुब सम्झिएँ। जसले संविधानमा समाजवाद लेखे। पार्टीको दस्ताबेज र घोषणापत्रमा समाजवाद लेखे। कार्यकर्ता उचालेर आन्दोलन गरे। युद्ध लडे। तर, समाजवाद ल्याउन सकेनन्। ल्याउन त परैको कुरा, आफूले के भन्न खोजेको हो, आफ्नालाई नै बुझाउनसमेत सकेनन्। बरु के बुझाए भने समाजवाद भनेको 'चर्को नारा दिने, भोट ल्याउने, सत्तामा पुग्ने, जीवनभर कुनै रोजगारी नगर्ने, आफ्ना छोराछोरीलाई काठमाडौंकै महँगा स्कुलमा पढाउने अनि स्वास्थ्यमा केही समस्या आए भारत, चीन वा सिंगापुर जाने' भन्ने बुझाए र समाजवादको हत्या गरे।

आज हाम्रो देशमा भ्रष्टाचार मौलाउनु, बेरोजगारी बढ्नु, बिदेसिनु आदिको कारण खोज्दै जाने हो भने अन्तिममा गएर शिक्षा अनि स्वास्थ्यमै ठोकिन्छ। नेपालको संविधानमै समाजवादउन्मुख भनेर उल्लेख त गरिएको छ, तर संविधानमा समाजवाद लेख्दा नेताहरूले कि समाजवादको अर्थ बुझेका थिएनन्, कि उनीहरू नागरिकलाई ढाँटिरहेका थिए। कि उनीहरू समाजवाद ल्याउन अक्षम छन्, कि उनीहरू समाजवादबारे बोल्दा र लेख्दा 'झ्याप' थिए। यीबाहेक अर्को पाँचौं अवस्था हुनै सक्दैन। त्यसैले कि समाजवाद गलत हो, कि यी समाजवादी कहलिएका नेता गलत हुन्।

सामान्य भाषामा समाजवादले सक्ने अनि हुनेले मात्र होइन, सबैले बाँच्न पाउनुपर्छ भन्छ। राज्यले सबैलाई गरिखान सक्ने बनाउनुपर्छ भन्छ। यत्ति पनि नबुझ्ने नेताहरू कसरी समाजवादी हुन सक्छन् ? यदि बुझ्नेका छन् भने यत्तिका वर्षमा समाजवादका निम्ति के गरे ? यदि बुझ्नेका छन् अनि केही गर्न सकेनन् भने अक्षम भए कि भएनन् ? अक्षम हुन् भने उनीहरूलाई अब बिदा गर्ने कि नाइँ ? बिदा हुन मानेनन् भने लखेट्ने वेला अझै भएको छैन र ? समाजवाद सबैलाई शिक्षा अनि स्वास्थ्यमा समान पहुँच दिएर मात्र प्राप्त गर्न सकिन्छ। समाजवाद शिक्षा अनि स्वास्थ्यमा समेत लागू भएको छैन भने केमा चाहिँ लागू गर्न खोजिएको हो त ? शिक्षा अनि स्वास्थ्यको समेत दलाली गर्ने कस्तो समाजवादको परिकल्पना हो यो ? साम्यवाद अनि समाजवादकै नारा बोकेर हिँड्ने नेताहरूसँग आज त्यही समाजवादका न्यूनतम आधारका लागि जनता नै लड्नुपर्ने दिन आउनु हालको राजनीतिको अन्त्येष्टि भएबराबर हो। यो ओली, प्रचण्ड र देउवा युगको अन्त्य पनि हो।

विश्व बैंकको सन् २०२० को तथ्यांकअनुसार स्वास्थ्यका निम्ति हुने कुल खर्चमध्ये नेपालीले आफ्नो खल्तीबाट ५४ दशमलव १७ प्रतिशत तिर्छन्। त्यही तथ्यांकअनुरूप विश्वका मानिसले औसत १६ दशमलव ३६ प्रतिशत मात्र खर्च गर्छन्। यो खर्च संसारभर घट्दो छ, तर नेपालमा भने बढ्दो छ। त्यस्तै, शिक्षातर्फ हुने कुल खर्चको झन्डै ५७ प्रतिशत रकम नेपाली जनताले आफ्नो खल्तीबाट तिर्ने गरेको विभिन्न तथ्यांकले देखाउँछन्। कमाएकोजति सबै शिक्षा अनि स्वास्थ्यमा खर्च गर्नुपरेपछि अब एउटा नागरिकले किन कर तिर्ने भन्ने प्रश्न उठ्न थालेको छ। नेतालाई पाल्न मात्र त अब नागरिक कर तिर्न राजी छैनन्। त्यसैले, बिदेसिँदै छन्। अब, कि बिदेसिनेको संख्या बढ्छ, कि देशमा विद्रोह हुन्छ।

मेरो परिवार र आफन्तमध्ये आधा अब नेपालमा छैनन्। १२ सकेका युवासँग कुराकानी गर्छु, अधिकांश बाहिर जान चाहन्छन्। लाग्छ, अब कुनै दिन समाजवाद आयो भने पनि त्यो उपभोग गर्न कोही बाँकी हुन्नन् यहाँ। म भने अस्पतालको झ्यालबाट समाजवाद खोज्दाखोज्दै नपाएपछि बेड रेस्ट गर्न घर फर्किएँ। तर, मन र मस्तिष्कमा भने कुनै पनि नेपालीले शिक्षा र स्वास्थ्य सेवाबाट वञ्चित हुनु नपर्ने राजनीति गर्छु भन्ने थप अठोट बोकेर आएँ। अहिले भने बिदेसिनेको लर्कोमा होइन, विद्रोह गर्ने लर्कोमा उभिन आफ्नो खुट्टा दह्रो बनाउन घरमै आराम गर्दै छु।

(पाण्डे विवेकशील साझा पार्टीका नेता हुन्)

@MilanPandey

---

३ प्रश्न

इप्पानका अध्यक्ष **गणेश कार्की**लाई



आगामी १२ वर्षमा थप साढे २३ हजार मेगावाट विद्युत् उत्पादन गर्ने सरकारी लक्ष्यलाई कसरी हेर्नुभएको छ ?

हामीले आगामी १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य राखेर काम गर्दै आएका थियौं। १० वर्षमा आन्तरिक खपत १० हजार मेगावाटले बढ्छ। भारतले कम्तीमा १० हजार मेगावाट लाने भनिसकेको छ। बंगलादेशले पनि कम्तीमा पाँच हजार मेगावाट लान्छ। चीनसँग पनि ४-५ हजार मेगावाटको सहमति त पक्कै हुन्छ। यसले गर्दा पनि ३० हजार मेगावाट विद्युत् आवश्यक पर्छ। अब यसका लागि सरकारले आगामी १० वर्षको समयलाई ऊर्जा दशक घोषणा गरी ऊर्जा संकटकाल लागु गरेर काम गर्न सक्नुपर्छ।

आर्थिक तथा प्राविधिक आधारमा यो कति सम्भव लक्ष्य हो ?

असम्भव छैन। यसका लागि राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूको कारोबारको कम्तीमा २० प्रतिशत लगानी ऊर्जा क्षेत्रमा लगाउनैपर्ने बाध्यकारी व्यवस्था गरिदिनुपर्छ। साथै, सरकारले निजी तथा बाह्य लगानी आकर्षित गर्न सजिलो बाटो बनाइदिनुपर्छ। यति गरिदिए सरकारले सकेन भने पनि निजी क्षेत्रले नै यो लक्ष्य पूरा गर्न सक्छ।

यो लक्ष्य पूरा भएमा देशमा यसको प्रभाव कस्तो पर्ला ?

बिजुली बेच्दाभन्दा आन्तरिक खपत बढाउँदा धेरै ठुलो प्रतिफल प्राप्त हुन्छ। साथै, १०-१५ मेगावाट नियमित निर्यात गर्न सकियो भने यसबाट देशको आर्थिक क्षेत्रमा निकै ठुलो सुधार हुन्छ। अहिले सरकार माग्ने अवस्थामा छ भने त्यतिखेर दिने हैसियतमा पुग्नेछ।

प्रेरक प्रसंग

आ-आफ्ना दाउपेच

सहरमा कुस्ती प्रतियोगिता हुँदै थियो। अघिल्ला वर्षझैं यस वर्ष पनि टाढाटाढाबाट नाम चलेका पहलमान आएका थिए। तीमध्ये एक यस्ता पहलमान थिए, जसले हरेक वर्ष प्रतियोगिता जितेर आएका थिए। उनलाई पराजित गर्न लगभग असम्भव थियो भन्दा पनि हुन्छ।

आयोजकले यस वर्षको प्रतियोगितामा विजयी हुनेले पाँच लाख नगद पुरस्कार जित्ने घोषणा गरेका थिए। पुरस्कार राशि ठूलो भएको हुनाले सबै पहलमानले जित हात पार्न सक्दो प्रयास गरे। तर, अघिल्ला वर्षका विजेता पहलमानसामु उनीहरूको कुनै दाउपेच चलेन। सबैलाई परास्त गरिसकेपछि ती पहलमानले दर्शकतिर फर्किएर भने- मसँग प्रतिस्पर्धा गर्ने हिम्मत भएको कोही बाँकी छ भने मैदानमा आए हुन्छ। म तयार छु।

पहलमानको चुनौती सुनेर एक दुब्लोपातलो युवक उनीसामु उभिए र आफूले चुनौती स्वीकार गरेको बताए। उनलाई देखेर पहलमान जोडले हाँस्न थाले। उनले हाँस्दै प्रश्न गरे- बाबु ! तिमी होसमा त छौ नि, होइन ? ती दुब्लापातला युवकले पहलमाननजिक गएर उनको कानमा भने- पहलमानज्यू, म कहाँ तपाईंको अगाडि टिक्न सक्छु र ? तर, मसँग यो कुस्ती हार्नुभयो भने तपाईंलाई प्रतियोगिताको पाँच लाख नगद पुरस्कार त दिन्छु नै, साथमा मेरा तर्फबाट पाँच लाख थपेर पनि दिने छु। आज हार्नुहोस् र भोलि मेरो घरमा आएर पूरै १० लाख लिएर जानुहोस्। आखिर एकपटक हार्दैमा तपाईंको ख्यातिमा कमी आउने होइन क्यार ! कुस्ती सुरु भयो। पहलमानले केहीबेर जमेर लडेकोजस्तो गरे। तर, पछि बिस्तारै उनी कमजोर देखिँदै गए र अन्त्यमा उनको हार भयो।

प्रतियोगिताको दोम्रो दिन पहलमान सर्तअनुसारको पैसा लिन युवकको घर पुगे र १० लाख रुपैयाँ दिन माग गरे। युवकले प्रश्न गरे- हैन, तपाईं केको पैसा माग्दै हुनुहुन्छ पहलमानजी ? पहलमानले छक्क पर्दै भने- उही क्या, तिमीले मैदानमा खेल हारेबापत १० लाख दिन्छु भनेका थियौ नि ! हो, त्यही पैसा। युवकले हाँस्दै भने- त्यो त मैदानको कुरा थियो। तपाईं आफ्ना दाउपेच लगाइरहनुभएको थियो र म आफ्नो। यसपटक मेरो दाउपेच सफल भयो र मैले कुस्ती जितें।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

टिम नेपालले आशा जगायो

नेपाली राष्ट्रिय क्रिकेट टिमले विश्वकै नम्बर १ टोली पाकिस्तानसित गरेको प्रतिस्पर्धाले नेपाली क्रिकेटप्रेमीमा आशा जगाएको छ। नेपाली टोलीले पहिलोचोटि विश्व नं. १ राष्ट्रविरुद्ध गरेको प्रदर्शन अविस्मरणीय रहयो। विशेषगरी नेपाली बलरहरूले इनिङको सुरुवाती २८-३० ओभरसम्म पाकिस्तानी ब्याट्सम्यानहरूलाई कडा टक्कर दिँदै रोकेर नेपाली क्रिकेटर विश्वस्तरको क्रिकेट खेल्न सक्षम छन् भन्ने सन्देश दिएका थिए। तर, पछि त्यही लय कायम राख्न नसक्दा पाकिस्तानले राम्रो रन बनायो। उता नेपाली ब्याट्सम्यानहरूले पाकिस्तानी बलरहरूको घातक बलिङको सामना गर्न नसक्दा फराकिलो अन्तरमा हार व्यहोर्नुपरे पनि टिम नेपालले धेरै सिक्ने मौका पाएको छ। टिमले आशा जगाएको छ। आगामी दिन पक्कै सुखद हुनेछ। बधाई छ टिम नेपाल !

● **भूमिका योञ्जन**, सीतापाइला, काठमाडौं

सिआइबीको राम्रो प्रयास

केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले ६० किलो र १० किलो सुन तस्करी प्रकरणलाई एकै ठाउँमा राखेर अनुसन्धान सुरु गरी राम्रो काम गरेको छ। हुन त सिआइबीले जतिसुकै राम्रो अनुसन्धान गरे पनि मुद्दा दायर हुने वेलामा यहाँ कति चलखेल हुन्छ र त्यसलाई कसरी कमजोर बनाइन्छ भन्ने तथ्य पछिल्लो ललितानिवास प्रकरणले पुष्टि गरिसकेको छ। तर, माओवादी उपाध्यक्ष कृष्णबहादुर महरापुत्र राहुलको पक्राउले केही आशा भने जगाएको छ।

● **वसन्त तुलाचन**
माइतीघर, काठमाडौं

पूरा होला त यो मार्गचित्र ?

नेपाल सरकारले आगामी १२ वर्षमा थप साढे २३ हजार मेगावाट विद्युत् उत्पादन गर्ने महात्वाकांक्षी लक्ष्य सार्वजनिक गरेको समाचार पढ्दा एकातिर खुसी लाग्यो भने अर्कातिर एउटै आयोजना पूरा हुन वर्षौं लाग्ने र कहिल्यै तोकिएको समयमा आयोजना सम्पन्न नहुने हाम्रो जस्तो देशमा यो लक्ष्य कसरी पूरा होला, आशंका पनि सँगसँगै जाग्यो। यो लक्ष्य पूरा भएमा यसले एकातिर देशको आन्तरिक मागलाई शतप्रतिशत धान्ने र निर्यातसमेत गर्न सकिने निश्चित छ।

● **सुमित्रा पाठक**
त्रिपुरेश्वर, काठमाडौं

नेतृत्वको ध्यान कता छ ?

सरकारी तथ्यांकअनुसार उच्च शिक्षा अध्ययनका लागी बिदेसिने विद्यार्थीको संख्या उल्लेखनीय देखिएको छ। यो तथ्यांक राष्ट्रका लागि पक्कै पनि शुभ संकेत होइन। गत वर्ष अध्ययनका नाममा एक लाख १० हजार विद्यार्थी बिदेसिए। यो क्रम बढ्दो छ। केही दिनअघिको समचारअनुसार भारतमा नर्सिङ पढ्न नेपाली विद्यार्थीको ओइरो लागेको छ। आखिर किन यस्तो भइरहेको छ ? नेपालमा पढाइ राम्रो नभएर हो या पढाइ सकिएपछि अवसर नपाइने भएर हो ? यसको खोजबिन कुनै पनि जिम्मेवार निकायबाट भएको छैन। शिक्षाजस्तो संवेदनशील विषयमा खेलबाड भइरहेको छ। शिक्षाको जग बलियो नभई राजनीति बलियो हुँदैन भन्ने सरकारले बुझेको छैन। युवालाई स्वदेशमै गुणस्तरीय शिक्षा र अवसर दिएर विदेश जानबाट रोक्नुपर्छ।

केही वर्षअघि भारत, बंगलादेशलगायत देशबाट नेपालमा मेडिकल शिक्षा अध्ययन गर्न विद्यार्थी आउँथे। अहिले नेपालबाट भारत, बंगालादेशलगायत देशमा अध्ययन गर्न जान्छन्। किन उल्टो भइरहेको छ ? नेपालको शिक्षा प्रणाली गलत भएर हो या सरकारको सोच सही नभएर हो ? कक्षा १२ सकेपछि कुन देश जाने भनेर विद्यार्थीले सोच्न थाल्नु भनेको नेपालको शिक्षानीति सही नहुनु नै हो। सरकार गैरजिम्मेवार भएकै कारण यो अवस्था आएको हो। विद्यार्थी बाहिर जाँदा देशको अर्थतन्त्रमा कति असर परिरहेको हुन्छ, त्यतातर्फ कसैको ध्यान छैन, किन ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

रिपब्लिकन पार्टीको चिनियाँ द्वेष

चीनको उदयबारे रिपब्लिकनको कट्टर द्वेषमा एक समस्याग्रस्त नश्लीय आयाम पनि देखिन्छ



देश/विदेश

● पिटर बेनार्ट

अमेरिकाको विश्वव्यापी भूमिकाबारे रिपब्लिकन पार्टीको राष्ट्रपतीय बहसले पार्टी युक्रेनका सन्दर्भमा गहिरो ढंगले विभाजित देखिएको छ। रिपब्लिकन पार्टीका राष्ट्रपति उम्मेदवारका आकांक्षी रोन डिसेन्टिसले युरोपेली योगदान नहुने हो भने युक्रेनलाई थप सहायता प्रदान गर्न नसकिने बताए। अर्का आकांक्षी विवेक रामास्वामीले युक्रेनलाई कुनै हालतमा हतियार दिन नहुने अड्डी कसेका थिए। बहसमा रिपब्लिकन पार्टीका युक्रेनप्रति सहानुभूति राख्ने क्रिस क्रिस्टी, माइक पेन्स र निक्की हेलीजस्ता हस्ती पनि सहभागी थिए। बहस चर्किँदै जाँदा यसले विवादको रूप लिएको थियो। यद्यपि यी असहमतिका बाबजुद सबै रिपब्लिकन अमेरिकाका लागि सबैभन्दा ठूलो खतरा बेइजिङबाट उत्पन्न हुन्छ भन्नेमा सहमत थिए। युक्रेन मामिलामा भिन्नता भए पनि रिपब्लिकनले चीनलाई गम्भीर चिन्ताका रूपमा हेर्छन्।

चीनप्रतिको यो साझा मतले शीतयुद्धको सुरुवातमा प्रचलित रिपब्लिकन अडानको झल्को दिन्छ। यसले परम्परागत अन्तर्राष्ट्रियवाद वा पृथक्तावादसँग मेल खाँदैन, बरु यसले 'एसिया फर्स्ट' (एसिया प्रथम) को नीतिलाई प्रोत्साहन गर्छ। अहिलेको रिपब्लिकन नीतिले शीतयुद्धकालीन रिपब्लिकनको झल्को दिन्छ, अर्थात् त्यसवेला अगुवा रिपब्लिकन शीतयुद्धको सुरुवातमा युरोप-केन्द्रित दृष्टिकोणबाट अलग भएका थिए। र, तिनले सुदूरपूर्वमा (एसिया) क्षेत्रमा चासो र सरोकार केन्द्रित गर्नुपर्छ भन्ने पैरवी गर्थे।

यो भिन्नता 'मिस्टर रिपब्लिकन'का रूपमा कहलिएका सिनेटर रोबर्ट टाफ्टजस्ता व्यक्तिमा मुखर ढंगले देखिन्थ्यो। सन् १९४८ मा टाफ्टले अमेरिका नेटोमा आबद्ध हुने विषयमा पनि भिन्न मत राखेका थिए र भविष्यको शान्ति एवं सुरक्षाका लागि सुदूरपूर्व युरोपभन्दा बढी महत्त्वपूर्ण रहेको उनको दलिल थियो। समकालीन रिपब्लिकन सिनेटर एच अलेक्जेन्डर स्मिथले सम्भावित एसियाली खतरामा जोड दिँदै युरोप-केन्द्रित आशक्ततालाई विरुद्ध मत राखेका थिए। तत्कालीन एक रिपब्लिकन सिनेटर एवं नेता विलियम नोल्यान्डले गृहयुद्ध हारेर चीनबाट भागेका राष्ट्रवादी निर्वासितलाई मुखर समर्थन गरेका थिए। समर्थनका कारण ताइवानलाई ईगित गर्दै उनलाई 'फर्मोसाका सिनेटर'को उपनाम दिइएको थियो।

चीनप्रतिको ऐतिहासिक दृष्टिकोणले आजको रिपब्लिकन पार्टीको नीति निर्माण गरेको छ। इतिहासकार जोयस माओ चीनमा शीतयुद्धकालीन रिपब्लिकनको चासोका पछाडि १९औं शताब्दीको 'आध्यात्मिक पितृवाद' रहेको बताउँछिन्। १९औं शताब्दीको उत्तरार्धमा प्रशान्त क्षेत्रमा अमेरिकाको प्रभाव विस्तारका क्रममा चीनको विशाल जनसंख्याका कारण अमेरिकी इसाई धर्म प्रचारकलाई उत्साहित बनाएको थियो। पहिले कम्युनिस्टविरुद्ध र पछि ताइवानमा प्रभाव जमाउन राष्ट्रवादी नेता चियाङ काइ सेक र उनकी इसाई पत्नीले अमेरिकी समर्थन हासिल गर्न यी प्रचारकको सहयोग लिएका थिए। 'एसिया फर्स्ट'को पैरवी गर्नेको सम्बन्ध चीनमा अमेरिकी मिसनरी पृष्ठभूमिका मानिससँग सम्बन्धित थियो। कम्युनिस्टविरोधीका रूपमा चिन्निने जोन बर्च सोसाइटीले चीनप्रतिको रिपब्लिकन पार्टीको पुरातनपन्थी विरासतको चिन्तनलाई झल्काउँछ। स्मरण रहोस्, इसाई मिसिनरी जोन बर्चको चिनियाँ कम्युनिस्टले हत्या गरेका थिए।

आज एसियालाई प्राथमिकता दिँदा धार्मिक उद्देश्यले खासै महत्त्व राख्दैन। एसियाको आर्थिक र राजनीतिक महत्त्व बाइडेन प्रशासन र बाँकी विश्वले व्यापक रूपमा स्वीकार गरेका छन्। अमेरिकाका दुवै पार्टीले चीन मामिलामा कडा अडान लिँदा पनि इतिहासकार माओले जोड दिएको रुढिवादी दृष्टिकोणका कारण डेमोक्र्याटको तुलनामा बेइजिङलाई रिपब्लिकनले थप



चित्र : एडम मैदा

खतराको दृष्टिले हेर्छन्। विभिन्न सर्वेक्षण तथ्यांकले यो भिन्नतालाई दर्साउँछन्। यही मार्चमा ग्यालप सर्वेक्षणमा चीन वा रुसमध्ये को ठूलो खतरा हो भन्नेमा डेमोक्र्याट र रिपब्लिकनबीच ठूलो भिन्नता देखिएको थियो। यो भिन्नता आंशिक रूपमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पुरातनपन्थी इसाई मूल्य-मान्यतासँग सहानुभूति राखेका कारण देखिएको थियो। यसैकारण रिपब्लिकन पुटिनतर्फ नजिकिएका पनि हुन्। त्यसैगरी, अर्को कारण चिनियाँ राष्ट्रपति सी जिनपिङले छुट्टै विचारधाराका साथ गैरश्वेत महाशक्तिको नेतृत्व गरिरहेका छन्।

डेलावेयर विश्वविद्यालयको सन् २०२१ को अध्ययनले जातीय रूपमा उच्च असन्तुष्टि भएका गोरा अमेरिकीले चीनलाई सैन्य खतराका रूपमा हेर्छन्। रिपब्लिकन जनाधारमा ठूलो हिस्सा ओगटेको कट्टर श्वेत इसाईले चीन सरकारको कडा विरोध गर्छन्। यो भावनालाई प्यु रिसर्च सेन्टरको निष्कर्षले पनि पुष्टि गर्छ। प्युका अनुसार गोरा गैरहिस्पानिक कट्टर इसाईले धार्मिक रूपमा असम्बद्ध अमेरिकी, अश्वेत प्रोटेस्टेन्ट र हिस्पानिक क्याथोलिकको तुलनामा चीनप्रति उल्लेख्य नकारात्मक धारणा राख्छन्। रिपब्लिकन जनाधारमा रहेको यो भावनाले कथित पृथकतावादीले वास्तवमा 'एसिया फर्स्ट'को दृष्टिकोणलाई अँगाल्छन् भनेर देखाएको छ। टकर कार्लसन, विवेक रामास्वामीजस्ता व्यक्तिले चीनविरुद्ध रुसँग गठबन्धन गर्नुपर्छ भनेर वकालत गर्छन्। यो सूचीमा अलगाववादीको बिल्ला भिराइएका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प पनि पर्छन्। रिपब्लिकन पार्टी अन्य रणनीतिमा भिन्न हुन सक्छ, तर चीनलाई मुख्य खतराका रूपमा हेर्ने मामिलामा एक छ। यद्यपि चीनको उदयबारे रिपब्लिकनको दृष्टिकोणमा एक समस्याग्रस्त नश्लीय आयाम देखिन्छ। उदाहरणका लागि ट्रम्पको 'कोको चाउ' टिप्पणी र सदनका रिपब्लिकनले बाइडेन प्रशासनमा एसियाली अमेरिकीको बफादारीमाथि गरेको प्रश्नले चीनप्रतिको नश्लभेदी दृष्टिकोण उजागर हुन्छ। रिपब्लिकन पार्टीमा 'एसिया फर्स्ट' दृष्टिकोणको पुनरुत्थानले चुनौती खडा गरेको छ। विशेषतः चीनलक्षित नश्लीय पूर्वाग्रहले चुनौती बढाएको छ। चीनबाट हुने चुनौतीलाई सम्बोधन गर्नु अत्यावश्यक भए पनि जातीय र सांस्कृतिक उदारतालाई जोखिममा नपार्नु पनि उत्तिकै आवश्यक छ। यसरी सन्तुलनमा केन्द्रित हुनुले प्रभावकारी परराष्ट्र नीतिमा स्वस्थ बहसको विकास गर्न सघाउनेछ।

(बेनार्ट न्युमार्क स्कुल अफ जर्नालिज्ममा पत्रकारिता र राजनीतिशास्त्रका प्राध्यापक हुन्)
न्युयोर्क टाइम्सबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

नवउदारवादी पुँजीवाद त्यागे मात्र आउनेछ साझा समृद्धि

अहिले आर्थिक र राजनीतिक असमानता यति विकराल भएको छ कि धेरैले लोकतन्त्रलाई नै अस्वीकार गर्न थालेका छन्



● जोसेफ ई स्टिग्लिज

(अर्थशास्त्रमा नोबेल पुरस्कार विजेता तथा कोलम्बिया विश्वविद्यालयका प्राध्यापक जोसेफ ई स्टिग्लिज विश्व बैंकका पूर्वप्रमुख अर्थशास्त्री र अमेरिकी राष्ट्रपतिको आर्थिक सल्लाहकार परिषद्का अध्यक्ष हुन्।)



हालैका वर्षमा लोकतन्त्रको पश्चगमन र अधिनायकवादको उदयबारे धेरै लेखिएका छन्, जो असल नियतले लेखिएका छन्। दक्षिणपन्थी लोकप्रियतावादलाई प्रश्रय दिइरहेका अधिनायकवादी र तानाशाहको सूची बढ्दो छ। यसमा हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बानदेखि ब्राजिलका पूर्वराष्ट्रपति जयर बोल्सोनारो र अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पसम्म छन्। गर्न त उनीहरू पनि आमनागरिकको रक्षा गर्ने र लामो समयदेखिका राष्ट्रिय मूल्यको संरक्षण गर्ने प्रतिज्ञा गर्छन्, तर शक्तिशालीहरूको संरक्षण र लामो समयदेखिका मूल्यहरूलाई रद्दीका टोकरीमा मिल्काउने नीतिहरू पछ्याउँछन्।

यसका सम्भावित उत्तर थुप्रै छन्। तर, असमानतामा भएको वृद्धि सबैभन्दा उल्लेखनीय जवाफ हो। लोकतन्त्रको क्षयीकरणसँग आधुनिक नवउदारवादी पुँजीवादले निम्त्याएको यो संकटलाई धेरै किसिमले जोड्न सकिन्छ। आर्थिक असमानताले अनिवार्य रूपमा राजनीतिक असमानता निम्त्याउँछ, तर देशअनुसार फरक-फरक डिग्रीमा। संयुक्त राज्य अमेरिकामा 'एक व्यक्ति, एक मत', 'एक डलर, एक मत'मा रूपान्तरित भएको छ। अमेरिकामा चन्दा अभियानमा वस्तुतः कुनै प्रतिबन्ध छैन।

यो राजनीतिक असमानता स्वप्रबलीकरण प्रकृतिको छ। यसले आर्थिक असमानतालाई अझ फराकिलो बनाउने नीतितर्फ डोऱ्याएको छ। करका (मौजुदा) नीतिहरूले धनाढ्यहरूकै पक्षपोषण गर्छन्। शिक्षा प्रणाली पहिले नै विशेषाधिकार प्राप्तहरूको पक्षमा छ, अनि नियमनका कमजोर नीति एवं कार्यान्वयनले पनि कर्पोरेसनहरूलाई बजार शक्ति सोहर्न र तिनको शोषण गर्न निर्बाध लगाम सुम्पिएका छन्। यसबाहेक, मिडियामा रुपर्ट मर्डोकजस्ता प्लुटोक्र्याट्सको स्वामित्वका निजी कम्पनीहरूको प्रभुत्वले, मुख्य धाराका अधिकांश विमर्शले पनि उही असमानताका प्रवृत्तिलाई नै प्रवर्द्धन गर्छन्। यसरी पाठकलाई लामो समयदेखि धनीहरूलाई कर लगाउनु भनेको आर्थिक वृद्धिलाई हानि पुऱ्याउनु हो, सम्पत्तिको उत्तराधिकार (अपुताली)मा कर लगाउनु भनेको मृत्युमा कर लगाउनु हो आदि भनिँदै आएको छ।

> सही राजनीतिक सुधारबाट नै लोकतन्त्रहरू थप समावेशी, नागरिकप्रति बढीभन्दा बढी उत्तरदायी हुनेछन् भने ठूला कर्पोरेसन र धनाढ्यप्रति कम उत्तरदायी हुनेछन्। तर, लोकतान्त्रिक राजनीतिलाई बचाउन पनि दूरगामी आर्थिक सुधारको खाँचो छ।

हालसालै धनाढ्यद्वारा नियन्त्रित परम्परागत मिडियासँग अति धनाढ्यद्वारा नियन्त्रित सामाजिक-मिडिया कम्पनी सामेल हुन आएका छन्। यिनमा एउटै भिन्नता छ, पछिल्लोलाई अफवाहहरू थप निर्बाध रूपले फैलाउने सुविधा छ। सन् १९९६ को कम्युनिकेसन्स डिसेन्सी एक्टको दफा २३० अनुसार अमेरिका-आधारित कम्पनीलाई तिनका प्लाटफर्ममा तेस्रोपक्षले राखेका सामग्री अथवा ती सामग्रीले पुऱ्याएका सामाजिक हानि-नोक्सानीका लागि उत्तरदायी ठहऱ्याउन सकिँदैन (भलै ती किशोरीहरू नै किन नहुन्)।

> एक समय सम्झौताको माध्यमबाट समस्या समाधानको वकालत गर्ने अमेरिकी राजनीति सन् ०१६ मा ट्रम्प लोकप्रिय मतमा अल्पमतका साथ निर्वाचित हुँदासम्ममा नांगो रूपमा एकदलीय शक्ति संघर्षमा परिणत भइसकेको थियो, जसमा कम्तीमा एक पक्षले खेलमा कुनै नियमै हुनुहुँदैन भन्ने विश्वास गर्छ।

जवाफदेहितानिको पुँजीवादको यस माहोलमा अधिकांश मानिसले सम्पत्तिको बढ्दो एकाग्रतालाई शंकाको दृष्टिले हेर्छन् वा प्रणालीमा हेराफेरी (धाँधली) भएको ठान्छन् भनेर हामीले छक्क पर्नुपर्छ र ? लोकतन्त्रले अनुचित परिणाम दिएको छ भन्ने व्यापक भावनाले लोकतन्त्रप्रतिको विश्वासलाई कमजोर बनाएको छ।

कतिपयलाई वैकल्पिक प्रणालीले यसभन्दा राम्रो परिणाम दिन सक्छन् भन्ने निष्कर्षमा पुऱ्याएको छ।

यो एउटा पुरानै बहस हो। ७५ वर्षअघि धेरैले लोकतन्त्रहरू पनि अधिनायकवादी शासनप्रणालीजत्तिकै तीव्र गतिमा मौलाउन सक्लान् र भनेर सोच्थे। अहिले, कुन प्रणाली अझ बढी निष्पक्ष हुन्छ भनेर धेरैले सोही प्रश्न सोधिरहेका छन्। तर, यो बहस एउटा यस्तो विश्वमा भइरहेको छ, जहाँ राष्ट्रिय र विश्व विचारलाई आकार दिने उपकरण धनाढ्यहरूको नियन्त्रणमा छन्, यसका लागि उनीहरू कहिलेकाहीं सफेद झुटको समेत प्रयोग गर्छन् ('निर्वाचनको अपहरण भयो !' 'मतदान मेसिनहरूमा छेडखानी गरिएको थियो !' आदि यस्तै एक झुटको लागत फक्स न्युजले ७८ करोड ७० लाख डलर चुकाउनुपरेको थियो)।

अझ गहिरो ध्रुवीकरण यसैको एउटा परिणाम हो। यस्तो ध्रुवीकरणले विशेषगरी अमेरिकाजस्ता जित्नेले सबै लैजाने (विनर-टेक-अल) बहुमतीय प्रणाली भएका देशमा लोकतन्त्रको कार्यसञ्चालनलाई कमजोर बनाउँछ। एक समय सम्झौताको माध्यमबाट समस्या समाधानको वकालत गर्ने अमेरिकी राजनीति सन् ०१६ मा ट्रम्प लोकप्रिय मतमा अल्पमतका साथ निर्वाचित हुँदासम्ममा नांगो रूपमा एकदलीय शक्ति संघर्षमा परिणत भइसकेको थियो, जसमा कम्तीमा एक पक्षले खेलमा कुनै नियमै हुनुहुँदैन भन्ने विश्वास गर्छ।

जब ध्रुवीकरण यति धेरै हुन्छ, तब कुनै पनि कुरा दाउ लाग्ने सम्भावना हुन्छ। यस्तो अवस्थामा साझा आधार खोज्नुको साटो सत्तामा रहेकाहरूले आफ्नो स्थान सुरक्षित गर्न सबै खाले साधनको प्रयोग गर्छन्। जसरी यसअघि रिपब्लिकनले खुलेआम जेरिम्यान्डरिङ (निर्वाचन क्षेत्रहरूलाई जेरीझैं बंग्याएर) र अधिक मत खस्ने अवस्थालाई निरुत्साहित गर्ने उपाय अपनाए। लोकतन्त्रले सबैभन्दा राम्रो काम त्यतिखेर गर्छ, जब कथित दाउ न त कम, न धेरै उच्च हुन्छ (यदि ती धेरै कम भए भने मानिसहरूले लोकतान्त्रिक प्रक्रियामा भाग लिनुपर्ने आवश्यकतै ठान्दैनन्)। लोकतन्त्रसँग यो आदर्श सन्तुलन प्राप्तिका सम्भावना बढाउने डिजाइन विकल्प छन्। उदाहरणका लागि, संसदीय प्रणालीले गठबन्धन निर्माणलाई प्रोत्साहित गर्छ, अक्सर अतिवादीलाई भन्दा मध्यमार्गीलाई शक्ति प्रदान गर्छ। प्रतिबद्ध निजामती सेवाको उपस्थितिले जसरी नै अनिवार्य तथा क्रमबद्ध-छनोट मतदान (च्याङ्क-च्वोइस भोटिङ)ले पनि यस सन्दर्भमा मद्दत नै गर्ने देखाएको छ।

अमेरिकाले लामो समयदेखि आफूलाई लोकतन्त्रको पर्यायका रूपमा स्थापित गर्दै आएको छ। तर, कुख्यात तानाशाह अगस्टो पिनोचेसँग मित्रता गाँस्ने रोनाल्ड रेगनदेखि साउदी अरबबाट आफूलाई टाढा राख्न वा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारको मुस्लिमविरोधी कट्टरताको निन्दा गर्न असफल जो बाइडेनसम्मका पाखण्ड सधैं हुँदै आएका छन्। यद्यपि अमेरिकाले कम्तीमा केही राजनीतिक मूल्य-मान्यतालाई भने सधैं सम्मान गर्दै आएको छ। तर, अहिले आर्थिक र राजनीतिक असमानता यति विकराल भएको छ कि धेरैले लोकतन्त्रलाई नै अस्वीकार गर्न थालेका छन्। यो अधिनायकवादका निमित्त उर्वर समय हो, विशेषगरी ट्रम्प, बोल्सोनारो र अन्यले प्रतिनिधित्व गरेको दक्षिणपन्थी लोकप्रियतावादका लागि। तर, असन्तुष्ट मतदाताले खोजिरहेको जवाफ यस्ता नेतासँग छैन। यसविपरीत, उनीहरूले शक्तिमा रहँदा लागू गरेका नीतिले स्थितिलाई अझ खराब बनाएको छ।

विकल्पको खोजी अन्त गर्नुको साटो हामीले आफ्नै प्रणालीभित्रबाट खोज्नुपर्छ। सही राजनीतिक सुधारबाट नै लोकतन्त्र थप समावेशी, नागरिकप्रति बढीभन्दा बढी उत्तरदायी हुनेछन् भने ठूला कर्पोरेसन र धनाढ्यप्रति कम उत्तरदायी हुनेछन्। तर, लोकतान्त्रिक राजनीतिलाई बचाउन पनि दूरगामी आर्थिक सुधारको खाँचो छ। जब हामीले नवउदारवादी पुँजीवादलाई छोड्नेछौं र हामीले दाबा गरेको साझा समृद्धिको निर्माण गर्न अझ राम्रोसँग काम गर्न सक्नेछौं, तब मात्रै हामीले सम्पूर्ण नागरिकको कल्याणलाई न्यायोचित रूपले अभिवृद्धि गर्न सुरुवात गर्नेछौं, तब नै पपुलिस्टहरूको हावा पनि खुस्काउन सक्नेछौं।

-प्रोजेक्ट सिन्डिकेट

इतिहासमा आज



सन् १९६९ : मुअम्मर अल गद्दाफीको नेतृत्वमा रहेको युवा सैन्य अधिकारीको एक समूहले तत्कालीन राजालाई अपदस्थ गरी लिबियालाई गणतन्त्र बनाएको थियो।

सन् १९५२ : लाइफ म्यागजिनले 'ओल्ड म्यान एन्ड द सी'का अंश प्रकाशित गऱ्यो। अमेरिकी लेखक अर्नेस्ट हेमिङ्वेको सबैभन्दा प्रसिद्ध कृतिमध्येको एक यस उपन्यासले एक वृद्ध मानिस र उसको माछा मार्ने दुस्साहसको कथा बताउँछ। उनीबारे लेखिएको अंश प्रकाशित भएको केही दिनमै पत्रिकाको ५० लाख प्रति बिक्री भएको थियो।

सन् १९७९ : पायनियर ११ शनिग्रहको सबैभन्दा नजिक पुगेको दिन। नासाद्वारा निर्मित स्पेस प्रोब शनिग्रहनजिक पुग्ने पहिलो यान थियो। यो १३ हजार माइलको दूरीमा उडेको थियो।

सन् १९८५ : डुबेको टाइटेनिक जहाजको भग्नावशेष उत्तर अट्लान्टिक सागरमा फेला परेको थियो। सन् १९१२ को १४ अप्रिलमा डुबेको जहाजको भग्नावशेषलाई फ्रान्स र अमेरिकी आरोहण समूहले फेला पारेको थियो।

सन् २००४ : नर्थ ओसेटियाको बिस्लानमा भएको नरसंहारमा बालबालिकासहित ३५० जनाको मृत्यु। सशस्त्र चेचन विद्रोहीले एउटा विद्यालयमा बालबालिकासहित एक हजारजनालाई नियन्त्रणमा लिएका थिए। विद्रोहीले स्वतन्त्र चेचन्यालाई अन्तर्राष्ट्रिय मान्यता दिन माग गरेका थिए। बन्धक संकट तीन दिनसम्म चल्यो र रुसी सेनाले विद्यालयमा आक्रमण गरेपछि अन्त्य भयो।

विश्व संक्षेप

सिनावात्राको माफीका लागि राजासँग आग्रह

बैंकक / थाइल्यान्डका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राले उनको जेल सजाय माफी गरिदिन आग्रह गर्दै राजदरबारसमक्ष निवेदन दिएका छन्। हाल थाइल्यान्डको जेलमा रहेका पूर्वप्रधानमन्त्री थाक्सिनले सरकारमार्फत राजासमक्ष शाही माफीका लागि अनुरोध गरेको न्यायमन्त्री विसानु क्रे-ङमले बिहीबार जानकारी दिए। सिनावात्रा सन् २००६ मा सैनिक 'कु'बाट अपदस्थ भएपछि १५ वर्ष लामो स्व-निर्वासनबाट भर्खरै (अगस्ट २२) देश फर्किएका हुन्। उनको दलको नेतृत्वमा सरकार बनेकै दिन देश फर्किएका सिनावात्रालाई विमानस्थलबाटै पक्राउ गरिएको थियो। सिनावात्रालाई उनको अनुपस्थितिमा भ्रष्टाचार र शक्तिको दुरुपयोग गरेको अभियोगमा आठ वर्षको जेल सजाय तोकिएको थियो, तिनै सजाय भुक्तान गर्न उनलाई पक्राउ गरिएको हो। थाई कानुनअनुसार राजा महा बजिरालोङकोर्नसँग फुनुअधि कैदीहरूले न्यायमन्त्रीबाट प्रधानमन्त्रीमार्फत प्रिभी काउन्सिलमा क्षमादानको निवेदन दिन सक्छन्। अधिकारीहरूका अनुसार सबै कागजी प्रक्रिया पूरा भएमा यो प्रक्रिया एकदेखि दुई महिनासम्म लाग्छ

'भारतविना संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् अपुरो'

नयाँदिल्ली / भारतका विदेशमन्त्री एस जयशंकरले भारतलाई संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को स्थायी सदस्यता प्रदान नगर्दा संयुक्त राष्ट्रसंघकै विश्वसनीयतामा प्रश्न उठ्ने बताएका छन्। दिल्ली विश्वविद्यालयमा बिहीबार आयोजित एक कार्यक्रममा विदेशमन्त्री जयशंकरले दोस्रो विश्वयुद्धको समयमा बनेको संयुक्त राष्ट्रसंघमा परिवर्तन आवश्यक भएको बताए। 'त्यतिबेला विश्वमा ५० सदस्य राष्ट्र मात्र थिए। अहिले संयुक्त राष्ट्रसंघमा एक सय ९३ सदस्य पुगिसके। त्यसैले समयअनुरूप राष्ट्रसंघको संरचनामा परिवर्तन आवश्यक छ,' जयशंकरले बताए। उनले भिटो शक्तिप्राप्त पाँच स्थायी सदस्यलाई यात्रीवाहक बसको पहिलो पंक्तिमा बस्ने यात्रीसँग तुलना गर्दै उनीहरूले आफ्नो ठाउँ नछोड्ने बताए। उनले अफ्रिकी, ल्याटिन अमेरिकी क्षेत्रका मुलुक र जनसंख्याका हिसाबले विश्वको सबैभन्दा ठूलो देश र पाँचौं ठूलो अर्थतन्त्र भारतलाई सुरक्षा परिषद्बाट बाहिर राख्न नहुने तर्क गरे। त्यसो गरेमा संयुक्त राष्ट्रसंघकै विश्वसनीयतामा प्रश्न उठ्ने भारतीय विदेशमन्त्रीले दाबी गरे।

भारतपछि फिलिपिन्स, मलेसिया र भियतनामद्वारा चिनियाँ नक्साको विरोध

भारतपछि फिलिपिन्स, मलेसिया र भियतनामले पनि चीनले जारी गरेको नयाँ नक्सामा विरोध जनाएका छन्। तिनले चीनको नक्सामा आफ्नो दाबी रहेको क्षेत्रलाई आधारहीन रूपमा समावेश गरिएको भन्दै त्यसलाई अस्वीकार गर्ने बताएका छन्। चीनले अगस्ट २८ मा जारी गरेको नयाँ नक्सामा दक्षिण चीन सागरको ९० प्रतिशत हिस्सा समेटिएको छ। सो भेगका कतिपय टापुमा फिलिपिन्स, मलेसिया र भियतनामले दाबी गर्दै आएका छन्। चीनले आफ्नो सार्वभौमिकता दाबी गरेको दक्षिण चीन सागरको विवादित जलमार्ग विश्वकै व्यस्त ढुवानी रुटमध्ये एक हो। यस रुटबाट प्रत्येक वर्ष तीन ट्रिलियन डलरभन्दा बढीको व्यापार हुन्छ। यसको भूराजनीतिक महत्त्वका कारण कोही पनि यसमाथिको दाबी छोड्न तयार छैनन्।

फिलिपिन्सले बिहीबार चीन अन्तर्राष्ट्रिय कानुनअन्तर्गत 'जिम्मेवार ढंगले काम गर्न र आफ्ना दायित्व पालना गर्न' र सन् २०१६ मा यस क्षेत्रबारे अन्तर्राष्ट्रिय न्यायालयले गरेको निर्णयको सम्मान गर्न आह्वान गरेको छ। फिलिपिन्सले हालेको मुद्दामा सुनुवाइ गर्दै अन्तर्राष्ट्रिय न्यायालयले चीनले सो क्षेत्रलाई आफ्नो भन्न प्रयोग गर्ने 'नाइन ड्यास लाइन'को कुनै कानुनी आधार नभएको फैसला गरेको थियो। चीनले भने नाइन ड्यास लाइनको ऐतिहासिक नक्सामा आधारित भएको दाबी गर्दै आएको छ। अंग्रेजी वर्णमालाको यु-आकारको नाइन ड्यास लाइन चीनको हेनान टापुको १५०० किलोमिटर दक्षिणबाट अघि बढ्दै भियतनाम, फिलिपिन्स, मलेसिया, ब्रुनाई र इन्डोनेसियाको विशेष आर्थिक क्षेत्रहरू (इइजी) भएर अघि बढ्छ।

'फिलिपिन्सका भूमि र सामुद्रिक क्षेत्रमाथिको चीनको कथित सार्वभौमसत्ता र क्षेत्राधिकारको दाबीलाई वैध बनाउने यो पछिल्लो प्रयासको अन्तर्राष्ट्रिय कानुनअन्तर्गत कुनै आधार छैन,' फिलिपिन्सको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ। मलेसियाले पनि यस नक्सालाई लिएर कूटनीतिक विरोध जनाएको बताएको छ। मलेसियाको विदेश मन्त्रालयले पनि एक विज्ञप्ति जारी गर्दै चीनको नक्साको मलेसियाको भूमिमाथि कुनै अधिकार नरहेको बताउँदै आफूहरूले 'दक्षिण चीन सागरलाई एक जटिल र संवेदनशील विषयको रूपमा हेर्ने गरेको' जोड दिएको छ।

चीनको नयाँ जारी नक्सामा 'नाइन ड्यास रेखा'लाई थप विस्तार गरिएको छ। पछिल्लो नक्सामा थप एक डिक थपेर 'टेन ड्यास' बनाइएको छ, दसौं डिकले प्रजातान्त्रिक शासन अभ्यास गरिरहेको स्वशासित ताइवानलाई समेटेको छ। यो सन् १९४८ को चीनको नक्साजस्तै छ। त्यस्तै चीनले

सन् २०१३ मा प्रकाशित गरेको नक्सामा पनि १०औं डिक समेटिएको थियो। बीचमा भने त्यसलाई समावेश गरिएको थिएन। पत्रकारले चीनको पछिल्लो नक्साबारे गरेका प्रश्नमा ताइवानको विदेश मन्त्रालयका प्रवक्ता जेफ लिउले ताइवान 'जनवादी गणतन्त्र चीनको हिस्सा नभएको' प्रतिक्रिया दिए। चीनले सन् २००९ मा संयुक्त राष्ट्रसंघमा पेस गरेको नक्सामा पहिलोपटक दक्षिण चीन सागरलाई समेट्ने 'नाइन ड्यास लाइन' राखिएको थियो।

चीनले अहिले 'राष्ट्रिय नक्सा सचेतना प्रचार सप्ताह' मनाइरहेको मंगलबार सरकारी टेलिभिजन चाइना सेन्ट्रल टेलिभिजनले जनाएको छ। चीनले 'नाइन ड्यास लाइन'युक्त नक्साको साटो अहिले किन नयाँ 'टेन ड्यास लाइन'युक्त नक्सा जारी गरेको भनेर पत्रकारले गरेको प्रश्नमा चिनियाँ विदेश



> बेइजिङले 'मानक नक्साको २०२३ संस्करण' जारी गरेपछि सबैभन्दा पहिले भारतले मंगलबार विरोध गरेको थियो। त्यसपछि फिलिपिन्स, मलेसिया र भियतनामले पनि चीनले जारी गरेको नयाँ नक्सामा विरोध जनाएका छन्। भारत र चीनबीचको सीमा विवाद ब्रिटिस औपनिवेशिक शासकले सुरु गरिदिएका हुन् भने अन्य विवादको जटिल इतिहास छ।

मन्त्रालयका प्रवक्ता वाङ बेनबिनले चीन आफ्नो क्षेत्रबारे सधैं स्पष्ट रहेको बताए। 'दक्षिण चीन सागरको मुद्दामा चीनको अडान सधैं स्पष्ट छ। चीनको सक्षम सरकारले नियमित रूपमा हरेक वर्ष विभिन्न प्रकारका मानक नक्सा अद्यावधिक र जारी गर्छन्,' प्रवक्ता बेनबिनले नियमित पत्रकार ब्रिफिङमा भने, 'हामी आशा गर्छौं कि सम्बन्धित पक्षले यसलाई वस्तुनिष्ठ र तर्कसंगत रूपमा हेर्नेछन्।'

बिहीबार अबेर भियतनामको विदेश मन्त्रालयले पनि चीनको नक्साप्रति विरोध जनाएको छ। चीनले नक्सामा गरेको दाबीको कुनै मूल्य नभएको र त्यसले भियतनामी तथा अन्तर्राष्ट्रिय कानुनको उल्लंघन गरेको मन्त्रालयले बताएको छ। 'चीनले दक्षिण चीन सागरमा ड्यास लाइनका आधारमा गर्ने जुनसुकै दाबीलाई भियतनामले खारेज गर्छ,' भियतनामको विदेश मन्त्रालयका प्रवक्ता फाम थु ह्याङले एक विज्ञप्तिमा भनेका छन्।

बेइजिङले 'मानक नक्साको २०२३ संस्करण' जारी गरेपछि सबैभन्दा पहिले भारतले मंगलबार विरोध व्यक्त गरेको थियो। भारतले 'अक्साई चीन' (चीनको नियन्त्रणमा रहेको कस्मिरी भाग) र उत्तरपूर्वी भारतीय राज्य अरुणाचल प्रदेशको अधिकांश हिस्सा चीनभित्र देखाइएकोमा विरोध जनाएको थियो। मंगलबार साँझ भारतको विदेश मन्त्रालयले यस विषयमा आफ्नो चिनियाँ समकक्षीलाई आपत्ति जनाउन सम्पर्क गरिएको जानकारी गराएको थियो।

औपनिवेशिक विरासत : भारत र चीनबीच उत्तरपश्चिमको लद्दाखदेखि उत्तरपूर्वी अरुणाचल प्रदेशसम्म झन्डै ३५०० किमि भूमि जोडिएको छ। आणविक हतियारधारी यी दुई मुलुकको यस भेगका कैयौं भागमाथि परम्परविरोधी दाबी छ। यही दाबीमाथिको विवाद बढ्दै जाँदा यी मुलुकबीच सन् १९६२ मा पूर्णस्तरको युद्ध नै भएको थियो। त्यस युद्धपछि दुई मुलुक जुन स्थानसम्म पुगेका थिए, त्यसलाई 'लाइन अफ एक्चुअल कन्ट्रोल'को रूपमा सीमा मानेर बसेका छन्। भारत र चीनबीचको सीमा विवाद ब्रिटिस औपनिवेशिक शासकले सुरु गरिदिएका हुन्। सन् १९१४ मा सिम्लामा भएको एक सम्मेलनबाट भारतमा त्यसवेला शासन गरिरहेको बेलायत र तिब्बतबीच अहिलेको विवादित सीमा निर्धारण भएको थियो। तिब्बत त्यस वेला आफूहरूको नियन्त्रणबाट छोटो समयका लागि मुक्त भएको अवस्थामा सम्झौता भएकाले चीनले सो सीमालाई मान्दैन।

सन् १९४७ मा भारत स्वतन्त्र भएपछि भारत र चीनले साझा सीमामा सहमति जुटाउन पटक-पटक वार्ता भए पनि सहमति जुट्न सकेन। त्यसले गर्दा सीमा विवाद जारी नै रह्यो। भारतका अनुसार सिम्ला सम्झौताले निर्धारण गरेको सीमाको भारतीय भागमा रहेको 'अक्साई चीन'को ३८ हजार वर्गकिलोमिटर भूभाग कब्जा गरेको छ। भारतले चीनले ओगटेको सो क्षेत्रलाई आफ्नो लद्दाखको एक हिस्सा भएको दाबी गर्दै आएको छ। तर, चीनले भने अक्साई चीन प्राचीनकालदेखि चिनियाँ साम्राज्यको हिस्सा रहेको दाबी गर्छ। उता चीनले भारतको अरुणाचल प्रदेशलमा पर्ने झन्डै ९० हजार वर्गकिलोमिटर भूभागमाथि भारतले शासन गर्दै आएको आरोप लगाउने गरेको छ। यही भेगलाई उसले पछिल्लो नक्सामा समेटेको हो। सन् १९६२ को युद्ध यही भेगमा केन्द्रित थियो। चीनले यस भागलाई 'दक्षिणी तिब्बत' मान्छ। तर, अरुणाचल प्रदेशलाई आफ्नो अभिन्न हिस्सा भएको भारतले बताउँदै आएको छ।

रोयटर्सबाट

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-००७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजानिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	१) नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, बारा, कलैयामा प्रा.फ.र.नं. ९४२/०६५/६६ अन्तर्गत मिति २०६५/०७/०३ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको बारा जिल्ला, कलैया न.पा. वडा नं. ८ स्थित **बारा मनि ट्रान्सफर** **प्रोप्राईटर तथा जमानीकर्ता: असलम मंसुर**	**२) असलम मंसुर** स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : हफिज मिया धुनिया बाजे : समसेर मिया तथा **कलिजा धुनियाइन** स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : फइद हुसेन मिया ससुरा : शमसेर मिया पति : हफिज मियाँ धुनिया

धितोको विवरण

१) फइद हुसेन मियाकी छोरी, शमसेर मियाकी बुहारी, हफिज मियाँ धुनियाकी पत्नी, बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बस्ने कलिजा धुनियाइनको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, वरेवा गा.वि.स. वडा नं. २/ग (हाल कलैया उ.म.न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३९ र ४० को क्षेत्रफल क्रमश: ०-०-४ र ०-०-६ (विगाह)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

२) फइद हुसेन मियाकी छोरी, शमसेर मियाकी बुहारी, हफिज मियाँ धुनियाकी पत्नी, बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बस्ने कलिजा धुनियाइनको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, वरेवा गा.वि.स. वडा नं. २ (हाल कलैया उ.म.न.पा. वडा नं. ८) स्थित कित्ता नं. १७६९, १५१८ र १५२० को क्षेत्रफल क्रमश: ०-०-१७-७$^{१/२}$, ०-०-३-४$^{१/४}$ र ०-०-२-१०$^{३/४}$ (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

३) बारा मनि ट्रान्सफरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) अनवर हुसेन	२) साबना आजमी	३) तबसुम खातुन
स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : हफिज मिया धुनिया बाजे : समसेर मिया	स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : नविजान शेष ससुरा : हफिज मिया धुनिया पति : असलम मंसुर	स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : हदिश मिया ससुरा : हफिज मिया धुनिया पति : अनवर हुसेन

४) असलम मंसुर	५) कलिजा धुनियाइन
स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : हफिज मिया धुनिया बाजे : समसेर मिया	स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : फइद हुसेन मिया ससुरा : शमसेर मिया पति : हफिज मियाँ धुनिया

ऋणीको विवरण

३) असलम मंसुर
स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११
हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८
बाबु : हफिज मिया धुनिया
बाजे : समसेर मिया

जमानीकर्ताहरुको विवरण

१) अनवर हुसेन	२) साबना आजमी	३) तबसुम खातुन	४) कलिजा धुनियाइन
स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : हफिज मिया धुनिया बाजे : समसेर मिया	स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : नविजान शेष ससुरा : हफिज मिया धुनिया पति : असलम मंसुर	स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : हदिश मिया ससुरा : हफिज मिया धुनिया पति : अनवर हुसेन	स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : फइद हुसेन मिया ससुरा : शमसेर मिया पति : हफिज मियाँ धुनिया

ऋणीको विवरण

२) नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा प्रा.फ.र.नं. ६८५३/५५३/६०/३४ बौधीमाई अन्तर्गत मिति २०७५/०९/२६ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ (हाल बौधीमाई न.पा. वडा नं. ७) स्थित **शनि राज ट्रेडर्स**

प्रोप्राईटर तथा जमानीकर्ता : जयमंगल प्रसाद

धितोको विवरण

१) द्वारिका साह कलवारको नाति, गोगाई साहको छोरा, रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, बौधीमाई न.पा. वडा नं. ७ बस्ने जयमंगल प्रसादको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ (हाल बौधीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. २३८ को क्षेत्रफल ०-४-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

२) जोगिन्द्र साह कल्वारकी छोरी, गोगाई साहकी बुहारी, जयमंगल प्रसादकी पत्नी, रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, बौधीमाई न.पा. वडा नं. ७ बस्ने मनदुटी देवीको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ (हाल बौधीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. १७१७ को क्षेत्रफल ०-०-११ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

३) शनि राज ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) जयमंगल प्रसाद	२) सनी कुमार जायसवाल	३) रेणु कुमारी	४) मनदुटी देवी
स्थायी ठेगाना: रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ हालको ठेगाना:रौतहट जिल्ला, बौधीमाई न.पा. वडा नं. ७ बाबु : गोगाई साह बाजे : द्वारिका साह कलवार	स्थायी ठेगाना: रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ हालको ठेगाना:रौतहट जिल्ला, बौधीमाई न.पा. वडा नं. ७ बाबु : जयमंगल प्रसाद बाजे : गोगाई साह	ठेगाना: रौतहट जिल्ला, बौधीमाई न.पा. वडा नं. ७ बाबु : रामनाथ प्रसाद कल्वार ससुरा : जयमंगल प्रसाद पति : सनी कुमार जयसवाल	स्थायी ठेगाना: रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ हालको ठेगाना:रौतहट जिल्ला, बौधीमाई न.पा. वडा नं. ७ बाबु : जोगिन्द्र साह कल्वार ससुरा : गोगाई साह पति : जयमंगल प्रसाद

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थिर भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

स्पष्ट परराष्ट्र नीतिले आर्थिक क्षमता बढ्छ : अर्थमन्त्री डा. महत

नयाँ पत्रिका

अर्थमन्त्री डा. प्रकाशशरण महतले स्पष्ट परराष्ट्र नीतिले देशको आर्थिक क्षमता बढाउने बताएका छन् । नेपालले आफ्ना अधिकार, प्राथमिकता तथा आवश्यकतालगायत कुरालाई स्पष्ट, आधार र तथ्यांकसहित प्रस्तुत गर्न सके आर्थिक क्षमतासमेत बढ्ने उनले बताएका हुन् ।

बिहीबार इन्स्टिच्युट फर स्ट्राटेजी एन्ड सोसियो इकोनोमिक रिसर्चले आयोजना गरेको साना राज्यको क्षमतासम्बन्धी गोष्ठीमा नेपालमा नेभिगेटिङ प्रतिस्पर्धा र परराष्ट्र नीतिका प्राथमिकताबारे सम्बोधन गर्दै मन्त्री डा. महतले यस्तो बताएका हुन् । 'यो आवश्यकता र अधिकार हो भनेर प्रस्तुत हुने हो भने हामीले धेरै अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्न सक्छौं । गुडविललाई हामीले सहयोगमा रूपान्तरण गर्न सक्छौं । यो सम्भावनालाई हामीले पूर्ण रूपमा उपयोग गर्न सकेका छैनौं,' उनले भने, 'यसरी सुस्पष्ट ढंगले प्रस्तुत हुने हो भने छिमेकले कतै नेपाल मेरो विरुद्धमा त छैन भनेर प्रश्न गर्न सक्छन्, त्यसबाट हामी मुक्त हुन्छौं, हामी कुनै पनि मित्रराष्ट्रविरुद्ध प्रयोग हुँदैनौं, हामीले हाम्रो



हित मात्र हेरिरहेका छौं बुझाइ हुन्छ ।'

राज्यको क्षमता, राष्ट्रिय संरचनाको क्षमता, आर्थिक, सामाजिक नीतिलाई सशक्त ढंगबाट कार्यान्वयन गर्ने क्षमता र परराष्ट्र सम्बन्धलाई सशक्त ढंगले प्रस्तुत गर्ने क्षमता नेपालले विकसित गर्नुपर्ने आवश्यकता रहेको उनले बताए । यस्तो क्षमता वृद्धि नभएकाले आर्थिक क्षेत्रमा विश्व समुदायले नेपाललाई 'स्मल टाइनी' उपाधि दिइरहेको उनले औंल्याए ।

'सानो वा ठूलो देशले आफ्नो देशलाई केन्द्रविन्दुमा राखेर परराष्ट्र नीति सञ्चालन गरेका हुन्छन् । कस्तो खालको परराष्ट्र नीति अवलम्बन गर्दा राष्ट्रहित र राष्ट्रिय स्वार्थ परिपूर्ण हुन्छ, त्यसैका आधारमा परराष्ट्र नीति सञ्चालन हुनुपर्ने,' मन्त्री डा. महतले भने, 'हामीले पनि त्यही गर्नुपर्छ । हामीले सोच्ने भनेकै देशका लागि हो ।'

चाइना, भारत वा अमेरिकासँग हामीले डिल गर्दा नेपालले आफ्ना कुरालाई बढी प्राथमिकतामा राख्नुपर्ने उनले बताए । 'आर्थिक रूपमा हामी स्थापित हुन राजनीतिक स्थायित्व चाहिन्छ । यसमा केही समस्या छन्, हाम्रो निर्वाचन प्रणालीमा सुधार आवश्यक छ । समानुपातिक व्यवस्थालाई कायमै राखेर पनि निर्वाचन प्रणाली सुधार गर्ने ठाउँ छन्,' अर्थमन्त्री डा. महतले भने, 'यदि निर्वाचन प्रणालीमा सुधार गर्न नसकिए पनि राजनीतिक स्थायित्वका लागि हामीले गम्भीर छलफल चलाउनुपर्छ । राजनीतिक स्थायित्व भयो भने हाम्रो आर्थिक क्षमता बढ्छ । आर्थिक नीतिलाई निरन्तरता र कार्यान्वयनले सहज बनाइदिन्छ । हामी आर्थिक क्षमता बढाउन सक्छौं, हामीसँग प्रशस्त सम्भावना छ । म यस कुरामा निराश छैन ।'

क्व्होंलासोथारमा नयाँ प्रशासकीय भवन निर्माण



शान्ता कमली/नयाँ पत्रिका

लमजुङको क्व्होंलासोथार गाउँपालिकाले नयाँ प्रशासकीय भवनबाट कामकाज सुरु गरेको छ । गाउँपालिकाको वडा नं. २ मालिङमा भवन निर्माण गरेसँगै बुधबारदेखि नयाँ भवनमा सरेर पालिकाको कामकाज सुरु गरिएको हो । तीनतले आरसिसी भवन निर्माणका लागि ०७७ असोज ३० गते सम्झौता गरी ०७९ असोज ३० गते निर्माण सक्नुपर्नेमा निर्माण कम्पनीले दुईपटक गरी ६ महिना म्याद थप गरेर भवन निर्माण सम्पन्न गरेको क्व्होंलासोथार गाउँपालिका अध्यक्ष सूर्यप्रसाद गुरुङले बताए ।

४ करोड ३६ लाख ९६ हजार ४ सय ६० रुपैयाँ ७० पैसा (भ्याटसहित) मा सम्झौता गरेकोमा निर्माण कम्पनीले सम्झौता रकमभन्दा कम ४ करोड १४ लाख १२ हजार ९ सय ३९ रुपैयाँ ६३ पैसामा भवन निर्माण सम्पन्न गरेको हो । भवन निर्माणका लागि गण्डकी प्रदेश सरकारले २ करोड र गाउँपालिकाले २ करोडभन्दा बढी खर्च गरेको छ । भवन २ रोपनी ४ आना २ पैसा जग्गामा रविना-अविशा-विकन जेभीले निर्माण गरेको हो ।

भवन निर्माणका लागि २ रोपनी १ आना २ पैसा जग्गा खरिद गरिएको थियो भने सँगै रहेको ३ आना जग्गा निवर्तमान वडाध्यक्ष बुद्धिप्रसाद गुरुङले निःशुल्क पालिकालाई दान गरेका थिए । भवनमा ३६ वटा कोठा र एउटा हल बनाइएको छ । भवनमा सिसिक्यामेरा जडान गरिएको छ । सेवाग्राहीलाई कामकाजमा ढिलाइ नहोस् भनेर सोलार, ब्याट्री ब्याकअपसमेत राखिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत त्रिलोकचन्द्र गुरुङले बताए ।

उनका अनुसार पहिले आफ्नै भवन नहुँदा जनप्रतिनिधि, कार्यालय र शाखाहरू छुट्टाछुट्टै छरिएर सञ्चालन हुँदै आएको थियो । अब एकै ठाउँमा काम हुने हुँदा सेवाग्राहीलाई सहज हुने भएको छ ।

तरल 'नाइट्रोजन प्लान्ट' निर्माण गर्दै कर्णाली सरकार

कर्णाली/ कर्णाली प्रदेश सरकारले तरल नाइट्रोजन प्लान्ट निर्माण गर्ने भएको छ । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको आव ०८०/८१ को स्वीकृत कार्यक्रमअन्तर्गत प्लान्ट निर्माण प्रक्रिया अगाडि बढेको हो ।

यसका लागि प्रदेश सरकारले दुई करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री भीमप्रकाश शर्माले बताए । 'प्लान्ट निर्माणका लागि हामीले बुधबार सुदूरपश्चिम प्रदेश सरकारले गेटा कैलालीमा स्थापना गरेको तरल नाइट्रोजन प्लान्ट अध्ययन अवलोकन गरेका छौं,' उनले भने, 'अब हामी भारतमा गएर पनि त्यसको अध्ययन गर्छौं र त्यसलगत्तै कर्णालीमा प्लान्ट स्थापना तथा सञ्चालन कार्यलाई अघि बढाउँछौं ।'

सहकारीमन्त्री शर्मासहित कृषि मन्त्रालयबाट गएको टोलीले सुदूरपश्चिम प्रदेश सरकारका कृषिमन्त्री कैलाश चौधरीसँग तरल नाइट्रोजन प्लान्ट स्थापनाबारेमा समन्वय सहकार्यका लागि सिकाइ तथा व्यावहारिक अभ्यासबारे छलफल गरेको थियो । *रासस*

सर्लाहीका चार स्थानीय तहले अझै ल्याएनन् बजेट

सर्लाही/ सर्लाहीका चार स्थानीय तहले आर्थिक वर्ष ०८०/८१ को बजेट अझै सार्वजनिक गर्न सकेका छैनन् । जिल्लाका २० स्थानीय तहमध्ये हरिपूर्वा र हरिवन नगरपालिका तथा चन्द्रनगर र बसबरिया गाउँपालिकाले बजेट ल्याउन नसकेका हुन् । ती स्थानीय तहमा जनप्रतिनिधिबीचको आपसी द्वन्द्वका कारण नयाँ बजेट आउन नसकेको जनाइएको छ ।



स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार पालिकाले हरेक वर्ष असार १० गतेभित्र आर्थिक वर्षको राजस्व र व्ययको अनुमान गाउँ वा नगरसभामा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ ।

हरिपूर्वा नगरपालिकामा तालाबन्दी रहेका कारण बजेट ल्याउन नसकिएको नगरप्रमुख विनोद साहले जानकारी दिए । चन्द्रनगर र बसबरिया गाउँपालिकामा बहुमत कार्यपालिका सदस्य आन्दोलनमा रहेका कारण बजेट आउन नसकेको हो भने हरिवन नगरपालिकामा पनि आपसी सहमति जुट्न नसक्दा नयाँ बजेट सार्वजनिक नभएको बताइएको छ । जिल्लाका बाँकी अन्य नगरपालिका र गाउँपालिकाले चालू आवको बजेट ल्याइसकेका छन् । *रासस*

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित
एनआईबिएल ग्रोथ फण्ड
(नेपाल धितोपत्र बोर्डबाट २०७९/०८/१८ मा योजना संचालन अनुमति प्राप्त)

३०८० श्रावण मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

		३०८० श्रावण मसान्त रकम (रु)	३०८० आषाढ मसान्त रकम (रु)
	धितोपत्रमा लगानी		
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	सूचीकृत शेयर	५८,८४,५२,४७१	५४,३८,०२,०६८
२	बैंक मुद्दती निक्षेप	१९,८०,००,०००	१९,८०,००,०००
३	ऋणपत्र /बन्ड	६,८३,०४,०००	६,८३,०४,०००
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर/अन्य सूचीकृत नभएको	१५,५०,०२,३४१	१५,३९,०९,१७४
	जम्मा	१,००,९७,५८,८१२	९६,४०,१५,२४२
	चालु सम्पत्ति		
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	बैंक मौज्दात	३४,०३,२०,२१५	३७,५९,१९,३२५
२	अन्य सम्पत्ति	६३,२२,५१८	१,९३,५५,७२७
	जम्मा	३४,६६,४२,७३३	३९,५२,७५,०५२
	चालु दायित्व		
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	अन्य दायित्व	२,३१,६६,८६९	१४,६७,९२०
	जम्मा	२,३१,६६,८६९	१४,६७,९२०
	खुद सम्पत्ति (ग्रस)	१,३३,३२,३४,६७६	१,३५,७८,२२,३७४
	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	१९,८७,०६८	५७,७०,३१७
	कोष सुपरिवेक्षक शुल्क	१,४०,२६४	४,०७,३१७
	खुद सम्पत्ति	१,३३,११,०७,३४४	१,३५,१६,४४,७४०
	जम्मा इकाई	१३,२०,००,०००	१३,२०,००,०००
	प्रति इकाई खुद मूल्य	१०.०८	१०.२४
	आय व्यय विवरण		
क्र.सं.	विवरण	३०८० श्रावण मसान्त रकम (रु)	३०८० आषाढ मसान्त रकम (रु)
१	प्राप्त भइ सकेको आम्दानी	१,२५,३७,७२१	५,१६,५३,७९१
२	प्राप्त भइ नसकेको आम्दानी	(३,०९,०१,३३६)	२४,१४,१६०
	जम्मा आम्दानी	(१,८३,६३,६१५)	५,४०,६७,९५१
१	प्रकाशन, सूचिकरण तथा अन्य खर्च	३६,५४१	१,०४,६५,७८८
२	योजना लेखापरीक्षण शुल्क	९,९०७	१,१३,०००
३	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	१९,८७,०६८	१,१०,६३,४७२
४	कोष सुपरिवेक्षक शुल्क	१,४०,२६४	७,८०,९५१
	जम्मा खर्च	२१,७३,७८०	२,२४,२३,२११
	कुल आय / (व्यय)	(२,०५,३७,३९५)	३,१६,४४,७४०

नोटः - सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मूल्यांकन गरिएको छ ।
- योजनाको २०८० श्रावण मसान्त सम्मको सूचिकृत तथा सूचीकृत नभएका सेयर, डिबेन्चर तथा मुद्दती निक्षेपमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु. ९६,१६,०१,०८२ रहेको छ ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

	धितोपत्र	संख्या	मुल्यांकन रकम
	वाणिज्य बैंक समूह		
१	प्रभु बैंक लिमिटेड	४७,४४२	७,७६६,२५५
२	नेपाल बैंक लिमिटेड	५१,८८५	१३,१२१,७१७
३	सिद्धार्थ बैंक लिमिटेड	४६,३७०	१२,२८८,०५०
४	प्राइम कमर्सियल बैंक लिमिटेड	८८,१७६	१६,३७४,२८३
५	एनएमबि बैंक लिमिटेड	६७,६३७	१५,२८५,९६२
६	एनआइसि एसिया बैंक लिमिटेड	५३,११५	४१,५३०,६१९
७	हिमालयन बैंक लिमिटेड	२०,६१०	४,२८६,८८०
८	सनराईज बैंक लिमिटेड	४६,७२९	८,०९०,५२१
९	कुमारी बैंक लिमिटेड	४३,३४०	७,०२१,०८०
१०	नबिल बैंक लिमिटेड	१३,०००	७,७०९,०००
११	सानिमा बैंक लिमिटेड	१२,९६४	३,८१९,५७१
	विकास बैंक समूह		
१	गरिमा विकास बैंक लिमिटेड	९०,५३०	३४,४०१,४००
२	शाइन रेसन्ना डेभलप्मेन्ट बैंक लिमिटेड	३८,५१२	१४,५५८,१४८
३	लुम्बिनी बिकास बैंक लिमिटेड	२६,६३४	१०,६६४,२५४
४	मुक्तिनाथ बिकास बैंक लिमिटेड	७८,५५५	३१,१०७,७८०
५	मितेरी डेभलप्मेन्ट बैंक लिमिटेड	२७,६३७	११,०७६,९१०
६	महालक्ष्मी बिकास बैंक लिमिटेड	२५,६९५	८,०१३,९२५
७	कामना सेवा विकास बैंक	२७,०००	८,५०५,०००
	फाइनान्स समूह		
१	मन्जुश्री फाइनान्स लिमिटेड	८,९९९	४,६६१,४८२
२	आइ.सि.एफ.सि फाइनान्स लिमिटेड	१५,०००	७,०८०,०००
३	गुडविल फाइनान्स लिमिटेड	३१,४८६	१४,०११,२७०
४	रिलायन्स फाइनान्स लिमिटेड	२४,५०२	७,८४०,६४०
	लघुवित्त समूह		
१	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१७,६३२	११,७०७,६४८
२	छिमेक लघुवित्त वित्तिय संस्था लिमिटेड	१६,०४५	१५,७२४,१००
३	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	८,७७२	५,३५०,९२०
४	फरवार्ड लघुवित्त वित्तीय संस्था लिमिटेड	१०,६१०	१२,६४

अर्थ पत्रिका

नयाँ पत्रिका
शुक्रबार १५ भदौ ०८०

दुई महिनामै डेढ अर्ब नाफा सुनिश्चित गरेको आयल निगम निरन्तर मूल्यवृद्धि गर्दै

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा खासै वृद्धि नभए पनि नेपालमा एक महिनामै तीनपटक गरेर पेट्रोल १८ रुपैयाँ र डिजेल २४ रुपैयाँ प्रतिलिटर महँगियो

अजित अधिकारी/नयाँ पत्रिका

नेपाल आयल निगम लिमिटेडले ३१ असारदेखि पूर्ण स्वचालित प्रणालीमा पेट्रोलियम पदार्थको मूल्य निर्धारण गर्न थालेपछि करिब एक अर्ब ६८ करोड नाफा सुनिश्चित गरेको छ। आयल निगमलाई कहिल्यै घाटा नहुने, तर उपभोक्ता महँगीको मारमा पर्ने गरी तयार गरिएको नयाँ सूत्रका कारण निगमले एक महिनायता पेट्रोलियम पदार्थको मूल्यमा ठूलो दरले वृद्धि गरिसकेको छ।

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढेका कारण इन्डियन आयल कर्पोरेसन (आइओसी)ले बिहीबार नयाँ मूल्य बढाएर पठाएको छ। निगमका अनुसार आइओसीले पठाएको मूल्यसूचीमा पेट्रोल ३.१७ रुपैयाँ, डिजेल २.४८ रुपैयाँ र मट्टीतेल करिब १४ रुपैयाँ प्रतिलिटर बढेर आएको छ। त्यस्तै, हवाई इन्धन प्रतिलिटर १४ रुपैयाँ र खाना पकाउने एलपी ग्यासको मूल्य प्रतिसिलिन्डर एक सय ८६ रुपैयाँ ४५ पैसाले बढेर आएको प्रवक्ता मनोज ठाकुरले बताए।

निगमले बिहीबार बिहानबाट लागू हुने गरी पेट्रोल चार रुपैयाँ र डिजेल तीन रुपैयाँ प्रतिलिटर तथा खाना पकाउने एलपी ग्यासको मूल्य दुई सय ३५ रुपैयाँ प्रतिसिलिन्डर वृद्धि गरेको छ। मूल्यवृद्धिपछि ग्यासको मूल्य प्रतिसिलिन्डर १८ सय ९५ रुपैयाँ पुगेको छ। जुन अहिलेसम्मकै सबैभन्दा महँगो हो। '३१ असारदेखि अन्तर्राष्ट्रिय बजारअनुसार नेपालमा मूल्य समायोजन गर्ने नीति लागू गरिएको छ। बिहीबार आइओसीबाट मूल्य बढेर आएका कारण नेपाली बजारमा पनि मूल्यवृद्धि गर्न बाध्य भएका हौं,' प्रवक्ता ठाकुरले भने।

मूल्यवृद्धिपछि पेट्रोल एक सय ८२ रुपैयाँ तथा डिजेल र मट्टीतेल एक सय ७० रुपैयाँ प्रतिलिटर पुगेको छ। यो काठमाडौं उपत्यकाको मूल्य हो। उपत्यकाभन्दा तराईमा २.५० रुपैयाँ र सुर्खेत तथा दाडमा एक रुपैयाँ प्रतिलिटर सस्तो हुने गरेको छ। यसरी मूल्य निर्धारण गर्दा आयल निगमलाई आगामी १५ दिनमा २६ करोड रुपैयाँ नाफा हुने प्रक्षेपण गरिएको छ।

यसअघि १-१५ भदौसम्म ४१ करोड रुपैयाँ नाफाको प्रक्षेपण गरिएको थियो भने साउन महिनामा एक अर्ब एक करोड रुपैयाँ नाफा गरेको थियो। साउन १ देखि १५ सम्म ५२ करोड र १६ देखि ३२ साउनसम्म थप ४९ करोड रुपैयाँ नाफा निगमले कमाएको थियो।



भारतमा ग्यासको मूल्य दुई सय भारु घट्यो
नेपालमा २ सय ३५ रुपैयाँले बढ्यो

भारतमा ग्यासको मूल्य प्रतिसिलिन्डर दुई सय भारु अर्थात् तीन सय २० रुपैयाँले घटेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा बसेको केन्द्रीय सरकारको मन्त्रिपरिषद् बैठकले मंगलबारबाट लागू हुने गरी घरायसी प्रयोजनको ग्यास सिलिन्डर (१४.२ किलो)को मूल्य भारु दुई सयले कटौती गर्ने निर्णय गरेको थियो। मूल्य घटेपछि दिल्लीमा ग्यासको मूल्य प्रतिसिलिन्डर नौ सय तीन भारु निर्धारण भएको छ।

सरकारको यो निर्णयले भारतका ३३ करोडभन्दा बढी ग्यास प्रयोगकर्ताले लाभ लिएको भन्दै खुसी व्यक्त गरेका छन्। गरिब जनताका लागि सन् २०१६ देखि सञ्चालित 'उजाला योजना'अन्तर्गतका लागि भने चार सय भारु प्रतिसिलिन्डर मूल्य घटाउने निर्णय भएको छ। भारतमा जनतालाई महँगीबाट राहत दिन सरकारले ग्यासको मूल्य कटौती गरेको घोषणा गरिरहेका वेला नेपालमा महँगीको मार खेपिरहेका जनतामाथि भने सरकार स्वामित्वको आयल निगमले ग्यासको मूल्य प्रतिसिलिन्डर दुई सय ३५ रुपैयाँ गरेर उपभोक्ताको ढाड सेकेको छ। आइओसीले प्रतिसिलिन्डर एक सय ८६ रुपैयाँ ४५ पैसा मूल्य बढाएर पठाएको र यसमा करलगायतका अन्य खर्च जोडेर प्रतिसिलिन्डर १८ सय ९५ पुऱ्याइएको निगम प्रवक्ता मनोज ठाकुरले बताए।

आयल निगमका प्रवक्ता मनोज ठाकुरले स्वचालित मूल्य प्रणाली लागू गरेपछि अन्तर्राष्ट्रिय भाउअनुसार घटबढ हुनु स्वाभाविक भएको बताए। 'अन्तर्राष्ट्रिय भाउअनुसार आइओसीले हामीलाई जुन मूल्य पठाउँछ, सोहीअनुसार नेपाली बजारमा पेट्रोलियमको मूल्य समायोजन हुने गरेको छ,' उनले भने, 'यसलाई अन्यथा लिनुहुन।'

■ अन्तर्राष्ट्रिय बजारमा सामान्य वृद्धि

अन्तर्राष्ट्रियस्तरमा कच्चा तेलको भाउमा भने सामान्य दरमा मात्रै हेरफेर भएको छ। १६ अगस्ट (३१ साउन)मा ८१.१४९ डलर प्रतिब्यारेल रहेको कच्चा तेलको भाउ बिहीबार साँझ ८२.४६३ डलर प्रतिब्यारेलमा कारोबार भएको छ। यो १५ दिनको अवधिमा अधिकांश समय कच्चा तेलको भाउ घटेकोसमेत थियो। ६ भदौ (२३ अगस्ट)मा भने कच्चा तेलको भाउ ७८ .२६ डलर प्रतिब्यारेलमा झरेको थियो। अहिले कच्चा तेलको प्रशोधन लागत बढेकाले मूल्यमा असर परेको आयल निगमका प्रवक्ता ठाकुरले बताए। उनका अनुसार पहिले अधिकतम ११ डलरसम्म रहेको कच्चा तेलको प्रशोधन शुल्क बढेर ३३ डलर प्रतिब्यारेलसम्म पुगेकाले लागतमा असर परेको हो।

■ एक महिनामै पेट्रोल १८ र डिजेल २४ रुपैयाँ महँगियो

आयल निगम लिमिटेडले स्वचालित मूल्य प्रणालीको हवाला दिँदै एक महिनामै पेट्रोलमा १८ रुपैयाँ र डिजेलमा २४ रुपैयाँ प्रतिलिटर मूल्यवृद्धि गरिसकेको छ। बिहीबारबाट लागू हुने गरी पेट्रोलमा चार र डिजेलमा तीन रुपैयाँ मूल्यवृद्धि गरेको निगमले यसअघि ३० साउनमा पनि पेट्रोल र डिजेलको मूल्य क्रमशः पाँच रुपैयाँ र १४ रुपैयाँ प्रतिलिटर वृद्धि गरेको थियो। त्यसअघि १६ साउनमा समेत पेट्रोल नौ र डिजेल सात रुपैयाँ प्रतिलिटर वृद्धि गरेको थियो।

सबैभन्दा धेरै खपत हुने डिजेल र पेट्रोलमा निगमले क्रमशः २ र २.५ प्रतिशत नाफा जोडेर उपभोक्ता मूल्य निर्धारण गर्दै आएको छ। कुल पेट्रोलियम पदार्थको खपत परिमाणमा डिजेलको हिस्सा ५० प्रतिशत र पेट्रोलको हिस्सा २४ प्रतिशत छ। यसरी ७४ प्रतिशत हिस्सा ओगट्ने पदार्थमा नाफा राख्दा निगमले स्वचालित प्रणाली लागू गरेयता निरन्तर नाफा आर्जन गर्दै आएको छ। ग्यासमा भने नाफा-घाटा नराखी मूल्य तोकिने गरेको छ।

भारततर्फको निर्यात २० प्रतिशतले घट्यो



काठमाडौं/ प्रमुख व्यापार साझेदार मुलुक भारतमा नेपालको निर्यात घटेको छ। चालू आर्थिक वर्षको पहिलो महिनामा भारततर्फको निर्यात २०.८४ प्रतिशतले घटेको हो।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका अनुसार साउन महिनामा नेपालले भारतमा आठ अर्ब ४८ करोड रुपैयाँबराबरको वस्तु निर्यात गरेको छ। जुन गएको आवको साउन महिनाको तुलनामा एक अर्ब ६९ करोड रुपैयाँले कमी हो। खानेतेलको निर्यातमा उच्च ह्रास आएपछि भारतर्फको निकासी घटेको केन्द्रको विश्लेषण छ। 'भारततर्फको निकासीमा ह्रास आउनुमा भारततर्फ हुने खाद्य तेलहरू (भटमास, पाम र सूर्यमुखी तेलको चार अर्ब ९४ करोडबराबरको ह्रास आउनु नै प्रमुख कारणका रूपमा रहेको छ,' केन्द्रले उल्लेख गरेको छ।

नेपालको कुल निकासीमा भारतको हिस्सासमेत घटेको छ। गएको आर्थिक वर्षको साउन महिनामा कुल निकासीमा भारतको हिस्सा ७२.३५ प्रतिशत रहेको थियो। चालू आवको साउन महिनामा यस्तो हिस्सा ६२.७० प्रतिशतले झरेको छ। भारततर्फको आयात भने ३.३० प्रतिशतले बढेको छ। चालू आवको साउनमा नेपालले भारतबाट ८१ अर्ब २५ करोड रुपैयाँबराबरको वस्तु आयात गरेको छ। गत वर्ष उक्त महिनामा ७८ अर्ब ६६ करोडको वस्तु आयात भएको थियो।

चीनतर्फको निर्यात बढ्यो

नेपालको निर्यात व्यापारका प्रमुख गन्तव्य मुलुकमा संयुक्त राज्य अमेरिका, जर्मनी, चीन, युके, फ्रान्स, जापान, युएई, अस्ट्रेलिया, नेदरलेन्ड्स, क्यानडा, टर्की, हङकङ (चीन) र इटाली रहेका छन्। यसमध्ये जर्मनी, जापान र इटलीतर्फको निर्यात घटेको छ। अन्य ११ मुलुकतर्फको निर्यात भने बढेको छ। पहिलो महिनामा चीनतर्फको निर्यात भने ह्वात्तै बढेको देखिएको छ। केन्द्रका अनुसार साउन महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा चीनतर्फको निर्यात पाँच सय २७ प्रतिशतले बढेको हो।

यो साउनमा नेपालले चीनमा ३९ करोडको निर्यात गरेको छ। जबकि, अघिल्लो वर्षको साउनमा ६ करोडको मात्रै निर्यात गर्न सकेको थियो। साउन महिनामा नेपालले कुल १३ अर्ब ५३ करोडको वस्तु निर्यात गरेको छ। जुन गत वर्षको साउनको तुलनामा २९.७ प्रतिशतले कमी हो। गत वर्षको साउनमा नेपालले २० अर्ब ७७ करोड निर्यात गरेको थियो।


Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

नौ वर्षमा थपियो तीन हजार ११८ किमि प्रसारणलाइन

नयाँ पत्रिका

नेपालको विद्युत् प्रसारण प्रणालीमा नौ वर्षमा तीन हजार एक सय १८ किलोमिटर सर्किट प्रसारणलाइन निर्माण भएको छ। विद्युत्गृहबाट उत्पादित विद्युत् ग्राहकको घरसम्म पुऱ्याउन प्रसारण तथा वितरण लाइन र सबस्टेसनहरूको आवश्यकता पर्छ। सो अवधिमा ग्रिड सबस्टेसनहरूको क्षमता आठ हजार आठ सय ६७ एमभिए पुगेको विद्युत् प्राधिकरणको तथ्यांक छ। नौ वर्षअघि आर्थिक वर्ष (आव) ०७१/७२ मा सबस्टेसनहरूको क्षमता २१ सय ३२ एमभिए मात्र थियो। तर, आव ०७९/८० मा आइपुग्दा सबस्टेसनहरूको क्षमता ६ हजार सात सय ३५ एमभिए थपिएको हो। आव ०७१/७२ मा ६६ र १३२ केभीबाट मात्र विद्युत् प्रसारण भइरहेकामा अहिले ६६, १३२, २२० र ४०० केभी लाइनहरू सञ्चालनमा छन्।

आव ०७१/७२ मा २६ सय २४ सर्किट किलोमिटर प्रसारण लाइन रहेकामा हाल तीन हजार एक सय १८ सर्किट किलोमिटर थपिएर आव पाँच हजार सात सय ४२ सर्किट किलोमिटर पुगेको छ। अहिले प्रणालीमा ६६ र एक सय ३२ केभी प्रसारणलाइनको लम्बाइ क्रमशः पाँच सय १४ र तीन हजार नौ सय ७९ सर्किट किलोमिटर छ। यसैगरी, २२० र ४०० केभी प्रसारणलाइनको लम्बाइ क्रमशः एक हजार एक सय एक र एक सय ४८ सर्किट किलोमिटर छ। आव ०७५/७६ मा सबैभन्दा बढी अर्थात् ६ सय ६ सर्किट किलोमिटर प्रसारणलाइन थपिएको थियो। यसैगरी, आव ०७४/७५ मा सबैभन्दा कम एक सय ४१ सर्किट किलोमिटर लाइन थपिएको थियो। गत आवमा चार सय १३ किलोमिटर सर्किट किलोमिटर प्रसारण लाइन प्रणालीमा थपिएको छ।



प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्राविधिक कारणले समय-समयमा विद्युत् गएको भन्ने उपभोक्ताको गुनासोलाई सम्बोधन गर्न पूर्वाधार निर्माणमा योजनाबद्ध रूपमा अघि बढेको बताए। प्रसारणलाइनका आयोजनाहरू निर्माणमा आउने स्थानीयको अवरोध, जग्गाप्राप्ति र वन क्षेत्रको जग्गा उपभोगजस्ता समस्यालाई समाधान गर्दै काम गरिरहेको उनको भनाइ छ।

'आगामी १० वर्षलाई देश विकास दशक घोषणा गरी वर्तमान ऐन-कानुन व्यापक संशोधन वा प्रतिस्थापन गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ। वन क्षेत्रको जग्गा उपभोगलाई सहज बनाउन चालू आवको बजेटमार्फत घोषणा गरिएका कार्यक्रमलाई शीघ्र कार्यान्वयनमा लैजानुपर्छ,' उनले भने।

सन् ०५० सम्मको विद्युत् माग धान्ने गरी काठमाडौंलगायतका देशका प्रमुख सहरहरूलाई ११ वटा क्लस्टरमा विभाजन गरी प्रसारण तथा सबस्टेसन संरचनाहरूको गुरुयोजना तयार पारिएको बताउँदै उनले आवश्यक स्रोत जुटाई क्रमिक रूपमा काम गर्दै जाने बताए। साथै, तराई-मधेसका दक्षिण क्षेत्रमा औद्योगिक तथा सहरी क्षेत्र विस्तारलाई ध्यान दिई हुलाकी राजमार्गको आसपासबाट ४००, २२० र १३२ केभी पूर्व-पश्चिम प्रसारणलाइन निर्माण कार्य प्रारम्भ गरिएको पनि उनले बताए।

प्राधिकरणका अनुसार हाल विभिन्न क्षमताका दुई हजार आठ सय ५२ सर्किट किलोमिटर प्रसारणलाइन निर्माणाधीन छन्। सबैभन्दा बढी एक सय ३२ केभीको एक हजार एक सय ११ सर्किट किलोमिटर प्रसारण लाइन निर्माणाधीन छन्। त्यस्तै, २२० र ४०० केभीको क्रमश : नौ सय ८८ र सात सय ५४ सर्किट किलोमिटर प्रसारण लाइन निर्माणाधीन छन्। ६ हजार सात सय ५१ सर्किट किलोमिटर निर्माण अगाडि बढाउन प्रस्ताव गरिएको छ।




ग्लोबल आइएमई बैंक लिमिटेडको
गैह बैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वान गरेको सूचना

प्रकाशित मिति २०८०/०५/१५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ग्लोबल आइएमई बैंक लि.को स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गाहरु) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधिनमा रही आफुले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा यस बैंकको प्रधान कार्यालय, नक्साल, काठमाडौं स्थित कर्जा असुली विभाग वा बैंकको अन्य शाखाहरुमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्न यसै सूचनाद्वारा आव्हान गरिन्छ। यस बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसीलमा उल्लिखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। सो तोकिएको दिन विदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन साबिक समय र सोही स्थानमा बोलपत्र खोलिनेछ। प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। बोलपत्र फारम तोकिएको दस्तुर तिरी यस बैंकबाट खरिद गर्न सकिने छ। साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ। उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सम्पर्क गर्नु होला।

तपसिल

बिक्री गरिने सम्पत्तिको विवरण :

सम्पतिको विवरण	
१. कुपण्डोल शाखा, ललितपुर	**२. तम्घास शाखा, गुल्मी**
मालपोत कार्यालय, कलंकी, काठमाडौंमा दर्ता कायम रहेको : काठमाडौं जिल्ला, स्युचाटार गा.वि.स./न.पा. वडा नं. ९ क स्थित कित्ता नं. २१५ को क्षेत्रफल ०-१५-१-० रोपनी वा ४८४.८० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। 	**मालपोत कार्यालय, गुल्मीमा दर्ता कायम रहेको :** गुल्मी जिल्ला, तम्घास गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ६८३ को क्षेत्रफल ०-६-२-० रोपनी वा २०६.६८ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। 
३. त्रिपुरेश्वर शाखा, काठमाडौं	**४. बुटवल राममन्दिर लाइन शाखा, रुपन्देही**
मालपोत कार्यालय, लगनखेल, ललितपुरमा दर्ता कायम रहेको : ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा वडा नं. ३ ग स्थित कित्ता नं. ६६६ को क्षेत्रफल ०-५-०-० रोपनी वा १५८.९५ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। 	**मालपोत कार्यालय, चावहिल, काठमाडौंमा दर्ता कायम रहेको :** काठमाडौं जिल्ला, विष्णु (बुढानिलकण्ठ) गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. २०१० को क्षेत्रफल ०-७-०-० रोपनी वा २२२.५३ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। 

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय : २०८० भदौ २९ गते शुक्रबार कार्यालय समयसम्म।
बोलपत्र खोलिने मिति र समय : २०८० भदौ ३१ गते आइतबार दिनको ३:०० बजे।
बोलपत्र खोलिने स्थान : ग्लोबल आइएमई बैंक लिमिटेडको सम्बन्धित शाखा कार्यालयहरुमा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

अलैंचीको मूल्य बढ्यो, तर उत्पादन ५०% घट्ने

झापामा **चिरञ्जीवी घिमिरे**

नेपालबाट निर्यात हुने उत्पादनमध्ये ठूलो हिस्सा ओगट्ने कालो सुनको नामले परिचित अलैंचीको मूल्य यसपटक वृद्धि भएको हो। अहिले राम्रो अलैंचीको मूल्य प्रतिमन ६० हजार रुपैयाँ रहेको अलैंची व्यवसायी महासंघले जनाएको छ।

कुनै वेला एक लाखभन्दा बढीमा प्रतिमन बिक्री हुँदै आएको अलैंची केही समयअघि प्रतिमन २० देखि २३ हजारसम्म पनि कारोबार भयो। निरन्तर ओरालो लागेको अलैंचीको मूल्य गत वर्षदेखि भने सुधार आएको हो। 'सात-आठ वर्षपछि अलैंचीले राम्रो मूल्य पायो। एक महिनाअघि त राम्रो अलैंचीको मूल्य ६८ हजारसम्म पुग्यो,' अलैंची व्यवसायी महासंघका अध्यक्ष निर्मल भट्टराईले भने।

उनले नेपालको अलैंची राम्रो भएका कारण यसपटक मूल्य बढेका कारण 'होल्ड' नभई निर्यात भएको बताए। 'भारतका व्यापारीले नेपालमा अब उत्पादन घट्ने अनुमान गरेर अलैंचीको मूल्य बढ्ने आसले खरिद गरेर स्टक गरे। जसका कारण बजारमा अलैंचीको अभाव भयो। त्यही भएर अलैंचीको मूल्य बढ्यो,' उनले भने, 'यस वर्ष नेपालमा भने अलैंची स्टक भएन। १० हजार मेट्रिकटनमध्ये झन्डै आठ हजार मेट्रिकटन अलैंची असार मसान्तसम्म निर्यात भयो।'

नेपालका ४३ जिल्लामा विस्तार भएको अलैंची खेती सबैभन्दा बढी पूर्वको ताप्लेजुङमा फल्छ। गुणस्तरको हिसाबले संखुवासभा पहिलो रहेको महासंघले जनाएको छ। अलैंचीको कारोबार हुने हिसाबले झापाको बिर्तामोड नेपालकै प्रमुख व्यापारिक केन्द्र हो। पूर्वीनाका काँकडभिट्टाबाट अलैंची निर्यात हुने गरेको छ। यसबाहेक अन्य केही नाकाबाट पनि भारततर्फ नगण्य रूपमा अलैंची निर्यात हुने महासंघले जनाएको छ। नेपाली अलैंची ९९ प्रतिशत भारतमा बिक्री हुने गरेको छ।

गत वर्ष करिब १० हजार मेट्रिकटन अलैंची उत्पादन भएको अध्यक्ष भट्टराईले बताए। गत वर्ष उत्पादन मात्र वृद्धि भएन, अहिलेसम्मकै धेरै मूल्यको निर्यात पनि भयो। मेची भन्सार कार्यालय काँकडभिट्टाको तथ्यांकअनुसार आर्थिक वर्ष ०७९/८० मा आठ अर्ब २४ करोड १५ लाखको अलैंची निर्यात भएको छ। चालू आर्थिक वर्षको साउनमा मात्र ९६ करोड ४६ लाखको अलैंची भारत निकासी भएको तथ्यांक छ।

मेची भन्सार कार्यालयका अनुसार आर्थिक वर्ष ०७८/७९ मा चार अर्ब ७६ करोड ४३ लाखको निर्यात भएको थियो। यस्तै, आर्थिक वर्ष ०७७/७८ मा ६ अर्ब ८९ करोड ५४ लाखको अलैंची निर्यात भएको भन्सार कार्यालयले जनाएको छ। यस्तै, आर्थिक वर्ष ०७६/७७ मा चार अर्ब १९ लाखको अलैंची निर्यात भएको थियो भने आर्थिक वर्ष ०७५/७६ मा दुई अर्ब ९७ करोड ८९ लाखको मात्र अलैंची निर्यात भएको भन्सारको तथ्यांक छ।



बिर्तामोडस्थित गोदाममा अलैंची दाना ग्रेडिङ गरिँदै। तस्बिर : नयाँ पत्रिका

नेपालका ४३ जिल्लामा विस्तार भएको अलैंची उत्पादन भदौदेखि कात्तिक अन्तिमसम्म हुन्छ। कृषकले बिक्री गरेको अलैंची झापाको बिर्तामोडसम्म कारोबार हुने गरेको छ। यस वर्षको नयाँ उत्पादन पनि बजारमा आउन थालेको नेपाल अलैंची व्यवसायी महासंघका अध्यक्ष निर्मल भट्टराईले बताए।

यद्यपि, गत वर्षको तुलनामा यसपटक अलैंचीको उत्पादन ५० प्रतिशत घट्ने आकलन गरिएको उनको भनाइ छ। 'गत वर्ष करिब १० हजार मेट्रिकटन अलैंची उत्पादन भएको थियो। यसपटक झन्डै ५० प्रतिशत मात्र अलैंची उत्पादन घट्ने हाम्रो आकलन छ,' उनले भने, 'यसटक पाँच हजार मेट्रिकटन हाराहारी उत्पादन हुन सक्छ। मूल्य पनि राम्रै भएकाले समयमै निर्यात हुन्छ, होल्ड हुँदैन भन्ने हाम्रो बुझाइ छ।'

सिँचाइ समस्याका कारण अलैंचीको उत्पादन यसपटक घट्ने अध्यक्ष भट्टराईले बताए। 'सिँचाइका लागि आकासे पानीको भर पर्नुपर्छ। कुनै वेला आवश्यक पर्दा वर्षा हुँदैन। माघदेखि चैतसम्म फूल खेल्ने वेला पानी चाहिन्छ। यसपटक समयमा पानी परेन,' उनले भने, 'सिँचाइ सुविधा भएको ठाउँमा यसपटक पनि अलैंची राम्रो छ। तर, १० प्रतिशत मात्र सिँचाइ सुविधा छ। ९० प्रतिशतमा सिँचाइ सुविधा छैन। समयमा पानी नपर्दा यसपटक उत्पादन घट्ने आकलन छ।'

कोइली खोलामा नौ करोडमा पुल निर्माण

कपिलवस्तु/ कपिलवस्तुपूर्व राजमार्ग जोड्ने बनगाई डोहोटे सडकको कोइली खोलामा पक्की पुल बनेपछि भलवाडका बासिन्दामा खुसीयाली छाएको छ। वर्षा लाग्न सुरु गरेलगत्तै कपिलवस्तुको बाणगंगा नगरपालिका वडा नम्बर ९ भलवाडका स्थानीय बासिन्दालाई सधैं चिन्ताले सताइरहन्थ्यो।

अहिले कोइली खोलामा पक्की पुल बनेपछि बाणगंगा नगरपालिकामा बर्सातको समयमा विकट भनेर चिनिने वडा नम्बर ९ भलवाडका जनतालाई समेत आवतजावत गर्न सहज भएको छ। ५० मिटर लम्बाइ रहेको पुल लुम्बिनी प्रदेशको नौ करोडभन्दा बढी लागतमा सो पुल दुई वर्षमा सम्पन्न गर्ने जिम्मा सिद्धार्थ दर्शन हिमाल जेभी कन्स्ट्रक्सनले पाएको थियो। पुलको ठेक्का पाएपछि समयभन्दा अगाडि नै सम्पन्न गरेको जेभिका प्रोपाइटर यमलाल खनालले बताएका छन्।



चाडपर्वलक्षित बजार अनुगमन तीव्र बनाउँदै वाणिज्य विभाग

नयाँ पत्रिका

वाणिज्य आपूर्ति उपभोक्ता संरक्षण विभागले चाडपर्वलक्षित बजार अनुगमनलाई तीव्र बनाउने भएको छ। नजिकिँदै गरेका चाडपर्वमा हुन सक्ने कालोबजारी रोक्नका लागि स्थानीय तहसँग सहकार्य गरेर अनुगमनलाई तीव्र बनाउने तयारी गरिएको वाणिज्य विभागका महानिर्देशक गजेन्द्रकुमार ठाकुरले बताए।

उनले भने, 'अन्य समयको तुलनामा भन्दा चाडपर्वमा विशेष कालोबजारी हुने भएकाले अहिलेदेखि नै रणनीति बनाएर जान लागेका हौं।' तर, बजार अनुगमनमा जाने जनशक्ति कम हुँदा सोचेजस्तो अनुगमन पनि गर्न नसकिएको विभागका निर्देशक होमनाथ भट्टराईले बताए। उनले भने, 'अहिले दैनिक दुईदेखि तीनवटा टोलीले बजार अनुगमन गरिरहेका छौं, चाडपर्वमा जनशक्ति बढाएर जाने तयारी छ। कर्मचारी परिपूर्तिका लागि संघीय मामला मन्त्रालयमा समन्वय भएको र अधिकृत र नासुस्तरका कर्मचारी माग गरिएको उनले जानकारी दिए। चाडपर्वलक्षित बजार अनुगमनलाई तीव्र बनाउन करिब आठदेखि १० टोलीको आवश्यक पर्ने भट्टराईको भनाइ छ।



पछिल्लो समय वाणिज्य विभागले प्रत्यक्ष उपभोक्तासँग जोडिएका विभागलाई मिलाएर संयुक्त अनुगमन टोली बनाएर लैजाने रणनीति बनाएको छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, नापतौल विभागलगायतका विभागसँग सहकार्य गरेर अनुगमन गर्ने गरी तयारी थालिएको विभागको भनाइ छ। तयारीका लागि अनुगमन समन्वयात्मक समिति गठनसमेत गरिएको छ।

यस समितिले सात सय ५३ वटै स्थानीय तहलाई पत्र पठाएर अनुगमन समिति बनाउने र हरेक वडापालिका र नगरमा अनुगमन बनाउने गरी तयारी थालेको भट्टराईले बताए। उनले भने, 'सबै स्थानीय तहबाटै चुस्त बनाउने गरी हामी जुटेका छौं, कैफियत भेटिएको खण्डमा तुरुन्त कारबाही गर्छौं।'

उपभोक्ता अधिकार मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले विगतका वर्षहरूमा पनि बजार अनुगमनलाई चुस्त बनाउने भनिए पनि उपभाक्ता ठगिएको बताए।

उनले भने, 'विभागले हरेक वर्ष तयारी गरेको भए पनि उपभोक्ता विभिन्न बहानामा ठगिएका छन्।' सरकारले पनि अनुगमनलाई प्रभावकारी बनाउनका लागि कर्मचारी उपलब्ध गराउनुपर्ने र कालो बजारीलाई तत्काल कारबाही नगरीकन प्रभावकारी नहुने उनको भनाइ छ।

विभागले पछिल्लो समय तरकारी, लत्ताकपडा, खाद्यान्नलगायतमा अनुगमन तीव्र बनाएको छ। बिस्तारै खाद्यान्न र लत्ताकपडाको माग बढ्न थालेको र उपभोक्ता यस्ता कुरामा ठगिएको जानकारी आएपछि अनुगमन बढाएको विभागको दाबी छ।

ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड
वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०५/१५)

शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८०/०५/१२ गते शनिबार दिउँसो ३:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम आ.व. २०७९/०८० को वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्नुपर्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारणसभा हुने मिति, समय र स्थान

मिति : २०८०/०६/०५ गते शुक्रबार अर्थात सेप्टेम्बर २२, २०२३।

स्थान : अल्फा हाउस रेष्ट्रो बार एण्ड ब्याङ्क्वेट,
चौथौं तल्ला, अल्फा बेटा कम्प्लेक्स, नयाँ बानेश्वर, काठमाडौं

समय : बिहान ११:३० बजे।

सधारण सभामा प्रस्तुत विषयहरू:

विशेष प्रस्ताव

१. पुँजी संरचना संशोधन गर्ने सम्बन्धमा।
२. संचालकको पारिश्रमिक, बैठक भत्ता र अन्य सुविधा निर्धारण गर्ने सम्बन्धमा।
३. विविध।

सामान्य प्रस्ताव

१. सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०७९/८० को लेखापरीक्षण प्रतिवेदन र वार्षिक वित्तीय विवरण (वासलात, २०७९ साल श्रावण १ गते देखि २०८० साल आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोको सम्पूर्ण अनुसूची) पारित गर्ने सम्बन्धमा।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०८०/०८१ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. विविध।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०/०५/१५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरूको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखितको शर्त अनुसार ऋणी तथा व्यक्तिगत जमानतकर्ताको नाम कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरूको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरू तथा धितो जमानी दिनु हुने महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

क्र.स.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	धितो लेखिदिएको सम्पत्तिको विवरण
१.	१. ओभरड्राफ्ट २. डिमान्ड कर्जा ३. सवारी साधन कर्जा	**ऋणीको नामः सिद्धार्थ काष्ठ तथा फर्निचर उद्योग** (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता रहेको) दर्ता नं.: ४१००/०६७ दर्ता मिति : २०६७/०५/१३ स्थायी लेखा नं.: ६०४०००४३१ ठेगानाः कपिलबस्तु जिल्ला, बुद्धभूमी न.पा. वडा नं. ८। **प्रोप्राईटरः** **अनुप ज्योती पोखेल** ना.प्र.प.नं (जारी मिति/स्थान): २३३८/४४९/०४४(२०५९/१२/१२/अर्घाखाँची) बाजेको नामः कुलराज पोखेल बाबुको नामः चन्द्र प्रकाश पोखेल ठेगानाःअर्घाखाँची जिल्ला, सिद्धारा गा.वि.स.वडा नं. ४ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभूमी न.पा. वडा नं. ९। **व्यक्तिगत जमानतकर्ताहरूः** **१. वसन्ता पोखेल** ना.प्र.प.नं (जारी मिति/स्थान): ४०१३७००/७१९८(२०६२/०९/१७/अर्घाखाँची) बाबुको नामः किम बहादुर वेल्वासे ससुराको नामः चन्द्र प्रकाश पोखेल पतिको नामः अनुप ज्योती पोखेल ठेगानाः अर्घाखाँची जिल्ला, सिद्धारा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभूमी न.पा. वडा नं. ९। **२. सिता पोखेल** ना.प्र.प.नं (जारी मिति/स्थान): ९/०४/६०७९१ (२०६२/०१/२७/अर्घाखाँची) बाबुको नामः डोर बहादुर थापा क्षेत्री ससुराको नामः चन्द्र प्रकाश पोखेल पतिको नामः अनुप ज्योती पोखेल ठेगानाः अर्घाखाँची जिल्ला, सिद्धारा गा.वि.स.वडा नं. ४ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभूमी न.पा. वडा नं. ९।	१. डोर बहादुर थापा क्षेत्रीको छोरी , चन्द्र प्रकाश पोखेलको बुहारी, अनुप ज्योती पोखेलको पत्नि, अर्घाखाँची जिल्ला, सिद्धारा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभूमी न.पा. वडा नं. ९ बस्ने सिता पोखेलको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलबस्तु को लगतमा दर्ता श्रेष्ता कायम रहेको कपिलबस्तु जिल्ला, बुढ्ढि गा.वि.स. /न.पा.वडा नं. ९/ख स्थित कि.न. ९६०० को क्षेत्रफल १६०.८५ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। २. किम बहादुर वेल्वासेको छोरी, चन्द्र प्रकाश पोखेलको बुहारी, अनुप ज्योती पोखेलको पत्नि अर्घाखाँची जिल्ला, सिद्धारा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभूमी न.पा. वडा नं. ९ बस्ने वसन्ता पोखेलको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नाअनुसारको घरजग्गाहरुः (क) कपिलवस्तु जिल्ला, महेन्द्रकोट गा.वि.स./न.पा. वडा नं. ७/ग स्थित कि.न. १४९ र १९२ को क्षेत्रफल ०-३-१९-० र ०-१-१६-० (बिघा)को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। (ख) कपिलवस्तु जिल्ला, बरकलपुर गा.वि.स./न.पा. वडा नं. ८/क स्थित कि.न. १०६५ को क्षेत्रफल ०-१-०$^{१/२}$ (बिघा).को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। ३. धनी एनएमबि बैंक लि. ऋणी सिद्धार्थ काष्ठ तथा फर्निचर उद्योगको नाममा वाग्मती प्रदेश-०१ यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः **सवारीसाधनको विवरणः** कम्पनी - HYUNDAI मोडेल - GRAND I10 Nios Sportz, प्रा. कार सवारी दर्ता नं. - बाग्मती प्रदेश ०१ ०२५ च ३९५४ बनेको साल - 2021 च्यासिस नं. - MALB35 1CLMM178630*C इन्जिन नं. - G4LALM738928
२.	सहुलियत अवधिक कर्जा	**ऋणीको नामः मान बहादुर भुजेल** ना.प्र.प.नं (जारी मिति/स्थान): ४९४०३/३९८९३ (२०५८/०१/०६/रामेछाप) बाजेको नामः दल बहादुर भुजेल बाबुको नामः हर्क बहादुर भुजेल ठेगानाः रामेछाप जिल्ला, गुन्सी भदौरे गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १०। **व्यक्तिगत जमानतकर्ताहरूः** **१. भगवती भुजेल** ना.प्र.प.नं (जारी मिति/स्थान): २१३०४६/९०२ (२०६३/११/२१/रामेछाप) बाबुको नामः कृष्ण बहादुर खड्का ससुराको नामः हर्क बहादुर भुजेल पतिको नामः मान बहादुर भुजेल ठेगानाः रामेछाप जिल्ला, गुन्सी भदौरे गा.वि.स. वडा नं. १। **२. गोपाल भुजेल** ना.प्र.प.नं (जारी मिति/स्थान): २५७०२/२११०४३ (२०५१/०९/०४/रामेछाप) बाजेको नामः दल बहादुर भुजेल बाबुको नामः हर्क बहादुर भुजेल ठेगानाः रामेछाप जिल्ला, गुन्सी भदौरे गा.वि.स. वडा नं. १। **३. भगवती भुजेल** ना.प्र.प.नं (जारी मिति/स्थान): २१३०४६/६२० (२०६३/११/१९/रामेछाप) बाबुको नामः याम बहादुर भुजेल ससुराको नामः हर्क बहादुर भुजेल पतिको नामः गोपाल भुजेल ठेगानाः रामेछाप जिल्ला, गुन्सी भदौरे गा.वि.स. वडा नं. १।	धनी एनएमबि बैंक लि. / ऋणी **मान बहादुर भुजेल**को नाममा बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः **सवारीसाधनको विवरणः** कम्पनी - टाटा मोटर्स मोडल - LPK ९०९/२७, ट्रक सवारी दर्ता नं. - बा ५ ख १५३४ बनेको साल - २०१७ च्यासिस नं. - MAT454201H7C05063 इन्जिन नं. - 497TB92CSY809055
३.	१. ओभरड्राफ्ट सुविधा २. आवधिक कर्जा	**ऋणीको नामः विसाल विकास कृषि फार्म** (उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा दर्ता रहेको) दर्ता नं.: ७८३७/१३६/१७६/२० दर्ता मिति : २०७७/०६/०८ स्थायी लेखा नं.: ३०२२३८११० ठेगानाः रौतहट जिल्ला, गरुडा न.पा., वडा नं. २। **प्रोप्राईटरः** **त्रिलोकी सहनी** ना.प्र.प.नं (जारी मिति/स्थान): १४९५(२०५०/११/२५/रौतहट) बाजेको नामःफकिरा सहनी बाबुको नामः अंचित सहनी ठेगानाः रौतहट जिल्ला, गेडहीगुठी गा.वि.स., वडा नं. ९। **व्यक्तिगत जमानतकर्ताहरूः** **१. गिता सहनी** ना.प्र.प.नं (जारी मिति/स्थान): ३२-०१-६९-०३१७७(२०६९/०४/०१/रौतहट) बाबुको नामः रूदल सहनी ससुराको नामः अंचित सहनी पतिको नामः त्रिलोकी सहनी ठेगानाः रौतहट जिल्ला, गेडहीगुठी गा.वि.स. वडा नं. ९। **२. रंजीत कुमार सहनी** ना.प्र.प.नं (जारी मिति/स्थान): ७२२५(२०६१/०३/१०/रौतहट) बाजेको नामःफकिरा सहनी बाबुको नामः अनचित सहनी मलाह ठेगानाः रौतहट जिल्ला,गेडहीगुठी गा.वि.स., वडा नं. ९। **३. सरोज कुमार सहनी** ना.प्र.प.नं (जारी मिति/स्थान): ३२-०६-७५-०१६६०(२०७५/०५/२८/रौतहट) बाजेको नामःअंचित सहनी बाबुको नामः त्रिलोकी सहनी ठेगानाः रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. २।	फकिरा सहनीको नाति, अंचित सहनी को छोरा रौतहट जिल्ला, गेडहीगुठी गा.वि.स. वडा नं. ९ बस्ने त्रिलोकी सहनीको नाममा मालपोत कार्यालय गरुडा, रौतहट को लगतमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, गेडहीगुठी गा.वि.स./न.पा. वडा नं. ०९ स्थित कि.न. ३७४ को क्षेत्रफल ०-१४-१५-० (बिघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५३४६९६०,
Ext. १०७, १०४

कुमारी बैंक लिमिटेड शाखा कार्यालय लहान, सिरहाको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०५/१५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय लहान, सिरहाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० भदौ २२ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय लहान, सिरहामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोछ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्राइभेट फर्म रजिष्ट्रेसनको कार्यालयमा मिति २०७३/०९/०४ मा दर्ता नं. ६०१९/२०७३/०७४ दर्ता कायम भई सिरहा जिल्ला, लहान ना.पा., वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रहेको **भवानी किराना पसल** (प्रोप्राईटर जोखन चौधरीको नाति, राजेन्द्र प्रसाद चौधरीको छोरा, सिरहा जिल्ला, लहान ना.पा., वडा नं. ३ बस्ने **अनिल कुमार चौधरी**, ना.प्र.नं. ७२१ जारी मिति २०५८/०४/२१ जिल्ला प्रशासन कार्यालय सिरहा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. जोखन चौधरीको नाति, राजेन्द्र प्रसाद चौधरीको छोरा, सिरहा जिल्ला, लहान ना.पा., वडा नं. ३ बस्ने **अनिल कुमार चौधरी** (ना.प्र.नं. ७२१ जारी मिति २०५८/०४/२१ जिल्ला प्रशासन कार्यालय सिरहा)।
२. जोखन चौधरीको बुहारी, फकु लेखीको छोरी, राजेन्द्र प्रसाद चौधरीको पत्नी, सिरहा जिल्ला, लहान ना.पा., वडा नं. ३ बस्ने **राज कुमारी चौधरी** (ना.प्र.नं.५२६०१९२८ जारी मिति २०३८/०९/१२ जिल्ला प्रशासन कार्यालय सिरहा)।
३. राजेन्द्र प्रसाद चौधरीको बुहारी, विकाराम थारुको छोरी, अनिल कुमार चौधरी पत्नी, सिरहा जिल्ला, लहान ना.पा., वडा नं. ३ बस्ने **सबिना चौधरी** (ना.प्र.नं.१५२००५/३२२२ जारी मिति २०६७/०६/०७ जिल्ला प्रशासन कार्यालय लहान सिरहा)।
४. धनसिंह चौधरीको नाति, जोखन चौधरीको छोरा, सिरहा जिल्ला, लहान ना.पा., वडा नं. ३ बस्ने **राजेन्द्र प्रसाद चौधरी** (ना.प्र.नं. ५२६०१९२७ जारी मिति २०३८/०९/२२ जिल्ला प्रशासन कार्यालय सिरहा)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **राज कुमारी चौधरी**को नाममा मालपोत कार्यालय, राजविराजमा दर्ता कायम रहेको सप्तरी जिल्ला, मधुपट्टी गा.पा./ना.पा., वडा नं. ८ स्थित कित्ता नं. ३९९ को क्षेत्रफल ०-१७-६.७५-० (वि.क.धु.क)को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० भदौ २१ गते** भित्र बैंकको शाखा कार्यालय लहान, सिरहामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय लहान, सिरहाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० भदौ २२ गते १२:०० (बाह्र) बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा लहान, सिरहामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय लहान, सिरहामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० भदौ २२ गते शुक्रबार अपरान्ह १२:०० (बाह्र) बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय लहान, सिरहा फोन नं. ०३३-५६५००६

इभी अन्तर्राष्ट्रिय प्रदर्शनी आजदेखि

Nepal Consumer Electronics Home Appliances Expo | 2nd Nepal Electric, Power and Lights International Expo 2023 | NEPAL EV International Show

काठमाडौं/ नेपाल पावर, लाइट एन्ड इलेक्ट्रिक, नेपाल कन्जुमर इलेक्ट्रोनिक्स एन्ड होम अप्लायन्सेस तथा नेपाल इभी अन्तर्राष्ट्रिय प्रदर्शनी शुक्रबारदेखि हुने भएको छ। १५ भदौदेखि तीन दिन काठमाडौंको भृकुटीमण्डपमा हुन लागेको प्रदर्शनीले विद्युतीय उपभोग बढाई देशलाई आर्थिक रूपमा सबलीकरण गर्ने रहेको आयोजकले जनाएको छ।

मिडिया स्पेस सोलुसन्स, फ्युचरेक्स ट्रेड फेर एन्ड इवेन्ट्स, एक्जिबिसन एन्ड ट्रेड सर्भिसेस इन्डिया प्रालि तथा इलेक्ट्रिक भेइकल म्यानुफ्याकचरर एन्ड इम्पोर्टर्स एसोसिएसन अफ नेपालको संयुक्त आयोजनामा हुने प्रदर्शनीमा स्वदेशी तथा विदेशी गरी एक सयभन्दा बढी कम्पनीको प्रदर्शनी कक्ष रहनेछन्।

प्रदर्शनीमा विद्युतीय कार, विद्युतीय स्कुटर, मोटरसाइकल, विद्युतीय साइकल तथा रिक्सा, चार्जिङ स्टेसन, ब्याट्री, ट्रान्समिसन तथा डिस्ट्रिब्युसन सामग्री, ऊर्जा आपूर्ति तथा नियन्त्रणयन्त्र, हाउस वायरिङ सामग्री, वायर, केबल एवं कन्डक्टर, अत्याधुनिक प्रकारका स्विच, एलिडी लाइटिङ, इलेक्ट्रोनिक्स उपकरण, घरेलु विद्युतीय उपकरणलगायत विद्युतीय सामग्रीका कम्पनीको सहभागिता रहनेछ।

राष्ट्रिय एवं अन्तर्राष्ट्रिय इलेक्ट्रिक, इलेक्ट्रोनिक्स, सञ्चार एवं सूचना प्रविधि तथा विद्युतीय एवं वैकल्पिक ऊर्जा उद्यमीलाई एकै स्थानमा जमघट गराई व्यावसायिक प्रवर्द्धन गरिने आयोजकको दाबी छ। साथै, यी उद्योगमा भएका नवीनतम उपलब्धिबारे सूचना आदान-प्रदान गर्ने तथा उपभोक्तावर्गमा ऊर्जाको व्यवस्थित खपतको महत्त्वबारे जानकारी अद्यावधिक गराउन सहयोग पुऱ्याउने लक्ष्य यस संस्करणको रहेको आयोजकले बताएको छ।

यस प्रदर्शनीमा सहयोगी संस्थाको भूमिकामा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, नेपाल विद्युत् प्राधिकरण तथा युएसआइडी क्लिन एयर-एफएचाई तीन सय ६० रहेका छन्। साथै, ल्यान्यार्ड सहयोगीमा यासुडा तथा इ-कमर्स सहयोगीमा दराज रहेको छ।

हुम्ला आइपुग्यो चार हजार क्विन्टल खाद्यान्न

हुम्ला/ काठमाडौंबाट केरुङ हुँदै हुम्लाका लागि आएको खाद्यान्न हिल्सा आइपुगेको छ। खाद्यान्न लोड भएका गाडीले केरुङबाट तिब्बती मार्ग हुँदै चीनको ताक्लाकोटबाट तीन दिन लगाएर हिल्सा ल्याएको हो। हुम्लाका लागि खाद्यान्न बोकेका ४० वटा गाडी हिल्सा आइपुगेको लिमिटेड सिमकोट शाखाले जनाएको छ।

खाद्यान्नको समस्या भएका वेला लिमिटेडले चार हजार क्विन्टल खाद्यान्न पैदलमार्गबाट पठाएको हो। जिल्लामा खाद्यान्न समस्या देखिएका वेला केरुङ नाका हुँदै तिब्बती मार्गबाट हिल्सादेखि सिमकोटसम्

ठूला दलहरू...

पृष्ठ १ बाट क्रमशः

विस्तारदेखि मन्त्रालय टुक्र्याउनेसम्मका गतिविधि गरेका दलहरू दोस्रो कार्यकालमा पनि सच्चिएका छैनन् । दलीय भागबन्डा मिलाउन अहिले पनि मन्त्रालय फुटाउने मात्रै होइन, प्रदेश सभाका संसदीय समितिहरूसमेत बढाउने अभ्यासको तयारीमा छन् ।

सरकारहरू अस्थिर बनेका छन् । निर्वाचन भएको नौ महिनामै मधेस, बागमती र कर्णालीबाहेक चार प्रदेशमा मुख्यमन्त्री बदलिएका छन् । मन्त्रालय फुटाउने, राज्यमन्त्री उपहार दिने, सभामुख र सभाध्यक्षलाई सरकार गठन प्रक्रियामा सामेल गराउने, उपसभामुख सदन आह्वान गरेर 'गायब' हुनेसम्मका गतिविधि भइसके । पछिल्लोपटक सुदूरपश्चिममा दलीय भागबन्डा मिलाउन संसदीय समिति बढाउन लगभग 'सर्वदलीय सहमति' बनेको छ । त्यसलाई औपचारिकता दिन समिति गठन गरिएको छ । दलहरूका यस्ता गतिविधिले संघीयताप्रति वितृष्णा जगाउने र विरोधका आवाजहरूलाई बलियो बनाउने काम गरिरहेको विश्लेषकहरूको भनाइ छ ।

४ मंसिर ०७९ को चुनावपछि प्रदेश सरकारले लय समात्ने आकलन गरिए पनि प्रदेशलाई पनि सत्ता राजनीतिको प्रयोगशाला बनाइएको छ । प्रदेशमा उत्पन्न राजनीति संकट सर्वोच्चमा पुग्ने र एकपछि अर्को विवादको निरूपण अदालतबाट हुने अवस्था आएको छ । कतिपय प्रदेशमा मन्त्रिपरिषद्ले पूर्णतासमेत पाएका छैनन् ।

अवस्था यस्तो छ- नौ महिनामा तीन सरकार व्यहोरोको कोशीको आगामी राजनीतिको पनि चित्र छैन । त्यहाँ कांग्रेसका उद्धव थापा गत असारमा सभामुखको हस्ताक्षरमा मुख्यमन्त्री बने । सर्वोच्चले बदर गरिदिएपछि फेरि मुख्यमन्त्री बनेका थापाले ४ भदौमा सभाध्यक्षको निर्णायक मतका आधारमा विश्वासको मत पाएका छन् । यो विषय पनि सर्वोच्च पुगेको छ ।

आठ महिनाअघि प्रदेश सरकार आफैंले गरेको प्रतिबद्धताविपरीत बागमती र कर्णालीमा एउटा-एउटा मन्त्रालय थपिएको छ । मधेस र सुदूरपश्चिमले दुई-दुई राज्यमन्त्री थपेका छन ।

७ जेठमा मन्त्रालय नथप्ने र राज्यमन्त्री पनि नराख्ने निर्णय गरेका लुम्बिनीका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले मन्त्रालयको संख्या १० बाट ११ वा १२ पुऱ्याउने तयारी गरेका छन् । मधेसमा त गत निर्वाचनपछि पनि मन्त्रालय घटाइएन । अहिले त्यहाँ जसपा नेतृत्वको सरकार रहे पनि आठ महिनासम्म अधुरै छ । एकजना विनाविभागीय मन्त्री छन्, उनलाई जिम्मेवारी दिँदा मन्त्रालय विभाजन गरेर १२ पुऱ्याउनुपर्ने हुन्छ ।

अघिल्लो कार्यकालमा १४ मुख्यमन्त्रीसहित एक सय ६६ मन्त्री व्यहोरेका प्रदेश सरकारहरू यसपटक पनि 'अस्थिरता'को चपेटामा छन् । ४ मंसिर ०७९ को चुनावपछि मात्र कोसीमा तीनवटा सरकार बन्दा गण्डकी, लुम्बिनी र सुदूरपश्चिममा दुई-दुई सरकार फेरिएका छन् । मधेस, बागमती र कर्णालीमा मुख्यमन्त्री त फेरिएका छैनन्, तर मन्त्रीहरूको लगभग सेट नै हेरफेर भएको छ । आठ महिनासम्म मधेस र लुम्बिनी सरकारले पूर्णता पाउन सकेका छैनन् । सुदूरपश्चिम सरकारले नागरिक उन्मुक्तिका सातै सांसदलाई पद दिने वाचामा सात महिनापछि बल्ल पूर्णता पाएको छ ।

राजनीतिशास्त्री लोकराज बरालले प्रदेश सरकार पनि संघकै राजनीतिअनुसार गाईजात्रामा लागेको टिप्पणी गरे । 'नौटंकी भइरहेको छ, यो सब लेनदेनको राजनीतिले बिगारेको हो,' बरालले भने, 'विधि र राजनीतिक मूल्य-मान्यता केही छैन । सत्ता टिकाउन जुनसुकै हतकण्डा अपनाउन तयार छन् ।'

यसको असर स्वयं ठूला दल र प्रदेश सरकारलाई नै पर्ने उनको ठम्याइ छ । 'प्रदेश सरकारमा भइरहेको किचलो र अस्थिरताले 'प्रदेश सरकारको काम छैन' भन्नेहरूको आवाज बढाइरहेको छ, संघीयता आफैंमा नराम्रो होइन ,' उनले भने, 'प्रदेशले डेलिभरी दिन नसक्नु, औचित्य पुष्टि गर्न नसक्नु र जनमुखीमा नलाग्नुको अर्थ दलहरूमाथि नै प्रश्न उठिरहेको हो ।'

राष्ट्रिय सभा सदस्यसमेत रहेका संघीयताविद् खिमलाल देवकोटाले प्रदेशमा भइरहेको अस्थिरताको कारक प्रदेश सरकार र मुख्य दलहरू नै भएकाले उनीहरू नै भागीदार हुनुपर्ने बताए । 'प्रधानमन्त्रीले प्रदेशमा मन्त्रालयको संख्या १० भन्दा बढी नपुऱ्याउने प्रतिबद्धता जनाउनुभयो । तर, प्रदेशमा धमाधम मन्त्री थप्ने, राज्यमन्त्री थप्ने काम भइरहेको छ,' उनले भने, 'यसले संघीयताप्रति वितृष्णा जगायो । प्रदेशमा कति मन्त्रालय हुने भनेर संविधानमै लेख्नुपर्ने भयो ।'

दलका नेताहरू भने संघीयता कार्यान्वयनमा केही त्रुटि भए पनि संघीयताको उत्तम विकल्प अहिले अर्को नभएको बताउँछन् । भएका त्रुटिहरू सच्चाउँदै जाने उनीहरूको भनाइ छ । संघीयता संरचनाकै कारण अस्थिरता देखिएको भन्ने तर्क ठीक नभएको उनीहरूले बताएका छन ।

कांग्रेस नेता मीन विश्वकर्मा जनताको म्यान्डेटअनुसार अगाडि बढ्नुपर्ने, तर संघीयताको विकल्प खोज्ने वेला नभएको बताउँछन् । 'एकात्मक राज्य व्यवस्थाका विरुद्धमा उठेका असन्तुष्टि सम्बोधन गर्ने क्रममा संघीय व्यवस्थामा गएका हौं । संघीयता कार्यान्वयनमा केही त्रुटि भए होला । त्यसलाई सुधार गर्दै अगाडि जाने हो,' उनले भने, 'संघीयता भएकै कारण अस्थिरता आएको होइन । जनताको म्यान्डेट मिलिजुली जाउ भन्ने छ । दलहरू मिल्न नखोजेको कारण ाले त्यस्तो भएको हो । संघमा जस्तै दलहरू मिलेर अगाडि बढ्ने हो भने कुनै समस्या आउँदैन । संघीयताको विकल्प खोज्ने वेला यो होइन ।'

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतम प्रश्नहरू उठ्न नदिन संविधानको प्रभावकारी कार्यान्वयन गरेर जानुपर्ने बताउँछन् । 'यो व्यवस्था संख्याको आधारमा सञ्चालन हुने व्यवस्था हो । कुनै पनि राजनीतिक दलले बहुमत ल्याउन सकेन, दुईभन्दा बढी दल नमिलेको अवस्थामा सरकार बन्दैन । संविधानको प्रभावकारी कार्यान्वयन गरेर जानुपर्छ भन्ने हाम्रो अडान हो । जहाँसम्म कोशीको सवाल छ, कुनै पनि दलले बहुमत नल्याएको अवस्थामा समस्या भएको हो,' उनले भने, 'संविधानको सीमा ख्याल नगरी अगाडि बढ्दा अविश्वास बढ्छ । संघीयताको प्रभावकारी कार्यान्वयन हुनुपर्छ । त्यो अवस्थामा संघीयतामाथिको प्रश्न स्वतः कमजोर हुन्छ, संविधानले दिएको अधिकार प्रदेशले पाउनुपर्छ ।'

माओवादी सचिव देवेन्द्र पौडेल गणित र संघीयता अलग गरेर जाँदा राम्रो हुने ठान्छन् । 'गणित र संघीयताको मर्म फरक हुन् । कुनै दलले गणित पुऱ्याएन भनेर संघीयता खारेज गर्नुपर्छ भन्ने हुँदैन । कोशी प्रदेशमा समस्या आएको हो । त्यसैलाई आधार बनाएर अस्थिरता हुनुहुँदैन । लोकतन्त्रमा चुनावको परिणाम सबैले ग्रहण गर्नैपर्छ । अहिले मात्रै होइन, भविष्यमा पनि ग्रहण गरेरै जानुपर्छ,' उनले भने, 'संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकार स्पष्ट गरेर जानुपर्नेछ । संघीयतासँग सम्बन्धित संघीय निजामती ऐन, शिक्षा ऐन, वन ऐनलगायत पारित गरेर जानुपर्छ । संघीयताको औचित्य छैन भनेर केही विरोधीले हल्ला फैलाएका छन् । त्यस्ता हल्लाको कुनै औचित्य छैन । संघीयतालाई बलियो बनाएर अगाडि बढ्नुको विकल्प छैन ।'

एकीकृत समाजवादीका उपमहासचिव जगन्नाथ खतिवडा संविधानमा प्रस्ट नहुँदा केही समस्या देखिएको र प्रवृत्ति, नियत खराब राखेर संघीयतालाई दोष लगाउनु राम्रो नहुने बताउँछन् । 'संविधानमा प्रस्टसँग लेख्न नसकेका कारण आज केही समस्या देखिएको छ । विश्वासको मत लिन उपस्थित सांसदको बहुमत भनेको भए एउटा हुन्थ्यो, सम्पूर्ण सांसद भनेकाले अर्कै अवस्था आयो । अप्राकृतिक ढंगले सांसद बैठकमा अनुपस्थित हुन पाइन्छ कि पाइँदैन । सांस दजस्तो जिम्मेवार मान्छेलाई त्यस्तो छुट हुन्छ ? संविधान संशोधन गरेर भने पनि बहुमतको सरकार बनाउन सहज बनाउनुपर्छ,' उनले भने, 'प्रवृत्ति, नियत खराब राखेर संघीयतालाई दोष लगाउनु राम्रो होइन । संविधानको पुनर्व्याख्या जरुरी छ । संघीयतालाई आरोप लगाएर संघीयताविरोधीको मनोबल बढाउने काम गर्नुहुँदैन । खर्च गर्न सक्ने क्षमताको विकास गर्नु राज्यको मुख्य काम हो । आत्मनिर्भर अर्थतन्त्र र निर्यातमुखी उद्योगको विकास गर्दै संघीयतालाई संस्थागत गर्नुपर्छ । भ्रष्टाचार र कमिसन रोक्नुपर्छ ।'

जसपा नेता मनीष सुमन कोशी प्रदेशमा कारणवश समस्या देखिँदैमा संघीयता खराब हो भन्न नमिल्ने बताउँछन् । 'सांसदको अंकगणितले गर्दा अस्थिरता भयो भन्न मिल्दैन । प्रदेशमा मात्रै होइन, संघमा पनि यस्तो समस्या वेलावेला देखिन सक्छ । जनताको म्यान्डेटअनुसार परिवर्तनको आन्दोलनमा होमिएका दलहरू मिलेर अगाडि बढ्नुपर्छ । संघीयता कार्यान्वयनको सवालमा संघ सरकारले नै कमजोरी गरेको छ,' उनले भने, 'संविधानमा लेखिएको प्रदेश को अधिकारसम्बन्धी ऐन नबनाउँदा संघीयता बलियो बन्न सकेको छैन । संघीयताको मर्म आमजनतालाई सिंहदरबार धाउन नपरोस्, नजिकबाट काम होस् भन्ने हो । केन्द्रको अकर्मन्यताको खातिर प्रदेशले काम गर्न पाएको छैन ।

प्रदेश बलियो भयो भने राष्ट्र बलियो हुन्छ । त्यसकारण संघीयताको विकल्प होइन, संघीयतालाई स्थापित गर्नुपर्छ ।'

कोशीमा सत्ताका लागि अनैतिक खेल



● **हिक्मत कार्की**, पूर्वमुख्यमन्त्री तथा एमाले कोशी संसदीय दलका नेता

राजनीतिमा भएको जालझेल र षड्यन्त्रको घटना, मुलुकको राजनीतिक अस्थिरताले प्रणालीप्रति नै नकारात्मक भावना उत्पन्न हुँदै छ । प्रदेशप्रति नकारात्मक छँदै थियो । यो घटनाले अझै थपिएको महसुस गरेको छु । हिजो संघीयता नहुँदा पनि राजनीतिक समस्या थियो । तर, संरचनाले भूमिका नखेल्दा प्रदेशप्रति आलोचना बढेको छ । यस्ता घटनाक्रमले राजनीतिप्रति वितृष्णा पैदा हुन्छ ।



● **भूपेन्द्र राई**, प्रमुख सचेतक, कांग्रेस

प्रदेश सभामा एमालेले राप्रपासँग गठबन्धन गरेर खेलिरहेको भूमिकाले प्रदेशप्रति आलोचना बढेको छ । यसप्रति सत्तागठबन्धन संवेदनशील रहेको र एमालेले असहयोग गरे पनि निरन्तर सदन सञ्चालन गरेर जनताका जनजीविकाका विषय उठाइरहनेछ ।

अध्यादेशमार्फत बजेट : **०७९ को निर्वाचनपछि कोशी सबैभन्दा धेरै** अस्थिरताको केन्द्र बनेको छ । अल्पमतको सरकार चलाइरहेका वेला तत्कालीन मुख्यमन्त्री हिक्मत कार्कीले संसद् छलेर ३२ जेठमा अध्यादेशमार्फत बजेट ल्याए । १७ जेठ ०८० मा जसपा र २३ जेठमा माओवादीले एमाले नेता कार्की नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा परेको थियो । निर्वाचनपछि २५ पुस ०७९ मा एमाले-माओवादी गठबन्धनको बलमा कार्की नेतृत्वको सरकार गठन भएको थियो ।

सरकार गठनमा सभामुखको हस्ताक्षर : कार्की नेतृत्वको सरकार १५ असारमा ढलेपछि २१ असारमा कांग्रेस संसदीय दलका नेता उद्धव थापा मुख्यमन्त्री बने । तर, थापालाई मुख्यमन्त्रीका लागि आवश्यक मत नपुगेपछि कांग्रेस-माओवादी-जसपा र एकीकृत समाजवादी गठबन्धनले सभामुख बाबुराम गौतमको समेत हस्ताक्षर प्रयोग गरेर प्रदेश प्रमुख परशुराम खापुङलाई बुझाएका थिए । त्यसैको बलमा खापुङले पनि थापालाई मुख्यमन्त्री बनाइदिए । तर, संसद्मा तटस्थ रहनु पर्ने सभामुख सरकार गठनमा सहभागी भएपछि एमालेले सर्वोच्च अदालत गुहाऱ्यो । सर्वोच्च अदालतले सभामुखको हस्ताक्षर प्रयोग गरेर मुख्यमन्त्री नियुक्ति गर्नु असंवैधानिक ठहर गर्दै ११ साउनमा नियुक्ति बदर गरिदियो ।

उपसभामुखले संवैधानिक दायित्व बिर्सिन्, सत्तापक्षले संविधान मिच्यो : दोस्रोपटक मुख्यमन्त्री नियुक्त भएका थापाले विश्वासको मत लिँदा ४ भदौमा फेरि कोशीमा संविधान मिच्ने काम भयो । विश्वासको मत असफल बनाउन विपक्षी एमाले र राप्रपाले उपसभामुख सिर्जना दनुवारसँगै आफ्ना ज्येष्ठ सदस्यलाई नियोजित रूपमा अनुपस्थित गराए । उपसभामुखले संवैधानिक दायित्व बिर्सेर सत्तापक्षले सदनको अध्यक्षता गरेका ज्येष्ठ सदस्य इम्राइल मन्सुरलाई मत हाल्न लगाएर विश्वासको मत लिए । सभामुख बाबुराम गौतम यसअघि राजीनामा दिएर अर्थमन्त्री बनिसकेका थिए । सभामुख रिक्त रहेको र उपसभामुखले सदनको अध्यक्षता नगरेको खण्डमा कांग्रेसका ज्येष्ठ सदस्य गयानन्द मण्डलले अध्यक्षता गर्नुपर्ने थियो । तर, सत्तापक्षले उनलाई ३१ साउनमै उद्योग, सहकारी राज्यमन्त्री बनाएर व्यवस्थापन गरेको थियो ।

सत्ता राजनीतिले कोशीमा बजेट शून्यता : सत्ता राजनीतिमा दलहरूको 'अनैतिक' खेलले कोशी सरकार राजस्व उठाउन र खर्च गर्न नपाउने अवस्थामा पुगेको छ । सरकारले अघिल्लो सरकारले ल्याएको बजेट अध्यादेश फेल गराएर पूरक अध्यादेश ल्याउने तयारी गरिरहेका वेला सर्वोच्च अदालतले दीर्घकालीन र नीतिगत निर्णय नगर्न आदेश दिएपछि बजेट शून्यतामा पुगेको हो । कार्की नेतृत्वको सरकार अल्पमतमा रहेकै कारण ३२ जेठमा अध्यादेशबाट बजेट ल्याइएको थियो । त्यसपछि गठन भएको थापा नेतृत्वको सरकारले अध्यादेश पास गर्न सक्थ्यो । सरकारले फेरि अर्को बजेट अध्यादेश जारी गर्न ६ भदौमा संसद् अधिवेशन अन्त्य गरेको थियो । तर, मुख्यमन्त्री थापाले लिएको विश्वासको मतविरुद्ध ६ भदौमा दायर रिटमा सर्वोच्च अदालतले ७ भदौमा सरकारलाई दीर्घकालीन र नीतिगत निर्णय नगर्न भनेपछि बिलखबन्दको स्थिति आएको छ ।

मधेशमा मन्त्रालय थोरै, मन्त्री धेरै




● **सञ्जयकुमार यादव**, मधेश सरकारका अर्थमन्त्री

ऐन-नियम निर्माण र योजना कार्यान्वयनको चरणमा रहेकाले प्रदेश सरकारमाथि प्रश्न गर्नु हतार हुनेछ । प्रदेश चाहिँदैन, संघीयता आवश्यक छैन भन्नु भनेको प्रतिगामी, प्रक्रियावादी सोचको उपज मात्रै हो । दोस्रो कार्यकाल बल्ल सुरु भएको छ । ऐन-नियम बनाउन सरकार सक्रिय छ । योजना छनोट गरेर कार्यान्वयनमा गएको २९ पुसमा जसपा नेता सरोजकुमार यादव नेतृत्वको सरकार बन्यो । तर, सरकारले जनताका मुद्दामा काम गर्नु त परैको कुरा मन्त्रिपरिषद्ले नै पूर्णता पाएको छैन ।मुख्यमन्त्री यादवले सातपटक सरकार विस्तार गर्दा पनि एक मन्त्री विनाविभागीय छन् । मुख्यमन्त्री यादवले किस्ता-किस्तामा सरकार विस्तार गरिरहेका छन् । यादवले २९ पुस, २० माघ, २३ फागुन, २१ चैत, ९ जेठ, ११ जेठ र १५ साउनमा सरकार विस्तार गरेका छन् । मधेशमा सरकार बनाउन कुनै एक पार्टीको बहुमत छैन । अहिले कांग्रेस, माओवादी, जसपा, नेकपा एस, जनमत र लोसपाको संयुक्त सरकार छ । एमालेसहितका दलको समर्थनमा मुख्यमन्त्री बनेका यादवलाई केन्द्रमा गठबन्धन फेरिएपछि दोस्रोपटक विश्वासको मत लिनुपरेको छ ।

अधिल्लो कार्यकालमा मधेश सरकार सातपटक विस्तार भएको थियो । त्यहाँ तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले मन्त्रालयको संख्या सात बाट ११ पुऱ्याएका थिए भने राज्यमन्त्रीसहित १३ सदस्यीय मन्त्रिपरिषद् बनाएका थिए । यसपटक सुरुवातीमा अन्य प्रदेशले मन्त्रालय घटाउँदा वर्तमान मुख्यमन्त्री सरोजकुमारले यथावत् नै राखे । अहिले सत्तागठबन्धनको भागबन्डा पुऱ्याउन सुरिताकुमारी साहलाई विनाविभागीय मन्त्री बनाइएको छ । यो अवस्थामा मधेशमा कि मन्त्रालय थप्नुपर्छ वा एक मन्त्री हटाउनुपर्ने हुन्छ । मधेशमा दुई राज्यमन्त्रीसहित १४ सदस्यीय मन्त्रिपरिषद् पुऱ्याइएको छ, जुन अघिल्लो कार्यकालको भन्दा ठूलो हो ।

बागमतीमा भागबन्डा नमिल्दा मन्त्री ९३ दिनसम्म जिम्मेवारीविहीन



● **शालिकराम जम्कट्टेल**, मुख्यमन्त्री, बागमती

सत्ता टिकाउन संविधानभन्दा बाहिर गएर कुनै पनि काम गरेका छैनौं । हामीले १४ बाट मन्त्रालयको संख्या घटाएर ११ मा ल्याएका थियौं । परिस्थिति बदलिँदा ११ वटा मन्त्रालयबाट अहिले १२ बनाएका छौं । तर, त्यो असंवैधानिक नै होइन । धेरैवटा दल मिलेर सरकार बनाउनुपर्ने बाध्यताका कारण मन्त्रालयको संख्या थप्नुपरेको हो ।

बागमतीमा माओवादी नेता शालिकराम जम्कट्टेल नेतृत्वको सरकारले आठ महिनापछि पूर्णता पाएको छ । सत्तागठबन्धनमा भागबन्डा पुऱ्याउन आफ्नै निर्णय उल्टाएर मन्त्रालयको संख्या १२ पुऱ्याएका छन् । ७७ दिन विनाविभागीय रहेका मन्त्री रामकृष्ण चित्रकारलाई जिम्मेवारी दिन पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय फुटाएर उद्योग तथा सामान्य प्रशासन मन्त्रालय थपिएको छ ।

प्रदेश सभा निर्वाचनपछि एमालेसँगको गठबन्धनबाट मुख्यमन्त्री नियुक्त भएका जम्कट्टेलले प्रदेशको खर्च कटौती गर्ने भन्दै मन्त्रालयको संख्या घटाउने पहिलो निर्णय गरेका थिए । सोही निर्णयअनुसार मन्त्रालयको संख्या १४ बाट घटाएर ११ बनाइएको थियो । तर, सत्ता समीकरण बदलिएको पाँच महिनापछि मुख्यमन्त्री जम्कट्टेलले गठबन्धनको भागबन्डा मिलाउन मन्त्रालय टुक्र्याएर १२ पुऱ्याएका हुन् । मुख्यमन्त्री जम्कट्टेल कुनै दलको बहुमत नआउँदा संयुक्त सरकार बनेकाले मन्त्रालयको संख्या बढी भएको बताउँछन् । तर, सत्ता टिकाउनका संविधानभन्दा बाहिर गएर कुनै पनि नगरेको दाबी जम्कट्टेलले गरे पनि मन्त्रालयको संख्या थप गर्ने निर्णयको चौतर्फी विरोध भइरहेको छ ।

पहिलो कार्यकालमा सत्ता टिकाउन थपिएका थिए २४ मन्त्रालय र ३३ मन्त्री

०७४ को चुनावपछि अस्तित्वमा आएका प्रदेश सरकारले सुरुमा सात सदस्यीय मन्त्रिपरिषद् बनाएका थिए । यसरी, सात प्रदेशमा मुख्यमन्त्री कार्यालयसहित ४९ मन्त्रालय थिए, ४९ मन्त्री । तर, तत्कालीन प्रधानमन्त्री केपी ओलीले संघमा प्रतिनिधिसभा विघटन गरेर सुरु गरेको अस्थिरताको राजनीतिको आगो सातवटै प्रदेशमा सल्कियो । त्यसपछि सुरु भयो- मन्त्री उपहार दिन मन्त्रालय टुक्र्याउने खेल । र, त्यसबीचमा २४ मन्त्रालय मात्र थपिएन, ३३ मन्त्री र १७ राज्यमन्त्री थपियो । मन्त्रालय फुटाएर मन्त्री उपहार दिने सुरुवात गण्डकी प्रदेशका तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले गरेका थिए । १६ वैशाख ०७८ मा सामाजिक विकास मन्त्रालय टुक्र्याएर खेलकुद मन्त्रालय थप्दै राजीव गुरुङ (दीपक मनाडे)लाई मन्त्री नियुक्त गरेका थिए । त्यसपछि लुम्बिनी, प्रदेश २, कर्णाली, बागमती र कोशी (तत्कालीन प्रदेश १) ले मन्त्रालय फुटाए । सुदूरपश्चिम प्रदेश सरकारले मन्त्रालय यथावत् राखे पनि चार राज्यमन्त्री थपेको थियो । ४ मंसिरको निर्वाचनपछि गठन भएका प्रदेश सरकार (मधेशबाहेक)ले भने धमाधम मन्त्रालय घटाएका थिए । त्यसअघि मन्त्रालय नथपेको सुदूरपश्चिमले पनि राज्यमन्त्री नराख्ने निर्णय गरेको थियो । मनमौजीमा मन्त्रालय थप्दा प्रशासनिक खर्चबापत मात्र राज्यकोषमा वार्षिक एक अर्ब ८९ करोड २१ लाख अतिरिक्त व्ययभार थपिएको थियो ।

गण्डकीमा आठ महिनामा दुई मुख्यमन्त्री

केन्द्रीय राजनीतिको छायामा प्रदेश : २५ पुस ०७९ मा नियुक्त गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारी केन्द्रमा गठबन्धन परिवर्तन हुँदा संकटमा परे । १० चैतमा सभामुखसहित आठ सदस्य रहेको माओवादीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि एमाले सरकार अल्पमतमा परेको थियो । दलीय हिसाबमा अल्पमतमा रहे पनि उनले एक महिना सरकार चलाए ।

३०औं दिन अर्थात् ९ वैशाखमा विश्वासको मत लिनबाट मुख्यमन्त्री अधिकारी असफल भए । ६० सदस्यीय प्रदेश सभामा कांग्रेसका २७, एमालेका २२, माओवादीका सभामुखसहित आठ, राप्रपाका दुई र एकीकृत समाजवादीका एक सदस्य छन् । प्रदेश सरकार केन्द्रीय राजनीतिको भुमरीमा परेको छ । सरकार गठन, समर्थन फिर्ता, संसदीय समिति गठनदेखि हरेक विषयमा प्रदेश मुख्यमन्त्री र नेताहरू काठमाडौं धाउने गरेका छन् । विश्वासको मत पाउन अधिकारी असफल भएसँगै बहुमतको नयाँ सरकार गठनका लागि कांग्रेस र माओवादीको सिट संख्या पर्याप्त थियो । तर, सरकार कसको नेतृत्वमा बन्ने भन्ने निर्णय गण्डकीका नेताले गर्न सकेनन् । दुवै दलले मुख्यमन्त्री आफ्नो पाउनुपर्ने अडान लिँदा गण्डकीका नेताबीच सरकारको नेतृत्व कसले गर्ने भन्नेमा सहमति हुन सकेन ।

केन्द्रमा शीर्ष नेताहरूले गण्डकीमा आलोपालो सरकार बनाउने र पहिलो नेतृत्व माओवादीले गर्ने निर्णय गरे । तर, कांग्रेसका ढेड दर्जन सांसद र केही प्रदेश नेताले ११ वैशाखमा काठमाडौं पुगेर सभापति शेरबहादुर देउवालाई भेटे । १२ वैशाखमा गण्डकीमा पहिलो सरकार कांग्रेस नेतृत्वमा बन्ने नेताहरूले सहमति गरेपछि माओवादीका सांसदसँगै दलका नेता पार्टी अध्यक्षसँगै गठबन्धनका नेता भेट्न काठमाडौं पुगे । प्रधानमन्त्री एवं माओवादी अध्यक्ष प्रचण्डसँगै अन्य दलका नेताले आलोपालो सरकारको पहिलो नेतृत्व कांग्रेसले गर्ने निर्णय भएको बताए ।

त्यसपछि मात्र १४ वैशाखमा कांग्रेस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डे मुख्यमन्त्रीमा नियुक्त भएका थिए । पाण्डेको नेतृत्वमा सरकार गठन भए पनि अर्थ र भौतिक पूर्वाधार विकास मन्त्रालयका सम्बन्धमा कांग्रेस र माओवादीबीच सहमति हुन नसकेपछि केन्द्रबाट अर्थ कांग्रेस र भौतिक माओवादीले पाउने निर्णय भएको थियो । कुन संसद्लाई मन्त्री बनाउने भन्ने निर्णयसमेत संसदीय दलले गर्न नसकेपछि दुवै दलबाट मन्त्री हुनेको नामसमेत केन्द्रबाट आएको थियो । यसअघि एमाले नेता अधिकारी मुख्यमन्त्रीसँगै अन्य तीनजना विनाविभागीय मन्त्री नियुक्त भएका थिए ।

लुम्बिनीमा पनि भागबन्डाकै किचलो



● **सन्तोषकुमार पाण्डे**, गृहमन्त्री, लुम्बिनी

संयुक्त सरकार बनाउँदा मन्त्रिपरिषद् विस्तारमा ढिलाइ भएको हो । धेरै दल सरकारमा भएपछि आकांक्षी पनि धेरै भए । मन्त्रालय कम भएपछि समस्या भएको हो । अब ११ वा १२ सदस्यीय मन्त्रिमण्डल बन्ने र छिट्टै टुंगो लाग्छ ।

लुम्बिनीमा एमाले सरकार ढलेपछि १४ वैशाखमा मुख्यमन्त्री बनेका कांग्रेस नेता डिल्लीबहादुर चौधरीको मन्त्रिपरिषद्को ७ जेठको बैठकले निर्णय गरेको थियो, 'मन्त्रालयको संख्या थपघट नगर्ने र राज्यमन्त्री पनि नराख्ने ।' तर, सरकार गठन भएको एक सय १७ दिनसम्म पनि मन्त्रिपरिषद् पूर्णता दिन नसकेका मुख्यमन्त्री चौधरीले अब मन्त्रालयको संख्या १० बाट बढाएर ११ वा १२ पुऱ्याउने तयारी गरेका छन् । सरकारका प्रवक्तासमेत रहेका प्रदेशका गृहमन्त्री सन्तोषकुमार पाण्डेका अनुसार माओवादीले दुई र कांग्रेसले थप तीन मन्त्रालय लिने सहमति भए पनि कांग्रेसबाट पनि दुईजना मात्रै मन्त्री थपेर जाने कि भन्नेमा पनि गृहकार्य भइरहेको बताउँछन् । 'अब ११ वा १२ सदस्यीय मन्त्रिमण्डल बन्छ,' उनले भने ।

१० सदस्यीय मन्त्रिमण्डल कायम राख्दा माओवादीलाई थप दुई मन्त्रालय दिने हो भने कांग्रेसका लागि एक मन्त्रालय बाँकी रहने भएकाले पार्टीभित्र मिलाउन चौधरीलाई गाह्रो छ । पार्टीभित्र मिलाउनका लागि कांग्रेसबाट थप तीन मन्त्री नियुक्त गर्ने सोचमा मुख्यमन्त्री छन् । अघिल्लो कार्यकालमा लुम्बिनीमा १३ मन्त्रालय र १७ मन्त्री बने पनि यसपटक तत्कालीन मुख्यमन्त्री लीला गिरीले मन्त्रालयको संख्या १० मा झारेका थिए ।

तीन मन्त्रालय मुख्यमन्त्रीसँग : मन्त्रिमण्डलले पूर्णता नपाएपछि मुख्यमन्त्री चौधरीले तीन मन्त्रालय आफूसँग राखेका छन् । उनले खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय आफैंसँग राखेका हुन् ।

अल्पमतमा पर्दा पनि सरकार छाडेका थिएनन् गिरीले : लुम्बिनीका मुख्यमन्त्री लीला गिरी १२ चैतमा अल्पमतमा परे, तर उनले सत्ता छाडेनन् । एक महिना लम्ब्याए । बरु संविधानको धारा १६८ (३) अनुसार ठूलो दलको हैसियतमा एमाले नेतृत्वमा सरकार गठन हुनुपर्ने भन्दै हिँडे । ११ वैशाखमा विश्वासको मत पाउन नसकेपछि उनी नेतृत्वको सरकार ढलेको थियो । त्यसअघि गिरीले राजीनामा नदिँदै कांग्रेस संसदीय दलका नेता डिल्ली चौधरीलाई मुख्यमन्त्रीमा प्रस्ताव गर्दै ५३ सांसदले हस्ताक्षर बुझाएका थिए

संसदीय समिति नेतृत्वविहीन : पहिलो अधिवेशनमा संसदीय समिति गठन गर्न नसकेको लुम्बिनीले बल्ल समिति बनाएको छ । तर, समितिले अझै नेतृत्व पाएका छैनन् । यहाँ १० वटा दलले प्रदेश सभामा प्रतिनिधित्व गर्छन् ।

सरकारका कामको निगरानी राख्नेदेखि कानुन निर्माणमा महत्त्वपूर्ण भूमिका रहने समिति निर्माणमा दलहरूबीच भागबन्डामा सहमति नजुट्दा सभापति चयनमा ढिलाइ भएको छ । ६ समितिमा लेखासहित दुईवटा एमालेलाई दिने र बाँकी सत्तागठबन्धनले लिने तयारी छ । यसमा पनि निष्कर्षमा अझै पुग्न सकेका छैनन् । लुम्बिनी प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्यले १७ पुसमा शपथ लिए भने त्यसको भोलिपल्ट पहिलो अधिवेशन सुरु भएको थियो ।

सत्ता खिचातानीले कर्णालीमा तीनपटक विश्वासको मत

कर्णालीका मुख्यमन्त्री राजकुमार शर्माले गत पुसमा मुख्यमन्त्री बन्दा मन्त्रालयको संख्या आठबाट घटाएर सात कायम गरे । तर, उनी पनि आफ्नो निर्णयमा टिक्न सकेनन् । तीनपटक विश्वासको मतको सामना गरेका माओवादी संसदीय दलका नेता शर्माले कांग्रेसलाई भागबन्डा पुऱ्याउन ७ वैशाखमा मन्त्रालय फुटाइदिए । यहाँ भौतिक पूर्वाधार, ऊर्जा तथा जलस्रोत मन्त्रालयलाई फुटाएर भौतिक पूर्वाधार एवं सहरी विकास मन्त्रालय र ऊर्जा तथा जलस्रोत मन्त्रालय बनाइएको छ । यहाँ माओवादीले मुख्यमन्त्री र चार मन्त्रालय पाउँदा कांग्रेसले तीन मन्त्रालय पाएको छ । अघिल्लो कार्यकालमा तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले कांग्रेसको सहयोगमा विश्वास मत लिन मन्त्रालयको संख्या सातबाट आठ कायम गरेका थिए ।

सुदूरपश्चिममा भाग मिलाउन संसदीय समितिसमेत बढाइँदै



● **चक्र मल्ल**, एमालेबाट सुदूरपश्चिम प्रदेश सभा सदस्य

पीडित नागरिक सडकमा, त्रिपालमा बसेका छन्, तर प्रदेश सरकारले केही गर्न सकेको छैन । जनताका सवालप्रति सरकार उदासीन छ । सरकारको प्रभावकारिता छैन । संसदीय समिति बढाउने काम भइरहेको छ । यसले आर्थिक भार बढाउँछ ।

हलो अड्काउँदा ६ महिना सरकार अधुरो : सुरुमा सत्तागठबन्धनभित्रका दल र पछि अर्को सहयात्री नागरिक उन्मुक्तिका कारण सुदूरपश्चिम सरकारले ६ महिनापछि मात्र पूर्णता पायो । २६ माघमा मुख्यमन्

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
शुक्रबार १५ भदौ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

■ एसिया कप

साबिक विजेता श्रीलंका ६६ बलअघि नै विजयी

कोलम्बो/ एसिया कप क्रिकेट प्रतियोगिताको साबिक विजेता श्रीलंकाले बिहीबार समूह 'बी'मा बंगलादेशमाथि पाँच विकेटको सानदार जित निकालेको छ। घरेलु मैदानमा श्रीलंका ६६ बलअघि नै विजयी भएको हो। पालेकेले मैदानमा तीनपटकको पूर्वउपविजेता बंगलादेशले पहिलो ब्याटिङ गरेको थियो। बंगलादेश ४२.४ ओभरमा एक सय ६४ रनमा समेटियो। प्रत्युत्तरमा श्रीलंकाले ३९ ओभरमा पाँच विकेटको क्षतिमा एक सय ६५ रन बनायो। जितसँगै श्रीलंकाले दुई अंक जोड्यो। यस समूहमा तेस्रो टोली अफगानिस्तान हो। समूह 'ए'मा पाकिस्तानले नेपालमाथि बुधबार दुई सय ३८ रनको फरकिलो अन्तरले जित निकालेको थियो।



एसिया कपको समूह 'बी'मा बंगलादेशमाथि सानदार जित निकालेपछि श्रीलंकाली खेलाडी

सदिरा र चरिथबीचको साझेदारी

सहज लक्ष्य पछ्याउँदा श्रीलंकाले पहिलो पावर प्लेमै तीन विकेट गुमाएको थियो। बंगलादेशी बलरले शीर्ष तीन ब्याट्सम्यानलाई पेभेलियन पठाउँदा श्रीलंका ब्याटिङमा कमजोर देखियो। ओपनर पथुम निसांका १३, दिमुथ करुनारत्ने १ र कुशल मेन्डिस १ रनमा आउट हुँदा श्रीलंका ४३-३ को अवस्थामा थियो। त्यसपछि सदिरा समाराविक्रम र चथि आसालांकाबीच चौथो विकेटका लागि ७८ रनको महत्वपूर्ण साझेदारी भयो। श्रीलंकाको जित आधार यही साझेदारी भयो।

दुवै ब्याट्सम्यानले ९.२ देखि २९.१ ओभरसम्म श्रीलंकाली ब्याटिङ इनिङ्स अगाडि बढाए। सदिरा र चरिथले आक्रामक ब्याटिङ गरेनन्। बंगलादेशी बलरको कमजोर बल फ्याँकेको अवस्थामा स्ट्रोक लगाए। सदिराले ७७ बलमा ५४ रनको अर्धशतकीय इनिङ्स खेले। उनले आफ्नो इनिङ्समा ६ चौका प्रहार गरे। उनलाई महेदी हसनले विकेटपछाडि मुस्फिकर रहिमबाट क्याचआउट गराए।

सदिराले कप्तान दुसान संनकासँग छैटौं विकेटका लागि अविजित ४४ रनको साझेदारी गरे। दुसानले २१ बलमा एक चौकाको सहयोगमा १४ रन बनाए। श्रीलंकाको जितमा महत्वपूर्ण योगदान दिएका सदिराले ९२ बल खेल्दै ६२ रन जोडे। उनले पाँच चौका र एक छक्का प्रहार गरे। श्रीलंकाको ब्याटिङमा एक मात्र छक्का उनले नै प्रहार गरेका थिए।

सकिबले लिए दुई विकेट

बंगलादेशका कप्तान सकिब अल हसनले श्रीलंकाली ब्याट्सम्यानलाई रोक्ने काम गरे। उनले आफ्नो १० ओभरको स्पेलमा कसिलो बलिङ गर्दै केवल २९ रन खर्चदै दुई विकेट लिए। यसक्रममा उनले दुई मेडन ओभर फ्याँके। सकिबले धनञ्जय डी सिल्भा र कुशलको विकेट लिए। यसैगरी, तक्सिन अहमेदले सात ओभरमा एक मेडन राखी एक विकेट हात पारे। इस्लामले २३ रन खर्चदै एक विकेट लिए। महेदीले १० ओभरमा ३५ रन खर्चदै एक विकेट हात पारे। बंगलादेशका लागि हसन मिर्जाले मात्र विकेट लिन सकेनन्। बंगलादेशी बलरले १३ अतिरिक्त रन दिएका थिए।

पथिरानाको घातक बलिङ

पहिलो ब्याटिङ गरेको बंगलादेशले श्रीलंकाली बलर मथिस पथिरानाको घातक बलिङ सामना गर्न सकेनन्। उनले केवल ७.४ ओभरमा ३२ रन खर्चदै चार विकेट हात पारे। उनले आफ्नो स्पेलमा २६ डट बल फ्याँकेका थिए। बंगलादेशी ब्याट्सम्यानले पथिरानाविरुद्ध दुई चौका प्रहार गरे। यसैगरी, महिश थिसनाले आठ ओभरमा १९ रन दिँदै दुई विकेट लिए। उनी आइसिसीको एसिया कपमा प्रभाव पार्न सक्ने खेलाडीको सूचीमा परेका थिए। श्रीलंकाका लागि वालागाने र दुसानले समान एक विकेट लिएका थिए।

नजमुलको सर्वाधिक ८९ रन

कमजोर ब्याटिङ प्रदर्शन गरेको बंगलादेशका लागि तेस्रो क्रमका ब्याट्सम्यान नजमुल होसेनले सर्वाधिक ८९ रनको योगदान दिएका थिए। उनले एक सय २२ बल सामना गरेका थिए। यसक्रममा उनले सात चौका प्रहार गरे। इनिङ्सको ४१.२ ओभरमा उनी आउट भए। उनी आउट हुँदा बंगलादेश १६२-८ को अवस्थामा थियो। बंगलादेशले अन्तिम चार विकेट दुई रनभित्र गुमाएको थियो। बंगलादेशका नजमुलबाहेक अन्य कुनै पनि ब्याट्सम्यानले गतिलो रन बनाएनन्।

■ नेपाली क्रिकेट टोली श्रीलंकामा



नेपाली राष्ट्रिय क्रिकेट टोली एसिया कप क्रिकेटअन्तर्गत भारतविरुद्ध प्रतिस्पर्धा गर्न बिहीबार बिहान श्रीलंका पुगेको छ। नेपालले ४ सेप्टेम्बरमा सर्वाधिक विजेता भारतसँग खेल्दै छ। प्रतियोगिताको उद्घाटन खेलमा नेपाल आयोजक पाकिस्तानसँग दुई सय ३८ रनले पराजित भएको थियो।

■ महिला टी-२० विश्वकप छनोट

मलेसियामाथि नेपालको रोमाञ्चक पाँच रनको जित

नयाँ पत्रिका

नेपाली सिनियर महिला क्रिकेट टोलीले बिहीबार आइसिसी महिला टी-२० विश्वकप छनोट प्रतियोगितामा मलेसियामाथि पाँच रनको रोमाञ्चक जित निकालेको छ। मलेसियामा सुरु भएको छनोट प्रतियोगितामा नेपालले पहिलो ब्याटिङ गरी २० ओभरमा ६ विकेट गुमाएर ८४ रनको झिनो योगफल बनाएको थियो। प्रत्युत्तरमा मलेसियाले निर्धारित ओभरमा नौ विकेटको क्षतिमा ७९ रन जोड्यो। नेपाललाई महत्वपूर्ण दुई अंक दिलाउने क्रममा कविता कुँवर र कविता जोशीले समान दुई विकेट लिएका थिए।

कुँवरले चार ओभरमा १० रन खर्चदै दुई विकेट हात पारिन्। जोशीले पाँच रन खर्चदै मलेसियाका दुई खेलाडीलाई आउट पारिन्। कप्तान रुविना क्षेत्रीले १४ रन र अस्मिना कर्माचार्यले १४ रन खर्चदै समान एक विकेट लिए।



इनिङ्सको सुरुवाती तीन बलमा तीन विकेट

मलेसियाविरुद्ध नेपालले पहिलो ब्याटिङ गरेको थियो। नेपालको ब्याटिङ सन्तोषजनक भएन। नेपालका तीनजना खेलाडी शून्य रनमा आउट भएका थिए। ओपनर काजल श्रेष्ठ, सम्झना खड्का र इन्दु बर्मा शून्य रनमै पेभेलियन फर्के। संयोग यी तीनजना ब्याट्सम्यानले केवल एक बल मात्र सामना गरेका थिए। मलेसियाले इनिङ्सका सुरुवाती तीन बलमा नेपालका तीन मुख्य खेलाडीलाई आउट पारेको थियो। नेपालले शीर्ष तीनजना ब्याट्सम्यान गुमाउँदा स्कोर बोर्डमा एक रन पनि बनाएको थिएन।

निकै खराब सुरुवात गरेको नेपालका लागि सीता रानामगरले धैर्यपूर्वक ब्याटिङ गरेकी थिइन्। उनले कप्तान रुविना र अप्सरी बेगमसँग गतिलो साझेदारी गर्दै नेपालको स्कोर बोर्ड अगाडि बढाइन्। उनले ५४ बलमा एक चौकाको सहयोगमा सर्वाधिक ३८ रनको नटआउट योगदान दिइन्। रुविनाले १३ बलमा दुई चौकाको मद्दतमा १२ रन बनाइन्। बेगमले ३८ बल खेली एक चौकाको मद्दतमा १७ रन जोडिन्। नेपालले स्कोर बोर्डमा १४ रन जोड्दा चार विकेट गुमायो।

कसिलो बलिङ

८५ रनको लक्ष्य रक्षा गर्ने क्रममा नेपालले उत्कृष्ट बलिङ गरेको थियो। नेपालका सबै बलरले नियमितजसो विकेट लिँदा मलेसिया दबाबमा आएको थियो। मलेसियाको ब्याटिङमा अनिना हसिमले २२ बलमा १४ रन बनाइन्। विन्फिडले सर्वाधिक २८ रन जोडिन्। उनले ३९ बलमा एक चौका प्रहार गरेकी थिइन्। मास इयासले १४ बलमा १० रन तथा महिराजले १६ बलमा ९ रन बनाए। मलेसियाले २.२ ओभरमा पहिलो विकेट गुमाएको थियो। मलेसियाले १० ओभरको समाप्तिमा तीन विकेट गुमाएर ४५ रन जोड्यो।

खेल संक्षेप

नेपालले २६औँ एसियाली टेबलटेनिसमा भाग लिने

काठमाडौं/ नेपाली टेबलटेनिस टोली २६औँ एसियाली टेबलटेनिस च्याम्पियनसिपमा सहभागी हुन शुक्रबार दक्षिण कोरिया प्रस्थान गर्दै छ। १७ देखि २४ भदौसम्म हुने प्रतियोगितामा नेपालबाट तीन पुरुष र दुई महिला खेलाडी सहभागी हुँदै छन्। पुरुषमा संयोग कपाली, रुविन महर्जन र विलोश श्रेष्ठ तथा महिलामा सिक्का सुवाल श्रेष्ठ र इभाना थापा रहेका छन्। नेपालले सात स्पर्धामा प्रतिस्पर्धा गर्नेछ। दक्षिण कोरियामा सभागी हुने पाँचै खेलाडी १९औँ एसियाली खेलकुदका लागि छनोट भएका हुन्। एसियाली खेलकुदका लागि छनोट भएकी नेपाल नम्बर एक नविता श्रेष्ठ टोलीमा समावेश छैनन्।

केएमसी बास्केटबल आजदेखि

काठमाडौं/ केएमसी स्कुलको आयोजनामा तेस्रो केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ। प्रतियोगितामा चार विधामा ३८ टोलीको सहभागिता रहने केएमसीका निर्देशक डा. मनोजकुमार थापाले बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराएका छन्। सिनियर पुरुषमा १६ टोली रहने उनले बताए। जुनियर पुरुष र सिनियर महिलामा समान आठ टोलीले प्रतिस्पर्धा गर्नेछन्। सिनियर पुरुषमा सहभागीलाई चार समूहमा विभाजन गरिएको छ। जुनियर पुरुष र महिलालाई दुई समूहमा विभाजन गरिएको थापाले बताए श्री अन श्री स्वरूपमा हुने शिक्षकको प्रतिस्पर्धामा ६ टोली छन्।

विराटनगरमा बास्केटबल हुँदै

विराटनगर/ चौथो विद्यालयस्तरीय बास्केटबल प्रतियोगिता शुक्रबारदेखि सुरु हुँदै छ। विराटनगर बास्केटबल एकेडेमीले आयोजना गर्न लागेको प्रतियोगिता विद्यालयमा अध्ययनरत विद्यार्थीलाई खेलकुदप्रति आकर्षित गराउन आयोजना गरिएको संयोजक त्रिलोक बाँस्तोलाले जानकारी दिए। 'खेलकुदले एउटा खेलाडी उत्पादन मात्रै गर्ने नभई एउटा सभ्य समाज निर्माणमा ठूलो टेवा पुग्छ,' बाँस्तोलाले भने, 'सानैदेखि खेलकुदप्रति आकर्षित गर्न सके युवापुस्तालाई लागुऔषध दुर्व्यसनी हुनबाट जोगाउन सकिन्छ।' २९ भदौसम्म हुने प्रतियोगितामा विराटनगरका सामुदायिक विद्यालयले सहभागिता जनाएका छन्। सगरमाथा, बिकेभिएम, डिपिएस, डनबोस्को, एभरेस्ट, अरनिको, पोखरिया, सेन्ट जोसेफ स्कुलको सहभागिता रहेको छ। होम एन्ड अवेका आधारमा हुने प्रतियोगिता दुई समूहमा विभाजन भएको छ। गत वर्ष बिकेभिएम स्कुलले उपाधि जितेको थियो।

राज र आशिक अफ रोड रेसिङमा

काठमाडौं/ थाइल्यान्डमा हुने एसिया कप अफ रोड रेसिङमा नेपालबाट राजकुमार कार्की र आशिक लामाले प्रतिस्पर्धा गर्ने भएका छन्। एसियाली मोटरसाइकल फेडेरेसनको आयोजनामा शुक्रबारदेखि हुने प्रतियोगितामा नेपालबाट दुई राइडरले प्रतिस्पर्धा गर्ने भएका हुन्। थाइल्यान्ड सर्किट (नाखोन्चाइसी) ट्र्याकमा हुने दुई सय सिसीका मोटरसाइकलको रेसमा एसिया महादेशका आठ देशका राइडर्सले प्रतिस्पर्धा गर्नेछन्। १५ वर्षअघि नेपालमा संस्थागत रूपमा सुरुआत भएको मोटरस्पोर्टस् पछिल्लो समय नेपालमा लोकप्रिय बन्दै आएको छ।

महिला भलिबलमा विश्व कीर्तिमानी दर्शक

न्युयोर्क/ फुटबल र क्रिकेटमा दर्शकको क्रेज धेरै छ। खेल जगत्मा राम्रा टोलीबीचको प्रतिस्पर्धा हेर्न रंगशालामा दर्शक खचाखच हुन्छन्। फिफाले आयोजना गर्ने विश्वकप र आइसिसी विश्वकपमा चिरपरिचित प्रतिद्वन्द्वीबीचको खेल हेर्न हजारौं दर्शक आउने गर्छन्। तर, बिहीबार अमेरिकामा आयोजना भएको एक भलिबल प्रतियोगितामा दर्शकको उपस्थितिले फुटबल र क्रिकेटलाई समेत पाखा लगाएको छ।

अमेरिकाको सिकागोमा भएको नेब्रास्का भलिबलमा दर्शकको उपस्थितिले विश्व कीर्तिमान नै बनायो। यसमा ९२ हजार तीन जना दर्शक उपस्थित भएको बिबिसीले जनाएको छ। विश्व खेलकुदमा कुनै पनि महिला खेलमा यति धेरै दर्शक उपस्थित भएको यो पहिलोपटक हो। नेब्रास्का र ओमाहाबीचको खेल स्थानीय विद्यालयको फुटबल मैदानमा खेलाइएको थियो। यसअघि महिला खेलकुदमा गत वर्ष बार्सिलोना र रियल म्याड्रिडबीचको फुटबल खेलले कीर्तिमान बनाएको थियो।

च्याम्पियन्स लिगअन्तर्गतको खेलमा ९१ हजार ६ सय ४८ दर्शक उपस्थित भएका थिए। यसअघि सन् १९९९ मा भएको फिफा महिला विश्वकपमा आयोजक अमेरिका र चीनबीचको खेल हेर्न ९० हजार एक सय ८५ दर्शक उपस्थित भएका थिए। एनसिएए भलिबलमा अहिलेसम्म सर्वाधिक दर्शक उपस्थिति भएको संख्या नै १८ हजार सात सय ५५ हो। सन् २०२१ को १८ डिसेम्बरमा नेब्रास्कालाई समर्थन गर्न ती दर्शकको ओइरो लागेको थियो।

औसत २० हजार दर्शक

सामान्यतः अमेरिकामा भलिबल आयोजना हुँदा औसत २० हजार दर्शक आउने गर्थे। नेब्रास्का र ओमाहाबीचको रोमाञ्चक भलिबल खेलका लागि महिनौंदेखि प्रचार गरिएको थियो। अमेरिकाका प्रत्येक राज्यमा प्रचार भएपछि विश्व कीर्तिमान बनेको आयोजकले जनाएको छ। नेब्रास्काकी लिबेरो एन्डी ज्याकसनले अविश्वसनीय दर्शक उपस्थित भएको बताइन्। 'यो एक किसिमको रेकर्ड हो, हामी भलिबललाई यति माया गर्छौं भन्ने विश्वास नै लागेको थिएन,' उनले भनिन्, 'म एकदमै उत्साहित भएँ।'

नेब्रास्काका प्रशिक्षक जोन कुकले हजारौं दर्शकमाझ जित निकाल्दा थप खुसी लागेको बताए। 'हामी हजारौं दर्शकमाझ उपाधि जित्न चाहन्थ्यौं, त्यो पूरा भएको छ,' उनले भने। बिहीबारको प्रतिस्पर्धामा नेब्रास्काले ३-० को सहज जित निकालेको थियो।

बागमती प्रदेशमा पारसलाई सर्वसम्मत गराउने प्रयास

नयाँ पत्रिका

बागमती प्रदेश क्रिकेट संघको अध्यक्षमा पूर्वकप्तान पारस खड्कालाई सर्वसम्मतको प्रयास भइरहेको छ। ललितपुरमा शुक्रबार निर्वाचन हुँदै छ। काठमाडौं जिल्ला क्रिकेट संघका सदस्यमा निर्वाचित भएपछि पारसले अध्यक्षमा दाबेदारी दिन लागेका हुन्। बागमती प्रदेशको अध्यक्षमा चितवन जिल्ला क्रिकेट संघका अध्यक्ष सुदीप पियाले पारसलाई चुनौती दिनेछन्। बिहीबारसम्म सहमतिमा अध्यक्ष बनाउन प्रयास भएको छ। यद्यपि, काठमाडौं र चितवनका पदाधिकारीले आ-आफ्ना उम्मेदवारलाई अध्यक्ष बनाउने रणनीति बनाइरहेका छन्।

'हाम्रो चाहना सहमतिका आधारमा अध्यक्ष बनाउने हो,' काठमाडौंका अध्यक्ष दिवाकर घलेले नयाँ पत्रिकालाई भने, 'शुक्रबारसम्म एकपटक सर्वसम्मत गर्न प्रयास गर्छौं।' नेपाल क्रिकेट संघ (क्यान)को केन्द्रीय चुनाव असोज पहिलो साता हुँदै छ। केन्द्रीय निर्वाचनअघि ४५ जिल्ला र ६ प्रदेशको चुनाव पनि सम्पन्न भएका छन्।

क्यानभित्र प्रवेश गर्न नै पारसले दुई वर्षअघि राष्ट्रिय क्रिकेट टोलीबाट सन्यास लिएका थिए। गत साता उनले प्रदेश अध्यक्षमा उठ्ने घोषणा गरी बहुमतका आधारमा विजयी हुने दाबी गरेका थिए।



बागमती प्रदेश क्रिकेट संघको आज हुने निर्वाचनमा पूर्वकप्तान पारस खड्कालाई चितवनका सुदीप पियाले अध्यक्षमा चुनौती दिँदै

उनले चितवन र नुवाकोटबाट साथ नपाउने बताइसकेका छन्। नुवाकोटका अध्यक्ष दुर्गाराज पाठकले सर्वसम्मति हुनुपर्ने धारणा राखेका छन्। 'हामी सहमतिको प्रयास गर्छौं, उहाँहरू सहमतिको पक्षमा देखिएका छैनन्,' पाठकले भने, 'हामीले पारसलाई अस्वीकार गरेका छैनौं, निर्वाचन खुला छ, सबैलाई सम्मान गरी समेटेर अगाडि जाँदा सहमति हुन्छ।' पाठकले सहमति नभएमा प्यानलसहित चुनावमा होमिने बताए। 'चुनाव लड्यौं भने हामी प्यानलसहित उठ्छौं र जित्छौं पनि,' उनले भने।

बागमती प्रदेशका ६ मध्ये चार जिल्ला काठमाडौं, ललितपुर, भक्तपुर र मकवानपुरले पारसलाई अध्यक्षमा उठाउने प्रतिबद्धता गरेका छन्। भक्तपुरका मनीषराज पाण्डे, मकवानपुरका करन महत क्षेत्री र ललितपुरका शेखर श्रेष्ठले पारसलाई अध्यक्षमा उठाउने निर्णय गरिसकेका छन्। बागमतीमा कुल ३७ मतदाता छन्।



इजरायलीसँग हात मिलाएका इरानी खेलाडीलाई आजीवन प्रतिबन्ध

विश्व मास्टर्स च्याम्पियनसिपमा रजत विजेता इरानका मुस्ताफा कांस्य पदकधारी इजरायलका म्याक्सिससँग फोटो खिचाएको र हात मिलाएकै कारण कारबाहीमा

तेहरान/ खेलकुदको सुन्दरता नै खेलपछि पक्ष र विपक्षी खेलाडी हात मिलाएर अनुभव साट्ने हो। खेल अवधिसम्म मात्र एक-आपसका प्रतिस्पर्धी हुन्छन्। खेलपछि खेलाडीहरू भाइचाराको सम्बन्धका साथ अगाडि बढ्छन्। विश्वभरि हुने खेलकुदको नियम यही नै हो। तर, यही भाइचार देखाउने क्रममा इरानी भारोत्तोलन संघले आफ्ना खेलाडीलाई आजीवन प्रतिबन्ध लगाएको छ। विश्व मास्टर्स च्याम्पियनसिपमा इरानका खेलाडी मुस्तफा राजाईले इजरायलका म्याक्सिससँग हात मिलाएको फोटो सार्वजनिक गर्दा इरान भारोत्तोलन संघले प्रतिबन्ध नै लगाएको छ।

प्रतियोगितामा मुस्तफाले रजत तथा म्याक्सिसले काँस्य जितेका थिए। पदक वितरण समारोहमा उनीहरू सँगै थिए। यो समारोहपछि दुवैले आ-आफ्नो राष्ट्रिय झन्डाका साथ फोटो खिचाए। फोटो खिचाउने क्रममै उनीहरूले हात मिलाए। इरानी खेलाडी मुस्तफाले म्याक्सिससँग हात मिलाएका थिए, जुन इरानको भारोत्तोलन संघले सहजतापूर्वक लिएन। अनुसन्धान नगरी र खेलाडीसँग स्पष्टीकरण नलिई संघले कारबाही प्रक्रिया अघि बढाएको बिबिसीले जनाएको छ।

'राष्ट्रको नियमविपरीत कार्य गरेका खेलाडीलाई कारबाहीस्वरूप आजीवन प्रतिबन्ध लगाएको छ,' संघका हमिद सलेहिनियाले भने, 'हाम्रा दुस्मन राष्ट्रका खेलाडीसँग हात मिलाएको देखियो, इरानले इजरायलका खेलाडीसँग नखेल्ने नीति बनाएको छ।' इजरायल र इरानबीच आन्तरिक विवाद छ। यी देशका सरकारबीच सम्बन्ध राम्रो छैन। इरानी सरकारले स्पष्ट रूपमा विश्वमा कुनै पनि खेलकुद प्रतियोगिता आयोजना हुँदा इजरायलका खेलाडीविरुद्ध प्रतिस्पर्धा गर्न निर्देशन दिएको छ।

दुई वर्षअघि टोकियो ओलम्पिक खेलकुदमा समेत यस्तै घटना दोहोरिएको थियो। त्यसबेला इरानका खेलाडीले इजरायलसँग प्रतिस्पर्धा नै गरेनन्। इरानका राष्ट्रियस्तरका खेलाडीले विश्व खेलकुदमा प्रतिस्पर्धा गर्न गोप्य रूपमा भाग लिने गरेका छन्। यद्यपि, सरकार वा सम्बन्धित खेलका संघसँग अनुमति नलिई उनीहरूले सीधै प्रतियोगितामा भाग लिने गरेका छन्। मुस्तफाले पोल्यान्डमा आयोजना भएको विश्व मास्टर्स प्रतियोगितामा यस्तै प्रक्रियाबाट भाग लिएका हुन्। यद्यपि, यो प्रतियोगिता गैरव्यावसायिक थियो।

यस्तो किसिमको प्रतियोगितामा राष्ट्रिय टोलीका खेलाडी हुँदैनन्। खेलजीवनबाट सन्न्यास लिइसकेका खेलाडीले मात्र भाग लिने गर्छन्। मुस्तफा इरानका भारोत्तोलनका राम्रा खेलाडी थिए।

इरानी खेलाडीलाई डर

इजरायलसँग खेलेकै कारण इरानी खेलाडी प्रतिबन्ध परेको यो पहिलो घटना होइन। इजरायली खेलाडी विपक्षमा रहँदा इरानी खेलाडीले खेल नै परित्याग गरेको यस्ता घटना धेरै छन्। सन् २०१९ को विश्व च्याम्पियनसिपमा इरानका फरोउजाले इजरायलका खेलाडी विपक्षमा पाउँदा खेल नै परित्याग गरेका थिए। त्यसपछि फरोउजाले खेलकुदमा भविष्य बनाउन इरान नै छाडे। सन् २०१९ मा जुडोका खेलाडी मोलाइले एक प्रतियोगिता बहिष्कार नै गरे। उनको खेल पनि इजरायलसँगै थियो। २०२० मा उनले मंगोलियाको नागरिकता लिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com